सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२० वैशाख २०८३, आइतबार (3 May 2026, Sunday) ■ नेपाल संवत् ११४६ ■ वर्ष २० ■ अंक २० ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

■ राष्ट्रपतिले जारी गरे थप तीन अध्यादेश

राजनीतिक नियुक्ति पाएका १,५९४ पदाधिकारी पदमुक्त हुने



काठमाडौं/ राष्ट्रपति रामचन्द्र पौडेलले थप तीनवटा अध्यादेश जारी गरेका छन्। पौडेलले शनिबार स्वास्थ्य विज्ञान प्रतिष्ठानसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, सार्वजनिक पदाधिकारीको पदमुक्तिसम्बन्धी विशेष व्यवस्था अध्यादेश र विश्वविद्यालयसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश जारी गरेका हुन्। सार्वजनिक पदाधिकारीको पदमुक्तसम्बन्धी विशेष व्यवस्था अध्यादेश जारी भएपछि विभिन्न ऐन र संरचनाअन्तर्गत राजनीतिक नियुक्ति पाएका कुल एक हजार पाँच सय ९४ जना पदाधिकारी पदमुक्त हुने भएका छन्।

(समाचार पृष्ठ २)

सामान्य वर्षाले समेत बगायो कमला नदीको अस्थायी डाइभर्सन



सामान ओसारपसार गर्न र मानिस हिँड्न बनाइएको डाइभर्सन बगाएपछि हुलाकी सडकमा आवतजावत ठप्प

(विस्तृत पृष्ठ ३)

ओपेकबाट युएईको बहिर्गमनले तेलको मूल्यमा आउन सक्छ गिरावट



ओपेकबाट बाहिरिएपछि सदस्यलाई तोक्ने उत्पादन कोटाबाट आफू मुक्त हुने र चाहेजति कच्चा तेल निकाल्ने युएईको मनसाय हुन सक्छ

(विस्तृत पृष्ठ ५)



■ अवैध सम्पत्ति थुपार्नेमाथि सरकारको निर्णायक प्रहार

पूर्वराजा, राष्ट्रपति, प्रधानमन्त्री, मन्त्रीदेखि बिचौलियासम्मको सम्पत्ति छानबिन सुरु

स्वदेशमा थुपारिएको मात्रै होइन, विदेशमा लुकाइएको धनदौलतसमेत सम्पत्ति छानबिन आयोगको दायरामा



फाइल तस्बिर

आयोगले कार्य प्रारम्भ गरिसकेको छ



● **गोविन्दबहादुर कार्की**
सचिव, प्रधानमन्त्री कार्यालय

आयोग गठन भएर कार्यक्षेत्र पनि तोकिसकेको छ। केशरमहलमा कार्यालय पनि स्थापना भएको छ। कर्मचारी व्यवस्थापनको काम हुँदै छ। आफ्नो म्यान्डेटबमोजिम आयोगले कार्य प्रारम्भ गरिसकेको छ।

सुवास भट्ट/नयाँ पत्रिका

राज्यसत्ताको शिखरदेखि प्रशासन संयन्त्रको तल्लो तहसम्म फैलिएको अवैध सम्पत्ति कठोर छानबिनको घेरामा परेको छ। राजनीतिक, प्रशासनिक, सुरक्षा र कूटनीतिक संरचनाका हजारौं पदाधिकारी एकैचोटि निगरानीमा तानिएका छन्, जसमा पूर्वराजा, राष्ट्रपति र प्रधानमन्त्रीदेखि बिचौलियासम्म पनि आउनेछन्। तर, व्यक्तिगत तथा सार्वजनिक मर्यादामा खलल नपुग्ने गरी गोप्य रूपमा छानबिन र अनुसन्धान हुनेछ।

स्वदेश मात्रै होइन, विदेशमा लुकाइएका शंकास्पद सम्पत्तिसमेत खोजीको दायरामा पर्नेछ। सरकारी तथा सार्वजनिक पदमा बहाल हजारौं पदाधिकारी र कर्मचारीको अस्वाभाविक आर्थिक हैसियत, कर-राजस्व, भूमि र यातायातजस्ता क्षेत्रका निर्णयकर्तामाथि विशेष नजर केन्द्रित हुनेछ।

» पृष्ठ २ मा क्रमशः

■ यीउपर हुनेछ छानबिन

- पूर्वराजा, प्रधानमन्त्री, उपप्रधानमन्त्री, मन्त्री, राज्यमन्त्री, सहायक मन्त्री र सांसदहरू
- ०४७ यताका संवैधानिक निकायका पूर्वप्रमुख र पदाधिकारी
- पूर्वन्यायाधीशहरू
- नेपाली सेनाबाट अवकाश भएका सहसचिवसरह र उपल्ला अधिकृतहरू
- प्रदेश प्रमुख, मुख्यमन्त्री, मन्त्री, राज्यमन्त्री, सहायक मन्त्री, सांसद र पदाधिकारीहरू
- महान्यायाधिवक्ता र मुख्य न्यायाधिवक्ताहरू
- साबिकको जिविस तथा हालको जिससका पदाधिकारी, स्थानीय तहका प्रमुख, उपप्रमुखहरू
- नेपाली राजदूतावास, कूटनीतिक नियोगका प्रमुख र कर्मचारीहरू
- सहसचिव वा सरह र उपल्ला पदका निजामती कर्मचारी, संसद् सेवा, स्वास्थ्य सेवा, राष्ट्रिय मानव अधिकार सेवा, प्रहरी, सशस्त्र र राष्ट्रिय अनुसन्धानका कर्मचारी
- कार्यालय प्रमुख भएका निजामती, संसद्, स्वास्थ्य र राष्ट्रिय मानव अधिकार सेवासहित प्रहरी, सशस्त्र, राष्ट्रिय अनुसन्धान विभागका उपसचिव वा सरहका कर्मचारीहरू
- राष्ट्र बैंकका गभर्नर, सञ्चालक समितिका पदाधिकारी, डेपुटी गभर्नर, कार्यकारी निर्देशक र सहसचिव वा सोभन्दा माथिल्ला कर्मचारी
- सरकारी बैंक तथा वित्तीय संस्था, आयोग, प्रतिष्ठान, प्राधिकरण, बोर्ड, समिति, केन्द्र आदिका अध्यक्ष, सञ्चालक, कार्यकारी निर्देशक, महाप्रबन्धक, प्रबन्ध निर्देशक, प्रमुख कार्यकारी अधिकृत तथा सहसचिव वा सरह र माथिल्ला कर्मचारी
- नेपाल सरकारबाट अनुदान पाउने विश्वविद्यालय, प्रतिष्ठानका पदाधिकारी र सहसचिव वा सोभन्दा माथिल्लो स्तरका कर्मचारी
- राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, प्रधानन्यायाधीश, सभामुख, राष्ट्रिय सभाका अध्यक्ष, प्रदेश सरकारका मुख्यमन्त्री, संघ र प्रदेशका मन्त्री तथा राज्यमन्त्रीसहित संवैधानिक निकायका प्रमुख तथा पदाधिकारीका सल्लाहकार, स्वकीय र निजी सचिव
- आफू, परिवार, आफन्त वा नातेदारको सम्बन्धमा नपर्ने व्यक्ति, स्वदेश र विदेशमा लुकाएका वा पठाएका गैरकानुनी सम्पत्तिमा समेत छानबिन
- अस्वाभाविक आर्थिक हैसियत देखिएका, बिचौलिया र यातायात, कर तथा राजस्व र भूमि प्रशासनलगायत भ्रष्टाचारका दृष्टिले कार्यालयमा काम गरेका कर्मचारी
- भ्रष्टाचारबाट तथा गैरकानुनी रूपमा सम्पत्ति आर्जन गर्न सक्ने ढढी सम्भावना भएका व्यक्तिहरू पहिचान गरी छानबिनको दायरा निर्धारण गर्ने

■ सार्वजनिक सूचना जारी हुने, जुनसुकै माध्यमबाट उजुरी लिन सक्ने

सम्पत्ति छानबिन आयोगले जुनसुकै माध्यमबाट उजुरी लिन सक्ने प्रकाशित राजपत्रमा उल्लेख छ। 'आयोगले लिखित, मौखिक, विद्युतीय माध्यम, सामाजिक सञ्जाल वा अन्य जुनसुकै माध्यमबाट समेत उजुरी लिन सक्नेछ,' प्रकाशित राजपत्रमा छ।

आयोगले आफ्नो कार्यक्षेत्रभित्र पर्ने व्यक्तिको सम्पत्ति छानबिनका क्रममा त्यस्ता व्यक्तिले गैरकानुनी रूपले आर्जन गरेको सम्पत्तिसम्बन्धी कुनै सूचना, जानकारी वा प्रमाण भए उपलब्ध गराउन ३० दिनको अवधि दिई सार्वजनिक सूचना जारी गर्न सक्नेछ। सूचना दिने व्यक्तिले आफ्नो सम्पर्क तथा जानकारी खुलाउनुपर्नेछ। तर, यसरी सूचना दिने व्यक्तिको पहिचान गोप्य राखिने प्रकाशित राजपत्रमा उल्लेख छ।

विदेशमा लुकाएको शंकास्पद सम्पत्तिको छानबिन गर्दा प्रचलित कानुनको अधीनमा रही विदेशस्थित नेपाली कूटनीतिक नियोग, इन्टरपोल तथा अन्य अनुसन्धानकारी निकायसँग सम्पर्क र समन्वय गर्न सक्नेछ।

■ आयोगले सिफारिस गर्दै जाने, सरकारले कारबाही प्रक्रियामा लानुपर्ने

आयोगले कुनै पदाधिकारी वा कर्मचारीको हकमा छानबिन पूरा गरेपछि सरकारसमक्ष क्रमशः सिफारिस गर्दै जानेछ। त्यस्तो प्रतिवेदनको सरकारले ४५ दिनभित्र आवश्यक कारबाहीको प्रक्रिया अघि बढाउनुपर्नेछ। छानबिनको काम सम्पन्न भएपछि आयोगले आफ्नो रायसहितको प्रतिवेदन मुख्यसचिवमार्फत सरकारसमक्ष पेस गर्नेछ।

घुसका मुद्दामा ७७ प्रतिशत ठहर

चालू आर्थिक वर्षमा विशेषको फैसलाअनुसार घुस-रिसवतसम्बन्धी २२ मध्ये पाँचमा सफाइ, १२ मा ठहर र पाँचमा आंशिक ठहर

शिल्पा कर्ण/नयाँ पत्रिका

गत वर्ष २५ जेठमा विशेष अदालतले घुस प्रकरणमा प्रहरी नायब निरीक्षक खिमबहादुर खड्कालाई तीन महिना कैद, ३० हजार रुपैयाँ जरिवाना र एक हजार दुई सय रुपैयाँ अपराधपीडित राहत कोषमा बुझाउने फैसला गऱ्यो। रुपन्देहीको मायादेवी गाउँपालिकास्थित नेपाल-भारत सीमामा खटिएका खड्काले सामान ल्याउन सहजीकरण गरिदिने भन्दै घुस मागेको पुष्टि भएको थियो। अख्तियारले उजुरीकर्तासँगको अडियो-भिडियो प्रमाण अदालतमा पेस गरेको थियो।

यसैगरी, जिल्ला प्रशासन कार्यालय महोत्तरीका नायब सुब्बा अशोककुमार यादवलाई एक महिना कैद, २० हजार रुपैयाँ जरिवाना र आठ सय रुपैयाँ पीडित राहत कोषमा बुझाउने फैसला भयो। सडक दुर्घटनापछि पीडक पक्षबाट तिर्नुपर्ने किरिया खर्च र क्षतिपूर्ति निकाल्नका लागि यादवले घुस मागेको प्रमाण भिडियोसहित बरामद भएको थियो। गत वर्ष २९ जेठमा भएको फैसलामा मुद्दाका अर्का प्रतिवादीले भने सफाइ पाएका थिए।

सर्वोच्च अदालतले 'आफैंले घुस दिएको रकमलाई प्रमाणका रूपमा पेस गर्न नमिल्ने' नजिर स्थापित गरेपछि



केही समय रंगेहात मुद्दामा सफाइको दर बढेको थियो। तर, पछिल्लो समय ठहर दर पुनः उकालो लागेको देखिन्छ। मुद्दा दायर संख्या घटे पनि विशेष अदालतको अभिलेखअनुसार आधाभन्दा बढी मुद्दामा दोषी ठहर भएका छन्।

चालू आर्थिक वर्षको १० वैशाखसम्म विशेषमा ९७ वटा मुद्दाको फर्स्योट भएकोमा ४३ वटामा सफाइको फैसला भएको छ भने चारवटा खारेज भएका छन्। यसैगरी ठहर मुद्दा २१ थान र आंशिक ठहर २९ थान रहेको विशेषको लगत छ। यसरी हेर्दा समग्रमा सफाइ प्रतिशत ४४ छ भने ठहर प्रतिशत ५१

» पृष्ठ २ मा क्रमशः

■ के थियो सर्वोच्चको फैसला ?

अख्तियारको नियम ३० अनुसार आयोगले आफ्ना कर्मचारी वा उजुरीकर्तामार्फत घुस रकम उपलब्ध गराउन सक्थ्यो र त्यसमा संलग्नलाई सजाय नहुने व्यवस्था थियो। तर, सर्वोच्च अदालतले यस्तो प्रावधान संविधान र स्वच्छ सुनुवाइको हकविपरीत भएको ठहर गर्दै खारेज गऱ्यो। ८ वैशाख ०७८ मा संवैधानिक इजलासले विष्णुप्रसाद घिमिरे निवेदक रहेको रिटमा फैसला गर्दै स्टिङ अप्रेसनको उक्त अभ्यासलाई असंवैधानिक ठहर गरेको थियो। त्यसपछि केही समय सफाइ दर उच्च देखिए पनि पुनः रंगेहातका मुद्दामा ठहर बढेको छ।

■ उपत्यकामा सुकुमवासी बस्ती हटाउने अभियान तीव्र

शनिबार एक हजार ७०२ घरमा चलाइयो डोजर



शनिबार बालाजु माछापोखरी क्षेत्रका अतिक्रमित संरचना भत्काउँदै महानगरको डोजर। तस्बिर : संजित परियार

■ बस्ती हटेपछि बिचल्ली: वर्षा, आँसु र बेघरको पीडा

टेकराज थामी/नयाँ पत्रिका

काठमाडौं उपत्यकामा सुकुमवासी बस्ती हटाउने अभियानअन्तर्गत शनिबार नदीकिनारका एक हजार ७०२ घरधुरी हटाइएको छ। बागमती, विष्णुमती र धोबीखोलाकिनारमा रहेका बस्ती हटाइएको अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिले जनाएको छ।

आयोजना प्रमुख मचाकाजी महर्जनका अनुसार बागमती, विष्णुमती र धोबीखोलाकिनारका बस्तीमा बसोबास गरिरहेकामध्ये केही परिवार आफैं कोठा खोजेर अन्यत्र सरेका छन् भने बाँकी सम्पर्कमा आएका छन्। तीमध्ये केहीलाई अस्थायी रूपमा गेस्टहाउस र केहीलाई सार्वजनिक स्थलमा राखिएको छ।

धोबीखोलाकिनारका घरहरूमा डोजर चलाइएको छ भने अनामनगरस्थित भद्रकाली चोकआसपासका पक्की संरचना पूर्ण रूपमा भत्काइएको छ। घरधनीलाई हटाएर संरचनामा डोजर

» पृष्ठ २ मा क्रमशः

NIMB
नेपाल उन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

सुकुमवासी बस्ती हटाउने कार्य संविधानविपरीत : नागरिक अगुवा

सरकारले प्रहरी प्रशासन परिचालन गरी गत १२ वैशाखदेखि देशका विभिन्न स्थानमा रहेका सुकुमवासी बस्ती हटाउने कार्य गरेकोप्रति नागरिक अगुवाहरूले आपत्ति जनाउँदै यो कदम संविधानविपरीत रहेको बताएका छन्। शनिबार जारी गरिएको संयुक्त विज्ञप्तिमा उनीहरूले सुकुमवासी बस्ती हटाउने कार्यले नेपालको संविधानले प्रत्याभूत गरेका मौलिक हकहरूको उल्लंघन गरेको उल्लेख गरेका छन्। साथै, सुकुमवासी बस्ती हटाउने सम्बन्धमा सर्वोच्च अदालतले 'उचित व्यवस्थापन र वैकल्पिक व्यवस्था नगरी विस्थापन नगर्नू' भनी दिएको आदेशको समेत राज्यले अवज्ञा गरेको आरोप लगाएका छन्।

'वैशाख १२, २०८३ देखि गरिएको सुकुमवासी बस्ती हटाउने कार्यमा नेपालको संविधान २०७२ ले प्रदत्त गरेका मौलिक हकको ठाडो उल्लंघन भएकोमा हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ। 'उचित व्यवस्थापन र वैकल्पिक व्यवस्था नगरी विस्थापन नगर्नू' भन्ने सर्वोच्च अदालतका आदेशहरूको समेत राज्यले खुला अवज्ञा गरेको छ। सरकारको यो कार्य संवैधानिक, कानुन र विधिको बर्खिलाप त छ नै, त्यसले गम्भीर मानवीय, सामाजिक र आर्थिक संकट पनि निम्त्याएको छ,' विज्ञप्तिमार्फत उनीहरूले भनेका छन्।

खगेन्द्र संग्रौला, आन्विका गिरी, इन्द्र अधिकारी, जेबी विश्वकर्मा, डम्बर खतिवडा, डा. गणेश योञ्जनलगायत ५४ जना नागरिक अगुवाले हस्ताक्षर गरेको विज्ञप्तिमा सुकुमवासी हटाउने क्रममा नागरिकको मृत्यु हुनु राज्यको चरम असंवेदनशीलताको प्रमाण भएको उल्लेख गरिएको छ। 'एक नाबालक र एक ज्येष्ठ नागरिकको 'मृत्यु' हुनु केवल दुःखद घटना मात्र होइन, राज्यको चरम असंवेदनशीलता तथा मानव अधिकार उल्लंघनका स्पष्ट दसी हुन्। हटाउने क्रममा उनीहरूलाई त्यस सम्बन्धित प्रक्रियाको पूर्वसूचना नदिई, संवाद नगरी, उचित वैकल्पिक व्यवस्था नगरी नगर प्रहरी, नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेनाको समेत परिचालनमार्फत अमानवीय, क्रूर एवं आतंकपूर्ण तरिकाले उनीहरूलाई हटाइएको छ।'

साढे दुई दशकसम्म पनि बनेन मार्तडी-कोल्टी सडक

जिल्लाको पूर्वोत्तरी क्षेत्रका स्वामी कार्तिक, जगन्नाथ र हिमाली गाउँपालिका तथा बुढीनन्दा नगरपालिकाका बासिन्दाका लागि सदरमुकाम पुग्ने एक मात्र मुख्य मार्ग कालोपत्रे नहुँदा आवतजावतमा निरन्तर कठिनाइ। ठेकेदार कम्पनी बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँको बानियाँ-कुलेश्वर जेभी।

बाजुरामा **गगन अयडी**

बाजुराको पूर्वोत्तरी क्षेत्रलाई सदरमुकाम मार्तडीसँग जोड्ने मार्तडी-कोल्टी सडक शिलान्यास भएको २६ वर्ष बितिसक्दा पनि पूर्ण कालोपत्रे हुन नसक्दा यस क्षेत्रमा बासिन्दाले आवतजावतमा निरन्तर कठिनाइ भोग्दै आएका छन्। मार्तडी-कोल्टी सडक जिल्लाको पूर्वोत्तरी क्षेत्रका स्वामी कार्तिक, जगन्नाथ र हिमाली गाउँपालिका तथा बुढीनन्दा नगरपालिकाका बासिन्दाका लागि सदरमुकाम पुग्ने एक मात्र मुख्य मार्ग हो।

सदरमुकाम जोड्ने यो सडकको ट्याक खुलेको कच्ची सडकमा यातायातका साधन सञ्चालन हुने गरे पनि ती नियमित छैनन्। सडक खण्डमा पर्ने नदी तथा खोलाहरूमा पुल निर्माण नहुँदा बर्खायाममा यातायात सेवा पूर्ण रूपमा अवरुद्ध हुने गरेको छ।



कच्ची सडक, बर्खायाममा बारम्बार अवरुद्ध हुने अवस्था र नियमित सार्वजनिक यातायात नचल्ने समस्याका कारण लामो समयदेखि कठिनाइ भोग्दै आएको स्थानीयवासीले बताएका छन्। उनीहरूका अनुसार सडक अभाव र कमजोर अवस्थाका कारण यी क्षेत्रमा उत्पादन हुने स्याउ, आलुलगायत कृषि उत्पादन बजारसम्म पुऱ्याउनसमेत समस्या हुने गरेको छ।

जगन्नाथ- ६, काब्रीका ७५ वर्षीय कर्ण बुढाले वर्षौंदेखि सडक कालोपत्रे हुने आशा अधुरै रहेको बताए। निर्माण कार्य लामो समयदेखि अलपत्र परेको उनको भनाइ छ। ठेक्का लिएर समयमै काम सम्पन्न नगर्ने निर्माण कम्पनीलाई कारबाही गरी नयाँ ठेक्का प्रक्रियामार्फत काम अघि बढाउनुपर्ने उनको माग छ।

त्यस्तै, स्थानीय हिरालाल पाध्यायले सडकको खराब अवस्थाका कारण यात्रुवाहक सवारीसाधन नियमित सञ्चालन हुन नसक्दा ठुलो समस्या भइरहेको बताए। बर्खायाममा सडक पूर्ण रूपमा बन्द हुने र सञ्चालन हुँदा पनि जिप व्यवसायीले

» पृष्ठ २ मा क्रमशः

■ राष्ट्रपतिले जारी गरे थप तीन अध्यादेश

राजनीतिक नियुक्ति पाएका १,५९४ पदाधिकारी पदमुक्त हुने

नयाँ पत्रिका

राष्ट्रपति रामचन्द्र पौडेलले थप तीनवटा अध्यादेश जारी गरेका छन् । पौडेलले शनिबार स्वास्थ्य विज्ञान प्रतिष्ठानसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, सार्वजनिक पदाधिकारीको पदमुक्तिसम्बन्धी विशेष व्यवस्था अध्यादेश र विश्वविद्यालयसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश जारी गरेका हुन् । सरकारको सिफारिसमा राष्ट्रपति पौडेलले थप तीनवटा अध्यादेश जारी गरेको राष्ट्रपति कार्यालयका प्रवक्ता रितेशकुमार शाक्यले बताए । संविधानको धारा ११४ को उपधारा १ बमोजिम अध्यादेश जारी भएको राष्ट्रपति कार्यालयले जनाएको छ । राष्ट्रपति पौडेलले यसअघि सहकारी, सम्पत्ति शुद्धीकरण र सार्वजिनक खरिद प्रक्रियासम्बन्धी अध्यादेश पनि जारी गरेका थिए । सार्वजनिक पदाधिकारीको पदमुक्तसम्बन्धी विशेष व्यवस्था अध्यादेश जारी भएपछि विभिन्न ऐन र संरचनाअन्तर्गत राजनीतिक नियुक्ति पाएका कुल एक हजार पाँच सय ९४ जना पदाधिकारीहरू पदमुक्त हुने भएका छन् । सरकारले प्रशासनिक सुदृढीकरण र राज्यका निकायहरूलाई नयाँ गति दिन भन्दै अध्यादेश ल्याउने निर्णय गरेको थियो । मन्त्रिपरिषद्को निर्णयअनुसार सिफारिस अध्यादेश शनिबार राष्ट्रपतिले जारी गरेका हुन् ।

कहाँ कति पदमुक्त हुँदै छन् ?

सार्वजनिक पदाधिकारीको पदमुक्तसम्बन्धी विशेष व्यवस्था अध्यादेश जारी भएपछि विभिन्न ऐन र संरचनाअन्तर्गत राजनीतिक नियुक्ति पाएका कुल एक हजार ५९४ पदाधिकारी पदमुक्त हुने भएका छन् ।

नेपाल वायुसेवा निगमका अध्यक्ष, उपाध्यक्ष, सञ्चालक र महाप्रबन्धकसहित सातजना पदाधिकारी पदमुक्त हुने भएका छन् । राष्ट्रिय समाचार समितिमा दुईजना सञ्चालक र गोरखापत्रमा अध्यक्ष तथा सञ्चालक गरी तीनजनाको पद रिक्त हुने भएको छ । त्यस्तै, चलचित्र जाँच समितिका अध्यक्ष र सदस्य गरी तीन तथा सञ्चार संस्थान ऐन, २०२८ बमोजिम नियुक्त अध्यक्ष र सञ्चालक गरी दुईजना पदमुक्त हुने भएका छन् । त्यस्तै, प्रेस काउन्सिलमा अध्यक्ष र सदस्य गरी ६ जनाको पद रिक्त हुनेछ । दूरसञ्चार प्राधिकरणका अध्यक्ष र सदस्य गरी पाँचजना तथा नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ बमोजिमका चारजना सदस्य पदमुक्त हुने भएका छन् । सूचना प्रविधि न्यायाधिकरण र पुनरावेदन न्यायाधिकरणका ६ जना पदाधिकारी तथा राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त र सूचना आयुक्त गरी तीनजनाको पद रिक्त हुनेछ । त्यस्तै, विज्ञापन बोर्डमा अध्यक्ष र सदस्य गरी ६ जना, सुरक्षण मुद्रणमा तीनजना र सार्वजनिक सेवा प्रसारणमा अध्यक्ष र सदस्य गरी १५ जना पदाधिकारी पदमुक्त हुने भएका छन् ।

शिक्षा मन्त्रालयअन्तर्गतका विभिन्न समिति र शिक्षक सेवा आयोगका अध्यक्ष तथा सदस्य गरी २३ जना पदमुक्त हुने भएका छन् । नेपाल संस्कृत विश्वविद्यालयका उपकुलपति र सेवा आयोगका पदाधिकारीसहित २८ जना तथा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्मा १७ जना पदाधिकारीको पद रिक्त हुने भएको छ । राष्ट्रिय युवा परिषद्मा ३४ जना पदाधिकारी पदमुक्त हुने भएका छन् ।

यसैगरी काठमाडौं विश्वविद्यालयमा उपकुलपति र कुलसचिवलगायत २५ जना तथा त्रिभुवन विश्वविद्यालयमा उपकुलपति र सेवा आयोगका पदाधिकारीसहित ८४ जना पदाधिकारी पदमुक्त हुने भएका छन् । विश्वविद्यालय अनुदान आयोगमा अध्यक्ष र सदस्य गरी आठजना तथा पूर्वाञ्चल विश्वविद्यालयमा उपकुलपति र कुलसचिवलगायत ६९ जना पदाधिकारीको पद जाने भएको छ ।

पोखरा विश्वविद्यालयमा उपकुलपति र शैक्षिक प्रमुखसहित ५० जना तथा लुम्बिनी बौद्ध विश्वविद्यालयमा उपकुलपति र कुलसचिवलगायत ४४ जना पदमुक्त हुने भएका छन् । यस्तै, सुदूरपश्चिम विश्वविद्यालयमा २७ जना र मध्यपश्चिम विश्वविद्यालयमा २६ जना पदाधिकारीको पद रिक्त हुने भएको छ । कृषि तथा वन विज्ञान विश्वविद्यालयमा २२ जना, नेपाल खुला विश्वविद्यालयमा २४ जना, राजर्षि जनक विश्वविद्यालयमा ३९ जना र मदन भण्डारी विश्वविद्यालयमा २४ जना पदाधिकारी पदमुक्त हुने भएका छन् ।

स्वास्थ्य, चिकित्सा र विज्ञान क्षेत्रतर्फ आयुर्वेद चिकित्सा परिषद्मा कुलसचिव र सदस्य गरी ६ जना तथा नेपाल स्वास्थ्य अनुसन्धान परिषद्मा नौजना पदाधिकारी पदमुक्त हुने भएका छन् । पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद्मा पाँचजना पदमुक्त हुने भएका छन् ।

बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपकुलपतिलगायत १५ जना तथा आमाको दुधलाई प्रतिस्थापन गर्ने वस्तु -बिक्री-वितरण नियन्त्रण) ऐनअनुसार नियुक्त पाँचजना सदस्यको पद रिक्त हुने भएको छ ।

नेपाल नर्सिङ परिषद्मा आठजना र नेपाल स्वास्थ्य व्यवसायी परिषद्मा पाँचजना पदाधिकारी पदमुक्त हुने भएका छन् । बिपी कोइराला मेमोरियल क्यान्सर अस्पतालमा १० जना र सहिद गंगालाल राष्ट्रिय हृदय केन्द्रमा आठजनाको पद जाने भएको छ । नेपाल फार्मेसी परिषद्मा सातजना र चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानमा २२ जना पदाधिकारी पदमुक्त हुने भएका छन् ।

पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानमा ३३ जना र कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानमा ३४ जना, पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा ३१ जना र राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा ३१ जना पदाधिकारी पदमुक्त हुने भएका छन् ।

स्वास्थ्य बिमा बोर्डमा सातजना र जनस्वास्थ्य ऐनअनुसार नियुक्त ६ जना सदस्यको पनि पद जाने भएको छ । नेपाल मेडिकल काउन्सिलमा आठजना र राष्ट्रिय चिकित्सा शिक्षा आयोगमा १६ जना पदाधिकारी पदमुक्त हुने भएका छन् । विदुषी योगमाया हिमालय आयुर्वेद विश्वविद्यालयमा ४२ जना र सहिद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालयमा २९ जना पदाधिकारीको पद रिक्त हुने भएको छ ।

ऊर्जा, पूर्वाधार, वित्तीय र नियमनकारी निकायतर्फ नेपाल विद्युत् प्राधिकरणमा कार्यकारी निर्देशक र सदस्य गरी ६ जना तथा काठमाडौं उपत्यका विकास प्राधिकरणमा चारजना पदाधिकारी पदमुक्त हुने भएका छन् । नेपाल खानेपानी संस्थानमा ६ जना र नगर विकास कोषमा ६ जना पदाधिकारीको पनि पद जाने भएको छ ।

यस्तै, सडक बोर्डमा चारजना, विद्युत् नियमन आयोगमा पाँचजना र नेपाल रेल्वे बोर्डमा प्रशासक र सदस्य गरी पाँचजना पदाधिकारीहरू पदमुक्त हुने भएका छन् ।

वित्तीय क्षेत्रतर्फ कर्मचारी सञ्चय कोषमा आठजना र नागरिक लगानी कोषमा तीनजनाको पद रिक्त हुने भएको छ । नेपाल चार्टर्ड एकाउन्टेन्टतर्फ १५ जना र औद्योगिक व्यवसाय विकास प्रतिष्ठानमा पाँचजना पदाधिकारी पदमुक्त हुने भएका छन् ।

अन्तर्राष्ट्रिय वित्तीय कारोबार ऐनअनुसार नियुक्त तीनजना र धितोपत्र बोर्डमा एकजना सदस्यको पद जाने भएको छ । प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण ऐनअनुसार नियुक्त ६ जना र सार्वजनिक खरिद ऐन पुनरवलोकन समितिका तीनजना पदाधिकारी पदमुक्त हुने भएका छन् ।

निक्षेप तथा कर्जा सुरक्षण कोषमा प्रमुख कार्यकारी अधिकृत र सदस्य गरी तीनजना र विशेष आर्थिक क्षेत्र (सेज)मा नियुक्त एकजनाको पद रिक्त हुने भएको छ । सहकारी ऐनबमोजिम नियुक्त आठजना र सार्वजनिक-निजी साझेदारी तथा लगानी ऐनअनुसारका नियुक्त चारजना पदाधिकारी पदमुक्त हुने भएका छन् । औद्योगिक व्यवसाय ऐनअनुसार नियुक्त दुईजना, बिमा ऐनअनुसार नियुक्त दुईजना र प्रत्यायन ऐनअनुसार नियुक्त ६ जना पदाधिकारीको पद जाने भएको छ ।

कृषि, वातावरण, प्रज्ञा प्रतिष्ठान र सामाजिक क्षेत्रतर्फ बिउबीजन ऐनअनुसार नियुक्त आठजना सदस्य र नेपाल कृषि अनुसन्धान परिषद्मा नौजना पदाधिकारी पदमुक्त हुने भएका छन् । राष्ट्रिय दुग्ध विकास बोर्डमा सातजना र राष्ट्रिय चिया तथा कफी विकास बोर्डमा पनि सातजनाको पद रिक्त हुने भएको छ ।

नेपाल पशु चिकित्सा परिषद्मा तीनजना र बिरुवा क्वारेन्टिनमा पाँचजना पदाधिकारी पदमुक्त हुने भएका छन् । जीवनाशक विषादी व्यवस्थापन ऐनअन्तर्गत ६ जना र वातावरण संरक्षण ऐनअनुसार नियुक्त पाँचजनाको पद जाने भएको छ । खाद्य स्वच्छता तथा गुणस्तर विभागतर्फ सातजना पदाधिकारी पदमुक्त हुने भएका छन् ।

प्रज्ञा प्रतिष्ठानतर्फ नेपाली भाषा प्रकाशन संस्थानमा नौजना र गुठी संस्थानमा १० जनाको पद रिक्त हुने भएको छ । लुम्बिनी विकासमा ११ जना र पशुपति क्षेत्र विकास कोषमा नौजना पदाधिकारी पदमुक्त हुने भएका छन् ।

नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानमा ४९ जना र नेपाल स्काउटमा ३३ जनाको पद जाने भएको छ । बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्मा १६ जना र आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानमा २५ जना पदाधिकारी पदमुक्त हुने भएका छन् ।

आदिवासी जनजाति परिषद्मा ६० जना, नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानमा ३३ जनाको पद रिक्त हुने भएको छ । नेपाल संगीत तथा नाट्यकला प्रज्ञा प्रतिष्ठानमा ३३ जना र नेपाल प्रज्ञा प्रतिष्ठानमा ४३ जना पदाधिकारी पदमुक्त हुने भएका छन् ।

प्रशासनिक तथा सामाजिक क्षेत्रतर्फ नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानमा चारजना र स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानमा एकजनाको पद जाने भएको छ । समाज कल्याण परिषद्मा १० जना र नेपाल इन्जिनियरिङ परिषद्मा १४ जना पदाधिकारी पदमुक्त हुने भएका छन् ।

वैदेशिक रोजगार बोर्डमा १० जना र नेपाल ट्रस्टमा तीनजनाको पद रिक्त हुने भएको छ । बेपत्ता पारिएका व्यक्तिको छानबिन र सत्य निरूपण तथा मेलमिलाप आयोगमा पाँचजना पदाधिकारी पदमुक्त हुने भएका छन् ।

श्रम ऐनअनुसार नियुक्त १० जना र योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ अन्तर्गत नियुक्त सातजनाको पद जाने भएको छ । विपत् जोखिम न्यूनीकरणमा चारजना र अपांगता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐनअन्तर्गत नियुक्त १७ जना पदाधिकारी पदमुक्त हुने भएका छन् ।

भू-उपयोग ऐनअनुसार नियुक्त चारजना, रेडियोधर्मी पदार्थ (उपयोग तथा नियमन) ऐनअन्तर्गत नियुक्त तीनजना र राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ बमोजिम नियुक्त २७ जना पदाधिकारीको पद रिक्त हुने भएको छ ।

■ अतिक्रमित संरचनामा डोजर



शनिबार अनामनगरस्थित धोबीखोलाकिनारमा सार्वजनिक जग्गा अतिक्रमण गरी बनाइएका संरचना भत्काइँदै । तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका

शनिबार...

पृष्ठ १ बाट क्रमशः

प्रयोग गरिएको हो । त्यस क्रममा भत्काइएका क्षेत्रमा प्रहरीले सर्वसाधारणलाई प्रवेश गर्नसमेत निषेध गरेको छ । शनिबार प्रहरीले विष्णुमती नदीकिनारआसपासका सुकुमवासी बस्तीमा पनि डोजर चलाएको छ । प्रहरीको माइकिङपछि केही सुकुमवासीले तीन दिनअघिदेखि नै बस्ती छाड्न सुरु गरेका थिए । तर, कोठा नपाएकाले आफ्ना सामान सार्न नपाउँदा कठिनाइ भोग्नुपरेको छ । दलबलसहित पुगेको प्रहरीले शनिबार बिहानदेखि नै बस्ती हटाउने कार्य सुरु गरेपछि सुकुमवासीहरू विस्थापित भएका छन् । उनीहरू ०२८ देखि विष्णुमतीकिनारमा बसोबास गर्दै आएका थिए ।

यसअघि शुक्रबार ७०२ घरधुरी हटाइएको थियो । विकास समितिका अनुसार हालसम्म तीन हजारभन्दा धेरै घरधुरी हटाइसकिएको छ । त्यसमध्ये एक हजार ८१६ परिवार आवासका लागि सरकारको सम्पर्कमा आएको आयोजना प्रमुख महर्जनको भनाइ छ ।

डोजरले वासस्थान भत्काइएकाहरूको वासको स्थायी टुंगो अझै लागेको छैन । जसले केटाकेटीको विद्यालय भर्नामा समेत असर गरेको छ । सरकारले इचंगुनारायणमा २१३ परिवारका लागि अपार्टमेन्ट त बनाएको छ, तर त्यसले धान्न सक्ने स्थिति देखिँदैन ।

'केही सुकुमवासीका लागि अपार्टमेन्ट बनाएका छौँ । ठहर भएका सुकुमवासीलाई त्यहीँ लैजान्छौँ । बाँकीको पनि उचित व्यवस्थापन हुन्छ । तर, प्रक्रियाले केही समय भने लिन सक्छ,' समितिका आयोजना प्रमुख महर्जनले भने ।

बस्ती हटेपछि बिचल्ली : वर्षा, आँसु र बेघरको पीडा

काठमाडौं महानगरपालिका- २९, अनामनगरस्थित सुकुमवासी बस्तीमा टहराहरू भत्काइँदै गर्दा ६० वर्षीय भक्तबहादुर राई टोलाइरहेका देखिन्थे । त्यही वेला आकाश गडगडाउँदै मुसलधारे वर्षा सुरु भयो, तर उनलाई ओत दिने छानो थिएन । उनी निथ्रुक्क भिजे, झरेका आँसु हत्केलाले पुछ्दै बैसाखी टेकेर चोकतर्फ अघि बढे ।

धोबीखोला आफ्नो पुरानो बहाव छाडेर अन्तै मोडिएपछि अनामनगरका केही भाग खाली हुँदै गएका थिए । सोही क्षेत्रमा नर्कटघारी फाँडेर ०३८ तिरदेखि सुकुमवासी बस्ती बस्न थालेको थियो । भक्तबहादुरको परिवार पनि त्यही समयदेखि यहीँ बस्दै आएको थियो । हाल तीन दिनदेखि प्रहरीले माइकिङमार्फत बस्ती खाली गर्न सूचना दिँदै आएको थियो भने शनिबारदेखि डोजर नै चलाइएको छ । यससँगै भक्तबहादुरजस्ता धेरै परिवार एकै झड्कामा सडकमा पुगेका छन् ।

शारीरिक रूपमा अशक्त भक्तबहादुर बैसाखीविना हिँडडुल गर्न सक्दैनन् । उनीसँग कुनै नियमित आम्दानीको स्रोत छैन, अपांग भत्तामै जीवन चलाउँदै आएका छन् । एकल जीवन बिताइरहेका उनी कोठा खोज्न जाँदा घरबेटीले एड्भान्स माग्ने भएकाले विकल्प नै नभएको बताउँछन् । उनले भने, 'विनाबैसाखी हिँड्न सक्दिनँ । आम्दानी छैन । कोठा खोज्दा एड्भान्स माग्छन्, कहाँबाट ल्याउने ? बस्ने ठाउँ नै छैन । सरकारले केही गर्छ कि भन्ने आशा छ ।'

७४ वर्षीय मनबहादुर गुरुङ पनि ०३८ देखि धोबीखोलाकिनारमा बस्दै आएका हुन् । नर्कटघारी फाँडेर सुरु भएको बस्तीमा उनले छोराछोरी हुर्काए, नागरिकता बनाए र चुनावमा मतदानसमेत गरे । तर, आज उनी पनि घरबारविहीन भएका छन् । उनले भने, 'हामीले बस्ती बस्दा यहाँ केही थिएन, अहिले मूल्य अकासिएको छ । नेताहरूले पटक-पटक आश्वासन दिए, तर अन्ततः टहरो पनि गुम्यो ।'

त्यस्तै, ३२ वर्षीय राजीव पौडेल बस्ती हटाउने क्रमसँगै कोठा खोज्न सहर डुले पनि अझै सफल भएका छैनन् । रोजगारी अनिश्चित र आम्दानी शून्य हुँदा एड्भान्स रकम तिर्न नसक्दा कोठा पाउन सकेका छैनन् । उनी भन्छन्, 'बुवा ०३८ देखि यहाँ बस्नुभएको रहेछ । हामी यहीँ जन्मियौँ, तर अहिले बस्ने ठाउँ छैन, काम पनि छैन ।'

राजीवका अनुसार बस्तीमा करिब २३ घरपरिवार बसोबास गर्दै आएका थिए । अहिले सबै विस्थापित भएका छन् । सरकारले अस्थायी सेल्टरको व्यवस्था गर्ने भने पनि धोबीखोला करिडोरका प्रभावितहरू त्यसको पहुँचमा पुग्न नसकेको उनीहरूको गुनासो छ । उनीहरू भन्छन्, 'सरकारले बास दिने भनेको छ, तर कहाँ जाने, कसलाई भेट्ने केही थाहा छैन । अहिले सबै परिवार घर न घाटको अवस्थामा छन् ।'

पूर्वराजा, राष्ट्रपति...

पृष्ठ १ बाट क्रमशः

सरकारको निर्णयबमोजिम 'सम्पत्ति छानविन आयोग, २०८३ गठन तथा कार्यसम्पादनको सर्त' राजपत्रमा प्रकाशन गरिएको छ । राजपत्रमा सूचना प्रकाशन भएसँगै आयोगको कार्यप्रारम्भ भएको छ । पूर्वराजा, राष्ट्रपति र प्रधानमन्त्रीदेखि बिचौलियाउपर छानबिन गर्न सक्ने गरी आयोगलाई अधिकार छ ।

पहिलो चरणमा आयोगमार्फत आर्थिक वर्ष ०६२/६३ देखि आव ०८२/६३ को चैत मसान्तसम्मका पदाधिकारी र कर्मचारीको सम्पत्ति विवरण संकलन, पुष्ट्याइँ र छानबिन हुनेछ । त्यस्तै, दोस्रो चरणमा आयोगले ०४८ देखि आव ०६१/६२ सम्मको अवधिको छानबिन गर्नेछ ।

प्रधानमन्त्री कार्यालयका सचिव गोविन्दबहादुर कार्कीले म्यान्डेटबमोजिम आयोगले काम सुरु गरेको बताए । 'आयोग गठन भएर कार्यक्षेत्र पनि तोकिसकेको छ । केशरमहलमा कार्यालय पनि स्थापना भएको छ । कर्मचारी व्यवस्थापनको काम हुँदै छ । आफ्नो म्यान्डेटबमोजिम आयोगले कार्य प्रारम्भ गरिसकेको छ,' उनले नयाँ पत्रिकासँग भने । काम सुरु गरेको मितिले आयोगको कार्यावधि एक वर्ष तोकिएको छ ।

गत २ वैशाखमा मन्त्रिपरिषद्ले सम्पत्ति छानबिन आयोग गठन गर्ने निर्णय गरेको थियो । जाँचबुझ आयोग ऐन, २०२६ को दफा ३ बमोजिम सर्वोच्च अदालतका पूर्वन्यायाधीश राजेन्द्रकुमार भण्डारीको अध्यक्षतामा तत्कालीन पुनरावेदन अदालत (हाल उच्च)का पूर्वमुख्य न्यायाधीश पुरुषोत्तम पराजुली, सर्वोच्चकै पूर्वन्यायाधीश चण्डीराज ढकाल, नेपाल प्रहरीका पूर्वनायब महानिरीक्षक गणेश केसी र चार्टर्ड एकाउन्टेन्ट प्रकाश लम्साल सदस्य रहेको पाँच सदस्यीय सम्पत्ति छानबिन आयोग, २०८३ गठन गरिएको छ ।

सरकारले आवश्यकता र औचित्यका आधारमा सम्पत्ति छानबिन आयोग विघटन गर्न सकिने व्यवस्था गरिएको छ । कुनै कारणले आयोग विघटन वा खारेज भएमा वा कार्यावधि समाप्त भएमा वा कार्य सम्पन्न भएमा आयोगले गरेका कामकारबाहीको अभिलेखसम्बन्धी सम्पूर्ण कागजात गोप्य रूपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा बुझाउनुपर्ने व्यवस्थासमेत गरिएको छ । आयोगको सम्पर्क कार्यालय प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय तोकिएको छ ।

आयोगले आफ्नो कार्यसम्पादनका क्रममा यसअघि गठन भएका आयोग, समिति वा निकायले पेस गरेको छानबिनसम्बन्धी प्रतिवेदन, तथ्यांक, सिफारिसलाई आधार सामाग्रीका रूपमा उपयोग गर्न सक्नेछ । आयोगले स्वतन्त्र, निष्पक्ष र व्यावसायिक ढंगले कार्य गर्ने र कसैको दबाब वा प्रभावमा नपर्ने उल्लेख छ । आयोगले कार्यसम्पादनको शिलशिलामा विज्ञको सल्लाह लिन सक्ने, तर यसरी विज्ञलाई आमन्त्रण गर्दा स्वार्थको द्वन्द्व भएको व्यक्तिलाई विज्ञका रूपमा आमन्त्रण नगर्ने भनिएको छ ।

को-कोमाथि हुनेछ छानबिन ?

राजपत्रमा प्रकाशित सूचनाअनुसार आयोगले सार्वजनिक पदमा रहेका वा पदबाट सेवानिवृत्त भएका वा हटिसकेका पदाधिकारी र तिनका परिवारसमेतका नाममा स्वदेश तथा विदेशमा रहेका सम्पत्तिको विवरण संकलन र त्यसउपर छानबिन गर्नेछ । को-कोमाथि आयोगले छानबिन गर्छ भन्नेबारे राजपत्रमा प्रस्ट पारिएको छ ।

तत्कालीन श्री ५ को सरकार र नेपाल सरकारका प्रधानमन्त्री, उपप्रधानमन्त्री, मन्त्री, राज्यमन्त्री तथा सहायक मन्त्रीमाथि आयोगले छानबिन गर्ने अधिकार राख्नेछ । त्यस्तै, तत्कालीन संसद् सदस्य, व्यवस्थापिकाका रूपमा कार्य गर्ने संविधानसभा सदस्यउपर पनि आयोगले छानबिन गर्नेछ ।

त्यस्तै, नेपाल अधिराज्यको संविधान, २०४७, नेपालको अन्तरिम संविधान, २०६३ र विद्यमान नेपालको संविधानबमोजिम नियुक्त भई संवैधानिक निकायबाट पदमुक्त भएका वा हटेका प्रमुख तथा पदाधिकारी, पूर्वन्यायाधीशहरू तथा नेपाली सेनाका सेवानिवृत्त राजपत्रांकित प्रथम श्रेणी (सहसचिव) वा सोसरह र सोभन्दा माथिका अधिकृतहरूउपर पनि आयोगले छानबिन गर्नेछ । प्रदेशका प्रदेश प्रमुख, मुख्यमन्त्री,, मन्त्री, राज्यमन्त्री, सहायक मन्त्री, सांसद र पदाधिकारी पनि छानबिनमा तानिनेछन् । छानबिनमा तानिनेमा महान्यायाधिवक्ता र मुख्यन्यायाधिवक्ता पनि छन् ।

यसैगरी साबिकको जिल्ला विकास समिति र हालको जिल्ला समन्वय समितिका पदाधिकारी, स्थानीय तहका प्रमुख, उपप्रमुख, अध्यक्ष र उपाध्यक्षउपर पनि आयोगले छानबिन गर्नेछ । नेपाली राजदूतावास तथा कूटनीतिक नियोगका प्रमुख र कर्मचारीमाथि पनि छानबिन हुनेछ ।

राजपत्रांकित प्रथम श्रेणी (सहसचिव) वा सोसरह र त्यसभन्दा माथिको पदका निजामती सेवा, संसद् सेवा, स्वास्थ्य सेवा, राष्ट्रिय मानव अधिकार सेवा, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र राष्ट्रिय अनुसन्धान विभागका कर्मचारीलाई पनि आयोगले छानबिनमा तान्नेछ । यसैगरी, कार्यालय प्रमुखको पदमा कार्यरत वा कार्य गरेका निजामती सेवा, संसद् सेवा, स्वास्थ्य र राष्ट्रिय मानव अधिकार सेवासहित नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, राष्ट्रिय अनुसन्धान विभागका राजपत्रांकित द्वितीय श्रेणी (उपसचिव) वा सरहका कर्मचारीसमेत छानबिनको घेरामा छन् ।

नेपाल राष्ट्र बैंकका गभर्नर, सञ्चालक समितिका पदाधिकारी, डेपुटी गभर्नर, कार्यकारी निर्देशक र राजपत्रांकित प्रथम श्रेणी (सहसचिव) वा सोसरह र सोभन्दा माथिका कर्मचारीलाई छानबिन गर्ने अधिकारसमेत आयोगलाई छ ।

छानबिनमा पर्नेमा प्रचलित कानुनबमोजिम स्थापित सरकारी बैंक तथा वित्तीय संस्था, नेपाल सरकारका आयोग, प्रतिष्ठान, प्राधिकरण, बोर्ड, समिति, केन्द्र आदिका अध्यक्ष, सञ्चालक, कार्यकारी निर्देशक, महाप्रबन्धक, प्रबन्ध निर्देशक, प्रमुख कार्यकारी अधिकृत तथा राजपत्रांकित प्रथम श्रेणी वा सोसरह र सोभन्दा माथिका कर्मचारी पनि छन् । नेपाल सरकारबाट अनुदान प्राप्त गर्ने विश्वविद्यालय, प्रतिष्ठानलगायत निकायका पदाधिकारी र राजपत्रांकित प्रथम श्रेणी वा सोसरह र सोभन्दा माथिका कर्मचारी पनि यस्तो छानबिनमा पर्नेछन् ।

यसैगरी राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, प्रधानन्यायाधीश, सभामुख, राष्ट्रिय सभाका अध्यक्ष, प्रदेश सरकारका मुख्यमन्त्री, नेपाल सरकार वा प्रदेशका मन्त्री, राज्यमन्त्री र सहायक मन्त्रीसहित संवैधानिक निकायका प्रमुख तथा पदाधिकारीजस्ता पदमा रहेका नेपाल सरकार वा प्रदेश सरकारबाट पारिश्रमिक, सुविधा लिने वा नलिने गरी नियुक्त भएका वा नियुक्त नभई कार्य गरेका सल्लाहकार, स्वकीय सचिव, निजी सचिव वा यस्तै पदाधिकारी पनि छानबिनमा पर्नेछन् ।

सम्पत्ति छानबिन गर्दा गैरकानुनी रूपमा सम्पत्ति आर्जन गरी आफू र आफ्ना परिवारका सदस्य, आफन्त वा नातेदारको सम्बन्धमा नपर्ने व्यक्ति तथा स्वदेश वा विदेशमा लुकाएको वा पठाएको विषयमा समेत छानबिन हुनेछ ।

सार्वजनिक जिम्मेवारीमा रहेका राजनीतिक पदाधिकारी र कर्मचारीमध्ये भ्रष्टाचारबाट तथा गैरकानुनी रूपमा सम्पत्ति आर्जन गर्न सक्ने बढी सम्भावना भएका व्यक्तिहरू पहिचान गरी छानबिनको दायरा निर्धारण गर्ने पनि आयोगको काम, कर्तव्य र अधिकारमा छ ।

आयोगमा उजुरी परेका, विभागीय कारबाहीमा परेका, अस्वाभाविक रूपमा उच्च आर्थिक हैसियत देखिएका, बिचौलियाका रूपमा कार्य गरेका, कर तथा राजस्व प्रशासन, भूमि प्रशासन तथा यातायात व्यवस्थाजस्ता जनताको प्रत्यक्ष सम्पर्क हुने सार्वजनिक निकायमा लामो समयसम्म काम गरेका, भ्रष्टाचारका दृष्टिकोणले जोखिमयुक्त कार्यालय/निकायमा काम गरेका कर्मचारीको सम्पत्ति प्राथमिकताका साथ आयोगले छानबिन गर्नेछ ।

सम्पत्ति छानबिन गर्दा आयोगले पैत्रिक सम्पत्ति तथा वैधानिक आर्जन र सोबाट बढे-बढाएको पक्षसमेतलाई गहन अध्ययन गरी सम्पत्ति यकिन गर्नेछ । छानबिन गरिने पदाधिकारी र कर्मचारीको व्यक्तिगत तथा सार्वजनिक मर्यादामा खलल नपुग्ने गरी गोप्य रूपमा छानबिन र अनुसन्धान आयोगले गर्नेछ । जाँचबुझका क्रममा विदेशमा रहेका सरोकारवाला व्यक्तिको आर्थिक हैसियतसमेत हेर्न सक्ने भनिएको छ ।

बहालवाला न्यायाधीश वा नेपाली सेना वा आयोगको कार्यक्षेत्रमा नपरेका अन्य पदाधिकारी वा कर्मचारीको हकमा उजुरी प्राप्त भएमा अनुसन्धानका लागि सम्बन्धित निकायमा लेखी पठाउने राजपत्रमा उल्लेख छ । सम्पत्ति छानबिन गर्दा अवैधानिक वा गैरकानुनी रूपमा सम्पत्ति आर्जन गरेको भन्ने तथ्य र प्रमाणबाट पुष्टि हुन आएमा त्यसरी स्रोत नखुलेको सम्पत्तिको विवरणसमेत तयार गरी नेपालको प्रचलित कानुनबमोजिम थप अनुसन्धान गरी कारबाही अघि बढाउनका लागि सम्बन्धित निकायसमेत उल्लेख गरी सिफारिस गर्नेछ ।

घुसका मुद्दामा...

पृष्ठ १ बाट क्रमशः

छ । बाँकी खारेज मुद्दा छन् । यस अवधिमा घुस-रिसवतसम्बन्धी २२ फैसलामा विशेषले पाँचमा सफाइ दिएको छ । यसैगरी १२ वटामा ठहर तथा पाँचवटामा आंशिक ठहरको फैसला गरेको छ । प्रतिशतका आधारमा हेर्दा कुल फैसलाको ७७ प्रतिशत मुद्दा ठहर भएका छन् भने २३ प्रतिशतमा सफाइ देखिन्छ ।

अनियमितताका तीन मुद्दा फैसला भएकामा दुईवटामा आंशिक ठहर अनि एउटामा सफाइको फैसला भएको छ भने गलत लिखत तयार गरेको भनी दायर मुद्दामध्ये पाँचवटा फैसला भएकोमा तीनवटामा सफाइ र बाँकी एक-एकवटामा ठहर तथा आंशिक ठहरको फैसला भएको छ । यस अवधिमा गैरकानुनी लाभका २१ फैसलामा १२ वटामा सफाइ दिइएको छ भने सातवटामा आंशिक ठहर र दुईवटामा पूर्ण ठहरको फैसला भएको छ ।

उक्त अवधिमा गैरकानुनी सम्पत्ति आर्जनका कुल दुई मुद्दा रहेकोमा एउटामा सफाइ र एउटामा ठहरको फैसला भएको छ । नपाएको ओहदा पाएँ भनेकामा एउटा मुद्दा फैसला भएकामा सफाइ दिइएको छ भने नक्कली प्रमाणपत्रका नौ मुद्दामध्ये दुई खारेज भएका छन् भने पाँचमा सफाइ र दुईवटामा ठहरको फैसला भएको छ । विशेषले परीक्षा परिणाम फेरबदलका तीन मुद्दा फैसला गरेकोमा दुईवटा खारेज भई एउटामा आंशिक ठहर गरेको छ ।

रकम हिनामिनाका भने दर्जन मुद्दा विशेषले छिनोफानो गरेको छ । जसमध्ये पाँचमा सफाइ, चारमा आंशिक ठहर र तीनमा ठहरको फैसला भएको छ । सरकारी जग्गा व्यक्तिका नाममा गरेको दुई मुद्दा ठहर भएका छन् भने हानि-नोक्सानीका १७ मध्ये १० वटामा सफाइ तथा सातवटामा आंशिक ठहरको फैसला भएको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आव ०८२/८३ वैशाख १३ सम्ममा २१ वटा स्टिङ अप्रेसन गरेको छ भने ०८१/८२ मा पनि कुल २१ वटा स्टिङ अप्रेसनका मुद्दा दर्ता गरेको थियो । त्यसअघिको वर्षमा ३२ वटा र आव ०७९/८० मा ३७ वटा यस प्रकृतिका मुद्दा दर्ता भएका थिए । त्यसअघिको वर्ष भने यो संख्या २५ थियो । त्यस्तै, ०७८ वैशाखमा सर्वोच्चले फैसला गर्दासम्म सो आर्थिक वर्षमा ६४ वटा मुद्दा दर्ता भएका थिए । ०७६/७७ मा झन् यो संख्या १७० थियो भने त्यसअघिको वर्ष यस प्रकृतिका १३२ मुद्दा विशेषमा दर्ता भएको अख्तियारको अभिलेख छ । सर्वोच्चले स्टिङ अप्रेसन सम्बन्धमा गरेको फैसलापछि यस प्रकृतिका मुद्दा दर्ता ठुलो मात्रामा घटेको छ ।

यसअघि ०७८ बाट सर्वोच्चबाट रंगेहात पक्राउ परेका मुद्दामा प्रतिवादीहरूलाई सफाइ दिने गरिएको थियो । सर्वोच्चले अख्तियार दुरुपयोग अनुसन्धान आयोगको नियमावलीको नियम ३० खारेज गर्ने फैसला गरेपछि रंगेहात पक्राउका सबैजसो मुद्दामा सफाइ हुँदै आएको थियो ।

सर्वोच्चको फैसलापछि अख्तियारले आफैँले घुस रकम उपलब्ध गराउन बन्द गरेको थियो । उजुरीकर्ताले जानकारी गराएपछि अख्तियारले रिसवत माग्नेलाई दिने पैसाको नम्बर टिपेर राख्छ र त्यो रकम रिसवत लिइसकेको अवस्थामा बरामद भएका रकमसँग भिडाएर मिलेमा रंगेहातको मुद्दा दायर गर्ने गरेको छ । अर्थात् मुख्य प्रमाण अहिले पनि रकम नै भए पनि पहिले अख्तियार आफैँले घुसका लागि रकम दिने गरेकोमा अहिले भने उजुरीकर्ता आफैँले पैसाको व्यवस्था गर्ने गरेका छन् । अख्तियारले मुख्य दसीका रूपमा बरामद रकम नै अदालतमा पेस गर्ने गरेको छ ।

साढे दुई...

पृष्ठ १ बाट क्रमशः

यात्रुबाट दोब्बर-तेब्बर भाडा असुल्ने गरेको उनको गुनासो छ ।चार वर्षभित्र कोल्टीसम्म गाडी पुर्‍याउने लक्ष्यसहित ७ फागुन ०५६ मा तत्कालीन जिल्ला विकास समितिका सभापति लालबहादुर थापाले सडकको शिलान्यास गरेका थिए । शिलान्यासपछि वर्षौँको प्रतीक्षापछि मात्र ट्र्याक खोल्ने काम सम्पन्न भयो । तर, सडक कालोपत्रे गर्ने काम भने अझै अघि बढ्न सकेको छैन । स्थानीयका अनुसार ट्र्याक खोल्ने काम पूरा हुन मात्र करिब १२ वर्ष लागेको थियो ।

सडक स्तरोन्नति तथा कालोपत्रे भएमा छिमेकी हुम्ला, जुम्ला, मुगु र कालीकोट जिल्लाका बाजुरासँग जोडिएका बस्ती पनि प्रत्यक्ष लाभान्वित हुने स्थानीय बताउँछन् । हाल हिउँदका करिब ५-६ महिना मात्र साना सवारीसाधन सञ्चालन हुने भएकाले बर्खामा सदरमुकाम पुग्न अझै पनि अत्यन्त कठिनाइ हुने गरेको उनीहरू बताउँछन् ।

सुदूरपश्चिम सरकारको गौरवको आयोजना, तर अपेक्षित काम हुन सकेन

सुदूरपश्चिम सरकारले यो सडक निर्माणलाई गौरवमा राखेर अगाडि बढाए पनि अपेक्षित काम हुन सकेको छैन । प्रदेश सरकारले मार्तडी-कोल्टी सडकलाई तीनवटा खण्डमा छुट्याएर कालोपत्रेको ठेक्का गरेको थियो । तर, निर्माण कम्पनीको ढिलासुस्तीका कारण काम अलपत्र छ ।

प्रदेशअन्तर्गत भौतिक पूर्वाधार विकास कार्यालय, अछामका अनुसार नौ किलोमिटर सडक कालोपत्रे भएको छ । ३१ किलोमिटर सडक कालोपत्रेका लागि दुईपटक म्याद थप भएर निर्धारितभन्दा दोब्बर अवधिसम्म भौतिक प्रगति ५० प्रतिशतहाराहारी मात्र छ । कोल्टीदेखि चुथीसम्मको नौ किलोमिटर सडक डेढ वर्षअघि कालोपत्रे पूरा भएको हो ।

चुथीदेखि ढम्कने खण्डको पाँच किलोमिटर सडक कालोपत्रे गर्न दोस्रोपटक थपिएको अवधि आगामी असारमा सकिँदै छ । तर, भौतिक प्रगति ५० प्रतिशत मात्र रहेको पूर्वाधार विकास कार्यालय अछामका प्रमुख जंगबहादुर थापाले बताए । १२ करोड १२ लाख रुपैयाँ लागतमा यो खण्ड कालोपत्रेको ठेक्का बानियाँ-कुलेश्वर जेभीले पाएको छ । बानियाँ कन्स्ट्रक्सन बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँको निर्माण कम्पनी हो ।

९ कात्तिक ०७६ मा भएको सम्झौताअनुसार १७ असार ०७९ सम्म यो खण्डको पाँच किलोमिटर सडक कालोपत्रे भइसक्नुपर्ने थियो । तर, हालसम्म सबबेस राख्ने काम मात्र भएको छ । कामलाई तीव्रता दिन र समयमै पूरा गर्न पटक-पटक ताकेता गर्दा पनि निर्माण कम्पनीले वास्ता नगरेको पूर्वाधार विकास कार्यालय प्रमुख थापाले बताए । 'काम भइरहेको छ, तर निकै सुस्त गतिमा,' उनले भने, 'दोस्रो खण्डको अवस्था पनि उस्तै छ ।'

ढम्कनेदेखि कोल्टीको तानसाँघुसम्म २६ किलोमिटर सडक कालोपत्रेको ठेक्कामा पनि मुख्यमन्त्री बानियाँको बानियाँ कन्स्ट्रक्सन जोडिएको छ । यो खण्ड निर्माणका लागि पिएस-बानियाँ जेभीसँग २९ असार ०७७ मा निर्माण सम्झौता भएको थियो । तर, तोकिएभन्दा दोब्बर समयसम्म आधा काम मात्र भएको छ । सुरुको सम्झौताअनुसार १६ असार ०८० भित्र काम पूरा हुनुपर्ने हो । पूर्वाधार कार्यालयका अनुसार यो खण्ड निर्माण गर्न ५० करोड १७ लाखमा सम्झौता भएको थियो ।

यो खण्डमा पनि दुईपटक म्याद थप गर्दासमेत भौतिक प्रगति ५० प्रतिशत मात्र रहेको थापाले बताए । निर्माण कम्पनीले कामलाई गति नदिए पनि यसको निर्माण अवधि बढाएर वैशाख ०८४ सम्म पुर्‍याइएको छ । कतिपय योजना बजेट अभावका कारण प्रभावित हुँदा यो सडक निर्माणका लागि भने बजेटको अभाव नरहेको कार्यालयले जनाएको छ । निर्माण कम्पनीले काममा ढिलाइ गर्नुको कारण 'लो-बिडिङ' पनि रहेको प्राविधिक बताउँछन् ।

'बजेटको कमीले ढिलो भएको होइन, निर्माण कम्पनीले काम नगर्दा ढिलो भएको हो । बजेट त आइराखेकै छ, निर्माण कम्पनीले काम गरिदिन्न,' पूर्वाधार विकास कार्यालयका प्रमुख थापाले भने, 'यही गतिमा काम हुने हो भने काम सकिन सात-आठ वर्ष अझै लाग्छ ।' मार्तडी-कोल्टी सडक कालोपत्रेका लागि गत वर्ष प्रदेश सरकारले १५ करोड रुपैयाँ बजेट विनियोजन गरेको थियो । तर, काम नहुँदा डेढ करोड बजेट मात्र खर्च भएको प्रमुख थापाले बताए ।

चालू वर्षमा पनि २० करोड बजेट विनयोजन गरिएको छ । तर, निर्माण कम्पनीले हालसम्म काम नै गरेको छैन । जसले गर्दा हालसम्म एक करोड रुपैयाँभन्दा कम खर्च भएको कार्यालयले जनाएको छ । निर्माण कम्पनीले ढिलासुस्ती गरे पनि ठेक्का तोड्नका लागि पूर्वाधार कार्यालयले साढे दुई साताअघि सूचना जारी गरेर ठेक्का नतोड्नुको कारणसहित जवाफ मागेको थियो ।

कार्यालयका अनुसार इन्धनको मूल्य बढेको, खोलाहरूमा पुल नभएकाले बर्खामा काम हुन नसकेकोलगायत कारणले ढिलाइ भएको भनेर निर्माण कम्पनीले स्पष्टीकरण बुझाएका छन् । 'स्पष्टीकरण मागिसकेका छौँ, काममा निकै ढिलासुस्ती भएकाले ठेक्का तोडेर जानेबारे छलफलमा छौँ,' थापाले भने । कोल्टी क्षेत्रमा पर्ने दुई किलोमिटर सडक भने कालोपत्रेका लागि ठेक्का हुन नसकेको उनले बताए ।

यो सडक खण्डमा पर्ने पाँचवटा पुलमध्ये प्रदेश सरकारको लगानीमा अनाई खोलामा पुल निर्माणको काम सकिएको छ । अन्य तीन ठाउँमा प्रदेश र एक ठाउँमा संघीय सरकारको लगानीमा पुल निर्माणको काम भइरहेको छ ।

■ सामान्य वर्षाले नै बगायो कमला नदीको अस्थायी डाइभर्सन

हुलाकी सडकखण्डको आवतजावत ठप्प

लहानमा **मणिलाल विश्वकर्मा**

पूर्व-पश्चिम हुलाकी सडकअन्तर्गत सिराहा र धनुषा जोड्ने कमला नदीमा आवागमन सहजताका लागि बनाइएको अस्थायी डाइभर्सन सामान्य वर्षाले बगाउँदा आवतजावत प्रभावित भएको छ।

पुल पुनर्निर्माणका लागि सामान ओसारपोसार गर्न र सर्वसाधारणको आवागमन सहजताका लागि गत माघमा निर्माण व्यवसायीले बालुवाको अस्थायी डाइभर्सन बनाएका थिए। वर्षाले डाइभर्सन बगाएपछि हलुका सवारीसाधन, मोटरसाइकल शनिबार दिनभर वारि-पारि रोकिएको स्थानीय बद्री यादवले बताए।

नदीमा पानीको बहाव हुँदाहुँदै पनि कतिपय सर्वसाधारण जोखिम मोलेर पानीमा हेलिएर वारपार भएका थिए। पुनर्निर्माण भइरहेको क्षतिग्रस्त पुलको पूर्वी भागबाट बनाइएको अस्थायी डाइभर्सनको धनुषातर्फको तेम्रो पायानजिकबाट आएको बाढीले बगाएको उनले बताए। पछिल्लो साता पनि बाढीले बगाएको डाइभर्सन मर्मत गरेर आवागमन सुचारु गरिएको थियो।

क्षतिग्रस्त पुलको पूर्वी भंगालोमा बगिरहेको कमलामा ८० लाखको टेन्डरमार्फत बनाइएको ह्युमपाइपसहितको डाइभर्सनमा भने क्षति नपुगेको हुलाकी राजमार्ग निर्देशनालयका साइट इन्जिनियर सूर्यनारायण मण्डलले जानकारी दिए। सिरहाका सहायक प्रमुख जिल्ला अधिकारी चेतराज बरालले निरन्तर वर्षा र कमला नदीमा पानीको बहाव बढेकाले अस्थायी संरचना क्षतिग्रस्त हुँदा आवागमन रोकिएको बताए। धनुषातर्फ बाढीको बहाव उच्च रहेकाले पानीको सतह घटेपछि मर्मत गरेर पुनः आवागमन सुचारु गरिने उनले बताए।

कमला पुलको पुनर्निर्माण सम्पन्न नहुँदा धनुषातर्फका जनकनन्दनी गाउँपालिका र कमला नगरपालिकाअन्तर्गत पर्ने सघारा, टडिया, लक्कड, बडेर्वा, लगमा, पतनुका, बनरभुला, फुलबरिया तथा सिराहा नगरपालिकाअन्तर्गत बर्साबिट्टा, बडेर्वा, मानपुर, खरसलवाका बासिन्दालाई वस्तुभाउ चराउन, घाँसपात गर्न, दैनिक किनमेल, हाटबजार, आर्थिक कारोबारका लागि कष्ट भइरहेको स्थानीय गंगाराम साहको गुनासो छ।

गत ५ मंसिरमा स्थलगत अनुगमनमा आएका तत्कालीन भौतिक पूर्वाधारमन्त्री कुलमान घिसिङले कमला पुलको विषयमा गम्भीर रूपले छलफल गरी प्राविधिक, व्यवस्थापकीय र ठेकेदार कसको कारणले समस्या भएको भन्ने खोजी गरिने बताएका थिए। त्यसलगत्तै हुलाकी राजमार्ग निर्देशनालय जनकपुरधामले पुलको पुनःनिर्माण नहुञ्जेल आवागमन सहजताका लागि टेन्डरमार्फत निर्माण गरेको अस्थायी डाइभर्सन पटक-पटक सामान्य वर्षामा समेत बगाउँदा स्थानीयले सास्ती झेल्दै आएका छन्।



सिराहा र धनुषा जोड्ने कमला नदीमा बन्दै गरेको पुल (माथि)। बालुवाको अस्थायी डाइभर्सन वर्षाले बगाएपछि खोला तर्दै सर्वसाधारण (तल)।



■ पटक-पटक म्याद थप, सुस्त गतिमा पुनर्निर्माण

तराई-मधेशको लाइफलाइनको रूपमा रहेको हुलाकी सडकमा पर्ने कमला पुल निर्माणका लागि ३१ जेठ ०६८ मा पप्पु-लुम्बिनी जेभीले भ्याटसहित २४ करोड ९० लाख ९७ हजार दुई सय रूपैयाँमा ठेक्का लिएको थियो। सम्झौताबमोजिम पुल निर्माण ०७१ को मंसिरमा सम्पन्न हुनुपर्ने भए पनि तोकिएको समयमा पुल निर्माण हुन नसकेपछि गत असारसम्मका लागि आठौँपटक म्याद थपिएको थियो। निर्देशनालयका अनुसार पुल भासिनुअघिसम्म निर्माण व्यवसायीले २० करोड ४३ लाख (भ्याटसहित) भुक्तानी लिइसकेका छन्। कमलामा पुल नहुँदा करिब ३० किलोमिटर दूरीमा रहेको प्रादेशिक राजधानी जनकपुरधाम पुग्न वर्षाको वेला पूर्व-पश्चिम लोकमार्गको ढल्केवर हुँदै करिब ९० किलोमिटर फन्को मार्नुपर्ने बाध्यता छ।

निर्देशनालयअनुसार कुल चार सय ६९.२ मिटर लामो पुलको निर्माण व्यवसायीले नै डिजाइन गरी निर्माण गर्ने मोडेलमा ठेक्का सम्झौता भएको थियो। पुल निर्माणसँगै नदीको दुवै किनारातर्फ १३०० मिटर नदी नियन्त्रण र दुई सय मिटर पहुँच सडक निर्माण गर्नुपर्ने ठेक्का सम्झौतामा उल्लेख छ। १७ असार ०७८ मा कमला नदीमा आएको बाढीले पुलको सिराहातर्फ दुईवटा जग भासिएर चारवटा स्ल्याबमा क्षति पुगेपछि दुईवटा हटाइएको छ भने दुईवटा हटाउन बाँकी रहेको निर्माण कम्पनीका साइट इञ्जिनियर सूर्यप्रकाश शर्माले बताए। उनका अनुसार मनसुनी वर्षाअगावै धनुषातर्फ भासिएको पायर उकास्ने कामसहित बाँकी रहेको तीनवटा फाउन्डेसनको काम सिध्याउने लक्ष्यसहित काम भइरहेको छ।

■ कमला नदी जोगाउन संवाद यात्रा

कमला बचाउ अभियानअन्तर्गत हरेक साता सञ्चालन गर्दै आएको 'कमला महिमा आध्यात्मिक एवं पर्यावरणीय संवाद यात्रा' शुक्रबार साँझ सिराहाको पश्चिमवर्ती कर्जन्हा नगरपालिका- ७ ठुलो टोल मरेवाघाटमा आयोजना गरिएको छ। कमला तटीय क्षेत्रमा पर्ने ठुलो टोल मरेवास्थित कमला-सीताघाटमा आयोजना हुने भनिएको यात्रा मौसम प्रतिकूलताका कारण मरेवाबजारस्थित छठघाट (पोखरीपरिसर) मा स्थानान्तरण गरी कमला आरती गरिएको थियो। स्थानीय अभियानी प्रभात महतोको अध्यक्षतामा तथा सिराहा-४ का प्रतिनिधिसभा सदस्य तपेश्वर यादवको उपस्थितिमा जनकपुरधामस्थित गंगासागरका पण्डित अजय झाले कमला आरती गरेका थिए। पछिल्लो समय क्रसर तथा गिट्टी बालुवा व्यवसायीहरूले कमला नदीका विभिन्न ठाउँमा उत्खनन गर्दा नदीको प्राकृतिक बहाव परिवर्तन हुनुका साथै धार परिवर्तनले बर्सेनि तटीय क्षेत्रका बासिन्दाले अप्ठ्यारो झेल्दै आएका छन्। अभियानका अनुसार नदीको अनियन्त्रित दोहन रोक्न सरोकारवालाहरूलाई दबाब दिन र कमलाको धार्मिक, पर्यावरणीय महत्त्वका बारेमा स्थानीयलाई बुझाउँदै संरक्षणमा योगदान पुऱ्याउन अभियान थालिएको हो।

अब नेकपाका सबै कमिटीमा ५० प्रतिशत युवा प्रतिनिधित्व

नयाँ पत्रिका

नेपाली कम्युनिस्ट पार्टीले अब वडादेखि केन्द्रसम्मै युवाको ५० प्रतिशत प्रतिनिधित्व सुनिश्चित गर्ने भएको छ। केन्द्रीय कार्यसंयोजक समिति बैठकको निर्णय शनिबार सार्वजनिक गर्दै प्रवक्ता प्रकाश ज्वालाले सबै कमिटी निर्वाचित र समावेशी हुने बताए। 'पार्टीको वडादेखि केन्द्रसम्मका सबै कमिटीहरू निर्वाचित हुनेछन् र समानुपातिक समावेशी मान्यताअनुसार कमिटी निर्माण हुनेछन्। निर्वाचित कमिटीहरूमा अनुभवी, प्रौढ र युवा तथा नवयुवाहरूको समावेशिता रहनेछ। जसमा युवा र नवयुवाहरूको प्रतिनिधित्व ५० प्रतिशतसम्म पुऱ्याइनेछ,' उनले भने।



● **प्रकाश ज्वाला**, प्रवक्ता, नेकपा

पार्टीको वडादेखि केन्द्रसम्मका सबै कमिटीहरू निर्वाचित हुनेछन् र समानुपातिक समावेशी मान्यताअनुसार कमिटी निर्माण हुनेछन्। निर्वाचित कमिटीहरूमा अनुभवी, प्रौढ र युवा तथा नवयुवाहरूको समावेशिता रहनेछ।

बैठकले पार्टीका विभिन्न तहका अधिवेशन तथा एकता महाधिवेशनको कार्यतालिका तय गरेको हो। बैठकले आगामी असार र साउन मसान्तसम्म पार्टी सदस्यता नवीकरण तथा नयाँ सदस्यता विस्तार अभियान सञ्चालन गर्ने निर्णय गरेको छ। १५ भदौसम्म वडा तह, १६ भदौदेखि भदौ मसान्तसम्म पालिका तहका र असोज मसान्तसम्म जिल्लास्तरका अधिवेशन सम्पन्न गर्ने कार्यतालिका पारित गरेको छ। १५ कात्तिकसम्म प्रदेश अधिवेशन र ११-१५ मंसिरमा एकता राष्ट्रिय महाधिवेशन काठमाडौंमा आयोजना गर्ने निर्णय बैठकले गरेको छ।

पार्टीका सबै तहका अधिवेशन तथा महाधिवेशनसम्बन्धी दस्तावेज, प्रतिवेदन तथा कार्यविधिको तयारी भने केन्द्रीय समिति बैठकको निर्णयबाट गरिने ज्वालाले जानकारी दिए। वैचारिक, राजनीतिक, सांगठनिक र सांस्कृतिक स्पष्टतासहित पार्टी पुनर्गठनको प्रक्रियालाई अगाडि बढाउँदै महाधिवेशनबाट पूर्णता दिइने भएको छ।

पार्टी तथा जनवर्गीय, मोर्चा संगठनहरूको एकीकरण तथा समायोजनअन्तर्गत केन्द्र, प्रदेश, जिल्ला, स्थानीय पालिका, वडा तथा टोल तहसम्मको संगठनात्मक समायोजन प्रक्रिया आगामी जेठ मसान्तसम्ममा सम्पन्न गर्ने निर्णय पनि भएको छ। सिंगो कम्युनिस्ट आन्दोलनको पुनर्गठन र एकीकृत कम्युनिस्ट पार्टी निर्माणका लागि विशेष पहल गर्ने निर्णय पनि गरेको छ।

संविधान र संघीय लोकतान्त्रिक गणतन्त्र पक्षधर तथा देशभक्त शक्तिहरूका बिचमा राष्ट्रिय स्वाधीनता र लोकतन्त्रको रक्षा एवं सुदृढीकरणको उद्देश्यसहित साझा समझदारी कायम गर्दै सडक र सदन दुवै मोर्चाबाट सशक्त भूमिका निर्वाह गर्ने निर्णय गरेको छ।

अन्तर्राष्ट्रिय क्षेत्रको कामलाई वैचारिक, राजनीतिक र कूटनीतिक रूपमा ठोस ढंगले अगाडि बढाउने भएको छ। सिंगो पार्टीपंक्तिलाई नियमित रूपमा उत्पादन तथा श्रम कार्यमा जोड्ने अभियान सञ्चालन गर्ने निर्णय पनि बैठकले गरेको ज्वालाले बताए। बैठक नेकपा संयोजक पुष्पकल दाहाल प्रचण्डको अध्यक्षता र सहसंयोजक माधवकुमार नेपालले सञ्चालन गरेको बैठक १९ चैतमा सुरु भएर १४ वैशाखमा सम्पन्न भएको थियो।

बैठकले ११ सदस्यीय संविधान संशोधन मस्यौदा कार्यदल गठन गरेको पनि ज्वालाले बताए। कार्यदलमा देव गुरुङ, प्रकाश ज्वाला, प्रेमबहादुर सिंह, रणध्वज कन्दङ्वा, रेखा शर्मा, गणेश विक, मुक्ति प्रधान, खिमलाल देवकोटा, विक्रम कार्की, जगदेव चौधरी र रामबहादुर चौधरी छन्। गुरुङ प्रधानमन्त्री बालेन्द्र शाहका सल्लाहकार असिम शाहको नेतृत्वमा गठित 'संविधान संशोधन बहसपत्र तयार गर्ने कार्यदल'मा पनि सदस्य छन्।

संक्षेप

त्रिवि सेवा आयोगका अध्यक्ष भट्टराईले दिए राजीनामा

काठमाडौं/ सरकारले पुराना नियुक्ति खारेज गर्ने तयारी गरेसँगै त्रिभुवन विश्वविद्यालय सेवा आयोगका अध्यक्ष प्राडा घनश्याम भट्टराईले शनिबार राजीनामा दिएका छन्। उनी तीन वर्षअघि प्रचण्ड प्रधानमन्त्री हुँदा नियुक्त भएका थिए। वर्तमान सरकारले पुराना नियुक्तिलाई खारेज गर्ने तयारीसँगै आफूले राजीनामा दिएको भट्टराईले बताए। 'सरकारले नयाँ तयारी गरेसँगै पदबाट राजीनामा दिएको छु,' उनले भने, 'सहजताका लागि राजीनामा दिएको हुँ।' यसअघि बिहीबार त्रिवि उपकुलपति प्राडा दीपक अर्याल, शिक्षाध्यक्ष प्राडा खड्ग केसी र रजिस्ट्रार प्राडा केदारप्रसाद रिजालले राजीनामा दिएका थिए। त्रिवि अनुदान आयोगका अध्यक्ष प्राडा देवराज अधिकारीले पदबाट राजीनामा दिने तयारी गरेका छन्। आयोगमा रेशु अर्याल र प्राडा दीपक अर्याल सदस्य छन्। अर्यालले बिहीबार नै राजीनामा दिइसकेका छन्। 'त्रिविका माथिल्लो पदाधिकारीले राजीनामा दिएपछि अरूले पनि दिने तयारी गर्नुभएको छ,' त्रिवि प्रशासनका एक कर्मचारीले भने, 'अनुदान आयोगका अध्यक्षज्यूले पनि राजीनामा दिने तयारी गर्नुभएको छ।'

गाडीको ठक्करबाट बालिकाको मृत्यु

बर्दिया/ बर्दियामा गाडीको ठक्करबाट एक बालिकाको मृत्यु भएको छ। गुलरिया नगरपालिका- ११ लालपुरस्थित हुलाकी सडकखण्डमा शनिबार फोर्स गाडीको ठक्करबाट आठ वर्षीया नाजिया साईको मृत्यु भएको हो। राजापुरबाट नेपालगन्ज जाँदै गरेको भे१ख ४२६० नम्बरको गाडीको ठक्करबाट बालिकाको घटनास्थलमै मृत्यु भएको जिल्ला ट्राफिक कार्यालय बर्दियाका प्रमुख प्रहरी निरीक्षक सन्दीप बेलबासेले बताए। 'गाडीचालकलाई प्रहरीले नियन्त्रण लिएर अनुसन्धान सुरु गरेको छ,' उनले भने।

प्रहरी कम्पाउन्डभित्र फेला परेका बम सेनाद्वारा डिस्पोज

सल्यान/ जिल्ला प्रहरी कार्यालय सल्यानको परिसरभित्र फेला परेका ठुलो परिमाणका विस्फोटक पदार्थ नेपाली सेनाले डिस्पोज गरेको छ। जिल्ला प्रहरी कार्यालयको कपाउन्डभित्र नयाँ भवनका लागि जग खन्ने क्रममा ८६ वटा बम फेला परेको थियो। सेनाको काली भक्तिगण भैरहवाबाट इन्जिनियरसहितको टोली र सिद्धिबक्स गण सल्यान सिमखर्कबाट आएको टोलीले बम डिस्पोज गरेको जिल्ला प्रहरी कार्यालय सल्यानका प्रहरी प्रमुख प्रहरी नायब उपरीक्षक डा. हेमराज केसीले जानकारी दिए। शनिबार जग खन्ने क्रममा फेला परेका विस्फोटक पदार्थ नेपाली सेनाको सहयोगमा डिस्पोज गरिएको उनको भनाइ छ।

जबर्जस्ती करणी गरी फरार अभियुक्त पक्राउ

संखुवासभा/ जबर्जस्ती करणी गरी फरार रहेका एक व्यक्तिलाई प्रहरीले पक्राउ गरेको छ। पाँचखपन नगरपालिका- १ बस्ने वर्ष २८ का तिलक भन्ने आकाश राईलाई जबर्जस्ती करणी गरेको भनी जिल्ला अदालत संखुवासभाले १२ वर्ष कैद फैसला सुनाएको र त्यसपछि फरार रहेको अवस्थामा शनिबार पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय संखुवासभाका सूचना अधिकारी तथा प्रहरी निरीक्षक मेघराज अर्यालले बताए। उनका अनुसार ९ असोज ०८० मा उच्च अदालत विराटनगर धनकुटा इजलासको फैसला आदेशअनुसार जबर्जस्ती करणी कसुरमा १२ वर्ष कैद र २० हजार रुपैयाँ क्षतिपूर्ति शुल्क भराउनुपर्ने गरी सजाय तोकिएपछि राई फरार थिए।

■ सुकुमवासी जनता कसको ?



संघीय सरकार र काठमाडौं महानगरपालिकाले विकल्प नदिई सुकुमवासी बस्ती हटाएकोमा विरोध गर्दै माइतीघरमा जेन-जी सेन्टरले शनिबार गरेको प्रदर्शन। तस्बिर : संजित परियार/नयाँ पत्रिका

प्रेस स्वतन्त्रता उल्लंघनका घटना बढ्यो : महासंघ

एक वर्षमा १३१ वटा प्रेस स्वतन्त्रता हननका घटना

काठमाडौं/ नेपाल पत्रकार महासंघले यस वर्ष प्रेस स्वतन्त्रता उल्लंघनका घटना बढेको जनाएको छ। विश्व प्रेस स्वतन्त्रता दिवसको पूर्वसन्ध्यामा महासंघले शनिबार विज्ञप्ति प्रकाशित गर्दै पत्रकारविरुद्ध भएका अपराधमा दण्डहीनता, सञ्चारमाध्यमको आर्थिक अवस्थामा गिरावट, पत्रकारको पेसागत र भौतिक सुरक्षामा जोखिमजस्ता कारणले प्रेस स्वतन्त्रता झन् चुनौतीपूर्ण बन्दै गएको निष्कर्ष निकालेको छ। वर्तमान सरकारले अख्तियार गरेको कदमबाट लोकतान्त्रिक संस्कृतिको संरक्षणमै शंका हुने स्थिति सिर्जना भएको महासंघको भनाइ छ।

'सञ्चार क्षेत्रको आर्थिक संकट समाधान, पत्रकार पलायन, निजी सञ्चारमाध्यममा सरकारी विज्ञापन तथा सूचनामा लगाइएको रोक, सामाजिक सञ्जालमा बढ्दो मिथ्या सूचनाको प्रतिरक्षा गर्नु महासंघका सामु चुनौती छन्। निर्वाचनपछि बनेको सरकारले पनि प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको रक्षा, जनताको मौलिक हकको प्रत्याभूति र लोकतान्त्रिक संस्कृतिको सरक्षण गर्छ भन्नेमा महासंघ सशंकित छ,' महासंघको विज्ञप्तिमा छ।

महासंघ सञ्चार अनुगमन इकाइले ४ मे २०२५ देखि ३० अप्रिल २०२६ सम्म संकलन गरेको विवरणअनुसार चालू वर्ष एक सय ३१ वटा प्रेस स्वतन्त्रता हननका घटना भएका छन्। गत वर्ष ७३ वटा घटना भएका थिए। त्यसभन्दा अघिल्लो वर्ष ६२ वटा थिए। तुलनात्मक विश्लेषण गर्दा यो वर्ष प्रेस स्वतन्त्रता हननका घटना बढिरहेको तथ्यांकले देखाएका छन्।

धनुषामा बढ्यो बालुवा-गिट्टीको अवैध उत्खनन

जनकपुरधाममा हदिश खुद्दार

धनुषामा पछिल्लो समय बालुवा-गिट्टीको अवैध उत्खनन तीव्र रूपमा बढ्दै गएको छ। आर्थिक वर्षको अन्त्यतिर सरकारी विकास निर्माणका कामले गति लिँदा निर्माण सामग्रीको माग बढेको र त्यसैसँगै नदीहरूमा अनियन्त्रित दोहन बढेको स्थानीयवासीको भनाइ छ।

स्थानीयका अनुसार प्रहरी प्रशासनकै मिलेमतोमा अवैध उत्खनन भइरहेको छ। विशेषगरी औरही नदी क्षेत्रमा मापदण्डविपरीत करिब तीन किलोमिटर तलसम्म उत्खनन गरिएको दृश्य पूर्व-पश्चिम राजमार्गअन्तर्गत पर्ने औरही पुलबाट प्रस्ट देख्न सकिन्छ। चार लेनको औरही पुल निर्माणमा संलग्न एक कामदारका अनुसार दिनहुँ ट्र्याक्टर, टिपर र बकेट प्रयोग गरी उत्खनन भइरहेको छ। रातिराति डोजर लगाएर उत्खनन हुने गरेको प्रत्यक्षदर्शीको भनाइ छ। 'दिनभर उत्खनन हुन्छ, कहिलेकाहीँ राति डोजर नै प्रयोग गरी उत्खनन हुन्छ,' उनले भने।

मिथिला नगरपालिकाले औरहीसहित बसही, जलाद, जगधर, वडहरी र रातु नदीबाट खानीजन्य पदार्थ उत्खननका लागि चालू आर्थिक वर्ष ०८२/८३ मा नेरिसा कन्स्ट्रक्सन कम्पनी प्रालि काठमाडौं महानगरपालिका- ६ लाई भ्याटसहित तीन करोड पाँच लाख ६२ हजार २७३ रुपैयाँ ८० पैसामा ठेक्का दिएको छ। १४ फागुनमा भएको सम्झौताअनुसार जेठ मसान्तसम्म ती ६ नदीबाट एक लाख २१ हजार ८३० घनमिटर ग्राभेल, ढुंगा र बालुवा उत्खनन गर्न अनुमति दिइएको छ। सम्झौतामा सूर्योदयदेखि सूर्यास्तसम्म मात्र उत्खनन गर्न पाइनेसहित ३३ बुँदे सर्त राखिएको छ। तर, स्थानीयवासीका अनुसार निर्धारित परिमाणभन्दा धेरै उत्खनन भइसकेको छ।



धनुषाको औरही खोलाबाट निकालिएको बालुवा र गिट्टी।

ठेकेदार पक्षका प्रतिनिधि नवराज पहाडीले भने औरही नदीमा आफूहरूले उत्खनन सुरु नगरेको दाबी गरे। 'हामीले होइन, पहिलेदेखि नै त्यहाँ उत्खनन भइरहेको हो। अब सुरु गर्ने तयारीमा छौं,' उनले भने। नदीकिनारमा रहेका क्रसर तथा बालुवा प्रशोधन उद्योगहरू निर्वाध रूपमा सञ्चालन भइरहेका छन्।

मापदण्डविपरीत उत्खनन भइरहँदा पनि सम्बन्धित निकाय मौन देखिएका छन्।

इलाका प्रहरी कार्यालय र नगरपालिका कार्यालय नदीबाट क्रमशः दुई र तीन किलोमिटर दूरीमा भए पनि नियन्त्रणमा प्रभावकारी पहल नदेखिएको स्थानीयको गुनासो छ। प्रहरी र नगरपालिकाबिच भने समन्वयको अभाव देखिएको छ। मिथिला नगरपालिकाका मेयर महेन्द्र महतोले उत्खनन नियन्त्रणमा प्रहरी प्रशासनबाट अपेक्षित सहयोग नपाएको बताए। उनले भने, 'स्वीकृति नपाएका सवारीसाधनबाट समेत उत्खनन भइरहेको छ। प्रहरीले नियन्त्रणमा चासो दिएको छैन।'

इलाका प्रहरी कार्यालय ढल्केवरका प्रहरी निरीक्षक लक्ष्मण केसीले भने नगरपालिकाबाट आवश्यक विवरण नपाउँदा नियन्त्रण गर्न समस्या भएको बताएका छन्। कहाँ, कति र कसरी उत्खनन गर्ने भन्ने स्पष्ट विवरण नपाउँदा कारबाही गर्न कठिन भइरहेको उनले दाबी गरे। स्थानीय युवाले निरन्तर विरोध जनाए पनि प्रभावकारी कदम नचालिएको उनीहरूको गुनासो छ। उत्खननविरुद्ध उभिँदा औरही नदीमा २५ पुस ०७६ मा मिथिला नगरपालिका- ५, श्रीपुरका २४ वर्षीय ओमप्रकाश महतोको निर्मम हत्या भएको थियो। पर्यावरण अभियन्ता सुनीलकुमार सिंहले भने, 'हामीले पटक-पटक आवाज उठाएका छौं, तर समस्या समाधान भएको छैन। तीनै तहका सरकार मौन छन्।'

मिथिला नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत हरिशंकर यादवले भने अनुगमन समितिले स्थलगत निरीक्षण गरिसकेको र प्रतिवेदन आएपछि आवश्यक प्रक्रिया अघि बढाइने बताएका छन्। उनले ठेकेदारलाई सम्झौताविपरीत उत्खनन नगर्न सचेत गराइसकेको उनले बताए। जिल्ला समन्वय समिति धनुषाका सभापति तथा अवैध बालुवा-गिट्टी नियन्त्रण समिति धनुषाका संयोजक राजनन्द मण्डलले अवैध उत्खनन भइरहेको स्वीकार गर्दै रातिको समयमा हुने गतिविधि नियन्त्रण गर्न कठिन भएको बताए। 'अनुगमन हुन्छ, कारबाही पनि गरेका छौं, तर राति हुने उत्खनन रोक्न चुनौती छ,' उनले भने।

राजनीतिमा नैतिकता

राजनीतिमा एक पाना कागजमा लेखिएको 'रा-जी-ना-मा' चार अक्षरले नै देश नैतिकवान् बन्ने हो



● बलराम केसी

अग्रलेख

गृहमन्त्री सुदन गुरुङले मन्त्री पदबाट राजीनामा दिएर नेपालको राजनीतिमा नैतिकताको इतिहास बनाउनुभयो । राजीनामाले पद ठुलो होइन, इमानदारी र नैतिकता ठुलो भन्ने देखियो । मन्त्रीमा जनताको आस्था र विश्वास भइरहनुपर्छ । नैतिकवान्का लागि मन्त्री पद आउँछ, जान्छ । अनैतिकका लागि मात्र पद गयो भने आउँदैन भन्ने डर हुन्छ । आस्था र विश्वास गुमाएपछि इमानदारी र नैतिकता गुम्छ र मन्त्री पदप्रति नै जनताको आस्था हुँदैन भन्ने सन्देश गुरुङले दिनुभयो । पुराना नेताले गुरुङबाट सिक्नुपर्छ । नैतिकताले समाजको दिल जित्छ, अनैतिकले सक्दैन । नैतिकवान्लाई सबैले विश्वास गर्छन्, पत्याउँछन्, अनैतिकलाई विश्वास गर्दैनन्, पत्याउँदैनन् । नैतिकता नभएको नेता देशका लागि दायित्व हुन्छ भने भएको व्यक्ति सम्पत्ति हुन्छ ।


नैतिकताको विषयमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीलाई बिर्सिनुहुँदैन । उहाँ 'यदि प्रधानमन्त्रीको कुर्सीमा बस्नु छ भने जनताको मन जित' भन्नुहुन्थ्यो । मतलब प्रधानमन्त्री बन्ने हो भने इमानदार र नैतिकवान् बन्नुपर्छ, भ्रष्टाचार गर्नुहुँदैन भनेको हो । गुरुङमा मोदीको 'फर्मुला' देखियो । राजीनामा गरेर गुरुङले उच्च नैतिकता देखाउनुभयो । उहाँको राजीनामाले सरकारको पनि उच्च नैतिकता देखियो । सरकार र मन्त्रीहरूमा नैतिकता हुनुपर्छ भन्ने जनताको अपेक्षा हुन्छ । गणतन्त्रमा यसअघिको सरकारमा नैतिकताको खडेरी थियो । गुरुङको राजीनामा नैतिकताको प्रतीक मर्यादा र शपथप्रतिको इमानदारी हो । नेतामा नैतिकता नभएपछि भ्रष्टाचार, कुशासन फस्टाउँछ । नेपाल भ्रष्ट देशमा परेकै नेताले गर्दा हो । नेतामा नैतिकता नभएकाले जेन-जी आन्दोलन भएको हो ।

विगतमा पनि नेपालमा नैतिकवान् नेता हुँदै नभएका होइनन् । प्रजातन्त्रको दुरुपयोग गरी सत्तालाई कमाउधन्दामा परिणत गरिएपछि नैतिकता हराउँदै गएको हो । ०३० सालमा आगलागीबाट सिंहदरबार ध्वस्त भयो । तत्कालीन प्रधानमन्त्री कीर्तिनिधि विष्टले नैतिकता देखाएर राजीनामा गरे । ०४२ साल हावाहुरी आएर दशरथ रंगशालामा भागदौड हुँदा कैयौंको ज्यान गयो । शिक्षामन्त्री केशरबहादुर विष्ट थिए । उनले भोलिपल्टै राजीनामा गरे । ०३७ सालमा पञ्चायतबारे जनमतसंग्रह भयो । अनौपचारिक नतिजामा बहुदलको ५५ प्रतिशत र पञ्चायतको ४५ प्रतिशत थियो रे, तर औपचारिक नतिजा ४५ प्रतिशत बहुदलको र ५५ प्रतिशत पञ्चायतको भनियो । कंग्रेसको एक समूहले नतिजा स्विकार्न हुँदैन भन्दा बिपी कोइरालाले स्विकानुपर्छ भन्नुभयो । नैतिकता भनेको त्यो हो ।

०६२-६३ को आन्दोलनपछि व्यवस्थापिका संसद्को बहुमतले राजतन्त्र उन्मूलन गर्ने प्रस्ताव पास गऱ्यो । राजा ज्ञानेन्द्रले गद्दी छाडे । त्यो पनि हो नैतिकता । भर्खरै कांग्रेसको विशेष महाधिवेशनबाट गगन थापा सभापति निर्वाचित भए । थापाले सभापतिको हैसियतले खासै केही गरेका थिएनन् । चुनावमा दोस्रो दल बनेका काराण नैतिक जिम्मेवारी लिएर राजीनामा गरे । भलै त्यो स्वीकार्य भएन । विष्टबाट सुरु भएको नैतिकता थापासम्मले बचाए ।

यहाँनेर विदेशीको पनि नैतिकताको नमुना सम्झिनुपर्छ । बेलायतका तात्कालीन प्रधानमन्त्री डेविड क्यामरुनले बेलायत इयूमा रहने या नरहने भनेर जनमत गराए । नरहने पक्षले दुई प्रतिशतको जित हासिल गऱ्यो । क्यामरुनले राजीनामा गरे । थेरेसा मेले दुईतिहाइ बहुमत ल्याउँछु भनेर संसद् विघटन गरिन् । तर, भनेजस्तो बहुमत आउन सकेन । उनले नैतिकताका आधारमा राजीनामा गरिन् । हामीकहाँ भने विश्वासको मत नपाएपछि पनि राजीनामा नगरेको देखियो ।

नैतिकताको परिभाषा गरेको पाइँदैन । अब नैतिकताको परिभाषा र व्याख्या आवश्यक देखियो । नैतिकताविपरीत काम गरेर राजीनामा नगरे पदमुक्त हुने कानुनी व्यवस्था आजको माग हो । नैतिकता भएको देशमा रेल, पानीजहाज, हवाईजहाज दुर्घटना भयो भने यातायातमन्त्रीले राजीनामा गर्छन् । अपार्टमेन्ट ढल्यो वा आगलागी भयो भने निर्माण कम्पनीका प्रमुखले राजीनामा गर्छन् । 'रुलिङ पार्टी'ले चुनाव हाऱ्यो भने प्रधानमन्त्रीले राजीनामा गर्छन् । कुनै मन्त्रालयबाट गोप्य कुरा बाहिरियो वा गलत मान्छे कुनै पदमा नियुक्ति दिइएछ भने मन्त्री, प्रधानमन्त्रीले राजीनामा गर्छन् । प्रधानमन्त्रीको कार्यक्षमतामा अभाव देखियो, अलोकप्रिय भयो, महँगी बढ्यो वा बेरोजगारी बढ्यो भने प्रधानमन्त्रीले राजीनामा



गर्ने परम्परा विश्वभर चलेको छ । तर, हामीकहाँ भने नैतिकताको खडेरी नै देखिँदै आयो ।

रास्वपा सरकार गठनअगाडिसम्म सिंहदरबार अनेकौं काण्ड, घोटाला, भ्रष्टाचारलगायत 'इपिसेन्टर' बनेको थियो भन्दा फरक नपर्ला । सिंहदरबारमा नैतिकताको खडेरी परेको महसुस हुन्थ्यो । विगतमा सर्वोच्च अदालतले दुईपटकसम्म संसद् विघटन बदर गऱ्यो । तर, विघटन सिफारिसकर्ताले राजीनामा गरेनन् । आर्थिक तथा सामाजिक न्यायका लागि ल्याइएको भूमिसम्बन्धी ऐन २०२१ को उद्देश्यविपरीत अध्यादेश जारी गरी हदबन्दीभन्दा बढीको जग्गा भूमाफियासँग मिलेर प्लटिङ गरेर बेच्न सरकारले अध्यादेशबाट ऐन नै संशोधन गरिदियो । गिरिबन्धु काण्डको चर्चा अझै सेलाइसकेको छैन । सर्वोच्च अदालतले त्यस ऐनलाई पनि बदर गऱ्यो, तैपनि राजीनामा आएन । नेपाली नागरिकलाई भुटानी शरणार्थी बनाएर अमेरिका पठाउने धन्दा सार्वजनिक भयो । तर, यस काण्डमा जिम्मेवार पदाधिकारीले राजीनामा गरेनन् । बरु एउटा अनैतिकता लुकाउन अर्को अनैतिक कार्य गरे । दुई ठुला दलले सातबुँदे सम्झौता गरेर आफैं सरकार बनाएर ती काण्डलाई दबाए । प्रधानमन्त्री पदको भागबन्डा लगाइयो । यो कार्य 'फ्रड-अन-द-कन्स्टच्युसन' थियो । 'फ्रड-अन-द-कन्स्टच्युसन' पनि अनैतिक कार्य हो ।

> जनतालाई 'डेलिभरी' दिने राजनीतिक नेतृत्व एवं कर्मचारीतन्त्रको चालचलन, चरित्र र व्यवहार समाज र आमजनताप्रति उच्चकोटिको हुनुपर्छ । त्यसमा कुनै समस्या आउनासाथ नैतिकताको प्रश्न उठ्छ, जनताको भरोसा टुट्छ ।

रास्वपाको उदयले बालेन-रवि लामिछानेको 'कोलिसन' भएको छ । एक करोड उनानब्बे लाख मतदाताको रोजाइले 'कोलिसन' भएको हो । ती दुईले भोट मागेनन्, काम मागे । विज्ञापन गरेनन्, प्रचारप्रसार गरेनन् । झुक्याएर, ढाँटेर भाषण गरेनन् । जनता नैतिकवान्, इमानदार, कर्मठ, सत्यवादी, भ्रष्टाचारविरोधी, जवान नेता देख्न चाहन्थे । मतदाता नैतिकवान् नेताको खोजीमा थिए । त्यसैले तिनले १८२ नैतिकवान् व्यक्ति छनोट गरे ।

सिंहदरबारमा नैतिकता बहाल भयो । अमेरिकाको टाइम म्यागेजिनले हाम्रा प्रधानमन्त्रीलाई विश्वका १०० प्रभावशाली व्यक्तिभित्र ट्रम्पसँगै राख्नु नैतिकताको उपलब्धि हो ।

गुरुङको राजीनामालाई हतार भन्नुपर्छ । समिति गठन गरेर छानबिन गराएर प्रतिवेदन पर्खन सकिन्थ्यो । गुरुङले बिचौलिया समूहसमेतको सेयर भएको कम्पनीमा लगानी गरेको विषय सार्वजनिक भयो । धेरै प्रोमोटर भएर नै पब्लिक लिमिटेड कम्पनी गठन हुन्छ । एउटा सेयर होल्डरले अर्को सेयर होल्डरबारे जानकारी राख्दैनन् । 'कर्पोरेट कानुन'को मान्यता यही हो । कर्पोरेट कानुन, बैंकिङ, इनसाइडर ट्रेडिङ, सेयर खरिद-बिक्रीसम्बन्धी सेबोन, फौजदारी अपराध र चार्टर एकाउन्टेन्टसमेतको निष्पक्ष, विज्ञको समिति बनाएर प्राप्त रिपोर्टका आधारमा राजीनामा गर्ने-नगर्ने निर्णमा पुग्न सकिन्थ्यो ।

संवैधानिक कानुनमा 'प्राइभेट इन्ट्रेस्ट मस्ट इल्ड टु पब्लिक इन्ट्रेस्ट' अर्थात् निजी स्वार्थले सार्वजनिक स्वार्थका लागि स्थान दिनुपर्छ भनिन्छ । गुरुङलाई अनैतिक भनिएको होइन । गुरुङको राजीनामा नै नैतिकताको पालना हो । सरकारलाई कुनै आरोप नलागोस् भनेर पवित्र इच्छाले राजीनामा गर्नुभएको भन्नुपर्छ । राजीनामा दिएर उहाँले नेपाली राजनीतिमा नैतिकताको मानक स्थापित गर्नुभयो । नैतिकता अवस्था र परिस्थितिअनुसार देखिन्छ । नैतिकता भनेको न्याय, मर्यादा, असल चालचलन, इमानदारी, सद्विवेक, बुद्धिमानीजस्ता सभ्य र कुशल नागरिकले समाज, आफ्नो संस्था, कार्यालय र पदको जवाफदेहिता बुझेर पदत्याग गर्ने कार्य हो ।

सरकार दुई प्रकारको हुन्छ । पहिलो- राजनीतिक व्यक्तिको समूह, जसलाई मन्त्रीपरिषद् भनिन्छ । दोस्रो- कर्मचारीतन्त्र । दुवै वर्ग सार्वजनिक पद धारणा गरेका राष्ट्रसेवक हुन् । यिनले 'होल्ड' गर्ने पदको दायित्व जनतालाई निष्पक्ष भएर तदारुकतासाथ सेवा प्रदान गर्नु हो । यिनको समाज र जनताप्रति महत्त्वपूर्ण जवाफदेहिता हुन्छ । यी वर्गमा पर्नेहरूको नैतिकता उच्चकोटिको हुनु अनिवार्य हुन्छ । जनतालाई 'डेलिभरी' दिने यी दुई वर्गका सदस्यको चालचलन, चरित्र र व्यवहार समाज र आमजनताप्रति उच्चकोटिको हुनुपर्छ । यी वर्गका व्यक्तिलाई पदमा रहुन्जेल विवादित हुने काम गर्ने छुट हुँदैन । दुवै वर्गका व्यक्तिबाट विवादित काम भएमा सरकारप्रति जनताको आस्था रहँदैन । यिनका चरित्र र काम-कारबाही स्वच्छ हुनुपर्छ । आचारसंहिता, कानुन, संविधान र नैतिकता पालना गर्नुपर्छ । उल्लंघनको कल्पना गरिँदैन । उल्लंघन भएछ भने पदत्याग गर्नुपर्छ । नैतिकता भनेकै यही हो । यस्ता कुराको उल्लंघन स्वतः नैतिकताविपरीत काम हो । सार्वजनिक पदमा नियुक्ति वा मनोनीत भएपछि नैतिकता जीवनको अभिन्न अंग बन्नुपर्छ । सार्वजनिक पदमा पुगेका राष्ट्रसेवक नैतिकवान् हुनैपर्छ ।

अन्त्यमा, सार्वजनिक पदमा बस्नेका लागि नैतिकता आवश्यक गुण हो । आफ्नो गल्ती, अक्षमता, बेइमानी, कमजोरी, पदअनुसारको आचरण पालना गर्न नसक्नु अनैतिक कार्य हो । शपथ र संविधानविपरीत काम गर्नु, आफूलाई फाइदा हुने तथा आफ्नो संस्था देश र जनतालाई हानि पुग्ने गरी गरिएको वा गरिने जुनसुकै कार्य अनैतिक कार्य हुन्छ । जानी-नजानी कमजोरी भएछ भने त्यसलाई स्विकारेर राजीनामा गरी स्वेच्छाले पदमुक्त हुनु नै नैतिकता हो । सभ्य देश नैतिकतामा चलेका हुन्छन् । गुरुङले सुरु गरेको रा-जी-ना-मा को चार अक्षरको सार्वजनिक पदधारण गरिरहेका र भविष्यमा गर्नेका लागि नैतिकता प्रेरणादायी बन्नुपर्छ । तब मात्र रवि लामिछने र बालेन सरकारले नेपाललाई शुद्धीकरण गर्न सुरु गरेको काम भविष्यमा पूरा हुनेछ ।

(केसी सर्वोच्च अदालतका पूर्वन्यायाधीश हुन्)

---

३ प्रश्न

राजनीतिक विश्लेषक **चन्द्रकिशोर**लाई



नेपालको राजनीतिमा क्षेत्रीय दलहरूको आवश्यकता कति छ ?

देश संघीयतामा जानुको राजनीतिक र संवैधानिक औचित्य नै यही आवश्यकतामा आधारित छ । हाम्रो संविधानले देशमा विविधता, बहुजातीयता, बहुधार्मिकता, बहुभाषिकता तथा बहुसांस्कृतिकता छ भन्ने स्विकाऱ्यो । तर, यस्तो विविधतायुक्त देशमा क्षेत्रीय शक्ति पनि हुन सक्छन् भनेरचाहिँ संविधानले परिकल्पना नै गरेन । यो देशमा संघीयता तिनै क्षेत्रीय शक्तिका कारण आएको हो । यति धेरै विविधता भएको देशमा स्थानीय एजेन्डा, आवश्यकता र विशेषताले 'रिजलन फोर्स'को आवश्यकता महसुस गराउन सक्छ । हरेक प्रदेशको स्थानीय आधार र औचित्य फरक-फरक हुन सक्छ । त्यसअनुसार स्थापित क्षेत्रीय दल आआफ्नो राज्यमा बलिया भए पनि संघमा तिनको उपस्थिति नहुन पनि सक्छ । तर, तिनले संघीय संसद्सित संवाद गर्न र आफ्नो क्षेत्रका मुद्दा संघसम्म पुऱ्याउन राज्यले तिनलाई पनि संघीय संसद् सचिवालयमा बस्ने स्थान दिनुपर्छ । त्यहाँबाट तिनले संघका सांसदहरूसित अन्तर्क्रिया गरेर आफ्ना मुद्दाबारे तिनलाई अवगत गराउन सक्छन् ।

हाम्रो संविधानले नै क्षेत्रीय शक्तिलाई उठ्न दिइरहेको छैन भन्न खोज्नुभएको हो ?

हाम्रो संविधानले 'राष्ट्रिय दल'का लागि 'थ्रेसहोल्ड' नामको बार लगाएर थ्रेसहोल्ड कटाउन नसक्नेजतिलाई 'अराष्ट्रिय' करार गरिदियो । संविधानले त क्षेत्रीय आवाजलाई पल्लवित र पुष्पित हुने अवसर दिनुपर्ने हो नि ! 'रिजनल फोर्स' राष्ट्रिय राजनीतिका 'सेफ्टी भल्ब' हुन् । तिनले उपेक्षित वर्गलाई मूलधारमा ल्याएर राष्ट्रियतालाई बलियो बनाउन सघाउँछन् । आखिर जहाँ जनता हुन्छन्, केन्द्र त्यहीं त हुने हो ।

क्षेत्रीय शक्तिहरूलाई उठ्न दिन के गर्नुपर्ला त ?

यसका लागि संविधानमै 'करेक्सन' जरुरी छ । संविधानले नै देशको विविधता स्विकारिसकेपछि क्षेत्रीय शक्ति उदाउने बाटो कुण्ठित गराउनु हुँदैन । देशमा सयौं थुंगा फूल छन् भन्ने स्विकारिसकेपछि तिनबाट फरक-फरक बास्ना आउन सक्छ भन्ने पनि त स्विकार्नुपऱ्यो नि !

प्रेरक प्रसंग

अवसरको चित्र

एकपटक एक ग्राहक चित्र बिक्री कक्षामा पुगे । उनी बिक्री कक्षका चित्र एक-एक गरी नियाल्दै थिए । अचानक उनका आँखा अनौठा चित्रमा पुगेर टक्क रोकिए । त्यहाँ एकसाथ दुई अलग-अलग चित्र राखिएका थिए । ती दुईमध्ये पहिलो चित्रको अनुहार नदेखिने गरी कपालले ढाकेको थियो भने खुट्टामा पखेटा थिए । दोस्रो चित्रको शिरको पछिल्लो भाग पूरै खुइलिएको थियो ।



दुई अनौठा चित्र देखाउँदै ग्राहकले व्यापारीसित सोधे- साहुजी, यो केको चित्र हो ? व्यापारीले जवाफ दिए- हजुर, यो अवसरको चित्र हो । ग्राहकले पुनः प्रश्न गरे- यो चित्रको अनुहार किन कपालले ढाकिएको छ ? व्यापारीले जवाफ दिए- किनकि, प्रायः जब अवसर आउँछ, तब मानिसले उसलाई चिन्दैनन् । ग्राहकले प्रश्न गरे- अनि यो खुट्टामा पखेटा किन छन् नि ? व्यापारीले जवाफ फर्काए- किनकि, अवसर आयो भने पनि यो तुरुन्तै भागिहाल्छ । यसको ठिक समयमा ठिक ढंगले उपयोग हुन सकेन भने यो तत्काल उडिहाल्छ ।

व्यापारीको जवाफ ध्यानपूर्वक सुनिरहेका ग्राहकले पुनः प्रश्न गरे- अनि, यो पछिल्तिरबाट तालु खुइलिँदै गएको चित्रचाहिँ केको हो नि ? व्यापारीले जवाफ दिए- यो पनि अवसरकै हो । तपाईं अवसरलाई अगाडिबाटै समात्न सफल हुनुभयो भने त त्यो तपाईंकै भइहाल्यो । कर्म त्यो फुत्किहाल्यो र केहीपछि तपाईंले त्यसलाई पक्रिने कोसिस गर्नुभयो भने उसको पछाडिबाट खुलिएको शिर भेट्नुहुनेछ, जुन तपाईंको हात पर्नासाथ चिप्लिएर टाढा पुग्नेछ । तपाईं त्यसलाई पक्रन असफल हुनुहुनेछ । व्यापारीको जवाफबाट ग्राहकले जीवनको एक अमूल्य रहस्यबोध गर्ने अवसर पाए ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

सवारीसाधनको दुरुपयोग रोकियोस्

सरकारले पहुँचका आधारमा सरकारी सवारीसाधनमा मनपरी गर्ने कर्मचारीमाथि कडाइ गरी सवारीसाधनको दुरुपयोग रोक्ने प्रयास गरेको समाचार सुन्दा खुसी लाग्यो । अहिले विभिन्न तहका कर्मचारीले कानुनविपरीत ६ सयभन्दा बढी गाडी दुरुपयोग गरिरहेको र गाडी सुविधा नपाउने हैसियतका कनिष्ठ तहका कर्मचारीले पहुँचका भरमा सवारीसाधनको सुविधा लिइरहेका रहेछन् । अब तिनीहरूमाथि कडाइ गरी सवारीसाधनको दुरुपयोग रोकियोस् । कसैले पनि पहुँचका भरमा यसरी सरकारी सवारीसाधनको दुरुपयोग गर्नु भनेको अख्तियारको गम्भीर उल्लंघन पनि हो । यस विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पनि अनुसन्धान गरी कारबाही प्रक्रिया अघि बढाओस् ।

● **उमिता चौधरी**, बल्खु, काठमाडौं

व्यवस्थापन छिटो गर

सरकारले अहिले सुकुमवासी समस्या सदाका लागि समाधान गर्ने भन्दै काठमाडौं उपत्यकाभित्रका सुकुमवासी बस्ती डोजर लगाएर भत्काइरहेको छ । सरकारले राम्रै नियतले बस्ती भत्काएको होला, त्यहाँ आश्रित परिवारलाई हटाएको होला भनेर अहिलेलाई शंकाको सुविधा दिऊँ । तर, अब त्यस्ता बस्तीबाट हटाइएका परिवारको व्यवस्थापन छिटो गर्नुपर्छ । अन्यथा, उनीहरूमा विभिन्न समस्या आउन सक्छ । एकजनाले त आत्महत्या नै गरिसके । त्यसैले, तिनको व्यवस्थापन छिटो गरियोस् ।

● **अपूर्व लम्साल**, कालिमाटी, काठमाडौं

सरकारको सकारात्मक निर्णय

कृषि तथा पशुपक्षी विकास मन्त्रालयले न्यूनतम समर्थन मूल्य र न्यूनतम खरिद मूल्य निर्धारणसम्बन्धी नयाँ निर्देशिका जारी गरेको खबर सकारात्मक छ । खासगरी यो देशमा सबैभन्दा पीडित भनेकै किसान हुन् । रातदिन पसिना बगाएर खेती गर्दा पनि उब्जनीले लगानी उठाउन नसक्ने अवस्थामा उनीहरू छन् । दुःख गरेर किसानले उत्पादन गर्छन् । तर, फाइदा भने किसानले होइन, बिचौलियाले पाइरहेको छन् । उपभोक्ता र किसान कहिलेसम्म मरिरहने ?

● **सोनिमा डंगोल**, सानोठिमी, भक्तपुर

सुकुमवासी व्यवस्थापनमा विरोध किन ?

एमाले, कांग्रेस, माओवादी, राप्रपालगायत दलका नेताले सरकारको किन विरोध गरिरहेका छन्, थाहा भएन । सरकारले गलत गर्दा औंला उठाउनुपर्छ, तर सही कामको समर्थन गर्न किन नसकेका हुन् यिनले ? बालेन सरकारले अहिले सुकुमवासीलाई हटाउन लागेको होइन, उचित ठाउँमा व्यवस्थापन गर्न लागेको मात्र हो । यस्तो कुरामा पनि विरोध केका लागि ? वर्षौंदेखिको सुकुमवासी समस्या हल गर्न लागेको सरकारलाई उनीहरूले पनि साथ र सहयोग दिनुपर्ने होइन र ? सधैं विरोध मात्र गर्ने ? आजसम्म कांग्रेस, एमाले, माओवादी, राप्रपालगायत सबै दलका सरकार बने पनि खोइ त सुकुमवासी समस्याको हल भएको ? ठुला कुरा गरेर हुँदैन, परिणाममुखी काम गर्नुपऱ्यो ।

सरकारले हिजोदेखि भत्केको सिस्टम अहिले बसाल्न लागेको छ । यसमा हामीले गर्व गर्नुपर्छ । विगतमा विदेशी दूत आउँदा खुलमखुल्ला प्रधानमन्त्रीसँग भेट हुन्थ्यो, अहिले परराष्ट्रमन्त्री र अर्थमन्त्रीलाई भेटेर आफ्नो कुरा राखेर गएका छन्, यो हामी नेपालीले गर्व गर्नुपर्ने विषय होइन र ? साँच्चै भन्नुपर्दा अहिले भारतीय जनता र मिडियाले समेत बालेनजस्ता प्रधानमन्त्री भन्न थालेका छन्, यो हाम्रा लागि गर्वको विषय होइन ? यस्ता सकारात्मक विषयप्रति प्रतिपक्षी दलको ध्यान जाँदैन, खाली विरोध गरेका छन् । आखिर विरोध केका लागि, पहिला त्यो प्रस्ट हुनुपऱ्यो । भोलि सुकुमवासीको उचित व्यवस्था भएन भने विरोध गर्नु ठिक । भर्खर त डाटा संकलन गर्ने काम भइरहेको छ । वास्तविक सुकुमवासी पहिचान गरी तिनको व्यवस्थापन गर्छौं भनेकै छ सरकारले । तैपनि, विरोध किन ?

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं
mirepu@gmail.com

पश्चिम बंगाल विधान सभा चुनावको सन्देश

तृणमूल कंग्रेसले यसपटक विधान सभा चुनाव भाजपाविरुद्ध मात्र होइन, केन्द्र सरकारको नियन्त्रणमा रहेका संयन्त्रविरुद्धसमेत लड्नुपऱ्यो

देश / विदेश

● सन्तनु

भर्खरै सम्पन्न पश्चिम बंगाल विधान सभा चुनाव केवल तृणमूल कंग्रेस र भारतीय जनता पार्टी (भाजपा)बिचको प्रतिस्पर्धाका रूपमा व्याख्या गर्नु मात्र पर्याप्त हुँदैन । यसपटक तृणमूल कंग्रेसले एकैसाथ राजनीतिक प्रतिद्वन्द्वीका अतिरिक्त त्यस प्रतिद्वन्द्वीको नियन्त्रणमा रहेका भारतको केन्द्रीय राज्यका संयन्त्रविरुद्धसमेत लड्नुपऱ्यो । निर्वाचन आयोग, केन्द्रीय अनुसन्धान एजेन्सीहरू, केन्द्रीय सशस्त्र बलदेखि न्यायपालिकासम्मको संयुक्त भारले यसपटकको चुनावलाई आपत्कालपछिकै देशको सबैभन्दा हस्तक्षेपकारी चुनाव बनाइदियो ।

एसआइआर : मताधिकारविमुख गर्ने नियोजित प्रपञ्च : यस हस्तक्षेपको सबैभन्दा बलियो हस्तक्षेपको औजार मतदाता सूचीको संशोधन अर्थात् 'स्पेसल इन्टेन्सिभ रिभिजन (एसआइआर)'का रूपमा आयो । एसआइआरले राज्यमा मतदाता सूचीमा रहेका लगभग ९० लाख नाम हटायो, जुन कुल मतदाताको १२ प्रतिशत हो । तीमध्ये ६० लाखभन्दा बढीलाई बसाइँ सरेर अन्तै गएको वा मृतकका रूपमा वर्गीकृत गरियो । कुल २७ लाखको स्थितिमाथि प्रश्न उठेपछि न्यायाधीकरणमा विचाराधीन थियो ।

सूचीबाट हटाइएकामध्ये लगभग ६५ प्रतिशत मुस्लिम थिए । त्यस्तै, मटुआ समुदायका दलित (नमशुद्र) हिन्दु पनि उल्लेखनीय रूपमा प्रभावित भए । विपन्न वर्गका महिला अर्को लक्षित समूह रहे । यी तिनै त्रिणमूल कंग्रेसका मताधार मानिने समूह हुन् ।

एसआइआरलाई निर्वाचन आयोगले नियमित 'शुद्धीकरण'का रूपमा प्रस्तुत गऱ्यो । तर, यसलाई पश्चिम बंगालमा अन्यत्रभन्दा विशेष मामिलाका रूपमा व्यवहार गरिएको देखियो । भाजपाको सरकार रहेको भन् धेरै मतदाता भएको उत्तर प्रदेशमा जम्मा चारजना पर्यवेक्षक तैनाथ गरिँदा बंगालमा ३० जना खटाइएका थिए । त्यस्तै, एसआइआर चलिरहँदा राज्यका झन्डै ९५ प्रतिशत अधिकारीलाई अन्यत्र स्थानान्तरण गरिनुले पनि प्रश्न उठ्छ । यस्तो कृत्यको प्रशासनिक रूपमा नभई र राजनीतिक रूपमा मात्र व्याख्या गर्न सकिन्छ । त्यसबाहेक बलियो कारणविनै थुप्रै मतदाताको नाम सूचीबाट हटाएको पाइएको छ । आफू मत दिन योग्य भएको प्रमाणित गर्ने बोझ मतदाताको काँधमा सारिएको छ ।

अपिल संयन्त्र आफैंमा भद्दा मजाकका रूपमा कार्यान्वयन भयो । २७ लाख प्रश्न उठेका नाममध्ये पहिलो चरणको चुनावअघि जम्मा १३९ मतदाताको मात्र सुनुवाइ भएको थियो । दोस्रो चरणअगाडि थप एक हजार ४७४ जनाको सुनुवाइ भएको तथ्यांक छ । सुनुवाइ भएका यी सबै मतदाताको नाम गल्तीले हटाइएको निष्कर्ष निस्कियो । बाँकी २७ लाखको विशाल संख्यामा कतिले यस्तो नियति भोगे होलान् ? त्यसबाहेक एसआइआरमा बढी नाम हटाइएका क्षेत्रमा सन् २०२१ मा भाजपाले सानो मतान्तरले हारेका क्षेत्र उल्लेखनीय छन् । ती क्षेत्रमा सूचीबाट नाम हटाइएका मतदाताको संख्या विगतमा जितहार निर्णय भएको मतान्तरणभन्दा उलेख्य बढी छ ।

बाह्य सुरक्षा बलको तैनाथी : निर्वाचन आयोगले यसपटक चुनावमा पश्चिम बंगालभरि केन्द्रीय सशस्त्र प्रहरी बलका दुई हजार ४०७ कम्पनीका लगभग २.४ लाख सैनिक तैनाथ गरेको थियो । यो संख्या दुई वर्षअघि आमनिर्वाचनका क्रममा बंगालमा खटाइएका ९२ हजार सैनिकको संख्याभन्दा लगभग तीनगुणा बढी हो । निर्वाचन आयोगले देशका सबै पाँच प्रमुख अर्धसैनिक बलहरू- केन्द्रीय रिजर्भ प्रहरी बल (सिआरपिएफ), सीमा सुरक्षा बल (बिएसएफ), केन्द्रीय औद्योगिक सुरक्षा बल (सिआइएसएफ), सशस्त्र सीमा बल (एसएसबी) र इन्डो-तिब्बती सीमा प्रहरी (आइटिबिपी)लाई राज्यमा ल्याएको थियो । सशस्त्र विद्रोह नभएको राज्यमा यति ठुलो संख्यामा सुरक्षाकर्मीको उपस्थिति बिरलै गरिन्छ । बाहिरबाट यति धेरै सैन्य बल भित्र्याइँदा राज्यको आफ्नो प्रहरी



बल भने झन्डै निष्क्रियजस्तै भएको थियो ।

उता भाजपाले चुनावी अभियानलाई मुख्यतः राज्यमा छिमेकी बंगालदेशबाट व्यापक घुसपैठ भएको मुद्दामा केन्द्रित गऱ्यो । तिनले पश्चिम बंगालको जनसांख्यिकीय बनोट नै बदलेको र स्थानीयले पाउनुपर्ने जागिर हत्याएको कुरा चर्को रूपमा उठाइयो । खासमा यस अभियानको खास निसाना मुस्लिम धर्मावलम्बीमाथि थियो भनेर कसैले नबुझ्ने कुरा थिएन । जब केन्द्रमा शासन गरिरहेको दलले नै यसरी देशको कुनै विशिष्ट जातीय र धार्मिक पूर्वाग्रहमा आधारित चुनावी अभियान चलाउँछ र त्यसमा राज्य संयन्त्र प्रयोग गर्छ भने यस्तो अभ्यासलाई जनाउन एक विश्लेषणात्मक शब्द छ, फासीवाद ।

■ आवश्यक समयमा न्यायपालिकाको परित्याग

पहिले, भारतको सर्वोच्च अदालत आफैंले त्रुटिपूर्ण भएको स्वीकार गरेको एसआइआर प्रक्रिया रोक्न अस्वीकार गऱ्यो । त्यसपछि सूचीबाट नाम मेटिएका पीडितका गुनासो सम्बोधन गर्न एउटा न्यायाधीकरण खडा गरियो, जो लाखौं मुद्दाको भारमा उठ्न नसक्ने गरी थिचिएको थियो । र, अदालतले लामो समय लाग्ने विचाराधीन मुद्दा भएका मतदातालाई अन्तरिम मतदान अधिकार दिन अस्वीकार गऱ्यो । घुमाउरो रूपमा सर्वोच्च अदालतले केन्द्रकै प्रयासलाई अनुमोदन गरिदियो ।

यत्रो हर्कतका बाबजुद पश्चिम बंगालमा भाजपाले नै जित्छ भन्ने पक्का छैन । तथापि, राज्यसत्तामा रहेको फासीवादी पार्टीलाई आफ्ना मुद्दा कार्यान्वयन गर्न चुनाव नै जित्नुपर्ने अवस्था नहुन सक्छ । वास्तवमा, पश्चिम बंगालको चुनाव भारतमा संघीयतामाथि बढ्दो आक्रमणको पछिल्लो कडी हुन सक्छ । अब केन्द्र सरकारले बल प्रयोग गरेर चुनाव जित्न नसक्दा राज्य सरकारलाई नै अप्रासंगिक बनाउने दिशामा काम गरिरहेको हुन सक्छ । यस्तोमा सन् २०२६ मा पश्चिम बंगालमा जे भइरहेको छ, त्यो सम्पूर्ण देशमा पछि अपनाउन सकिने अभ्यासको रिहर्सल हुन सक्छ । यस्तो नयाँ व्यवस्थाले राज्यमा चुनाव जसले जिते पनि नियन्त्रण प्रणाली भने केन्द्रमा सर्दै जान सक्छ ।

(सन्तनु समाज, राजनीति र कलामाथि टिप्पणी गर्छन्)

द वायरबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

ओपेकबाट युएईको बहिर्गमनले तेलको मूल्यमा आउन सक्छ गिरावट

ओपेकबाट बाहिरिएपछि सदस्यलाई तोक्ने उत्पादन कोटाबाट आफू मुक्त हुने र चाहेजति कच्चा तेल निकाल्ने युएईको मनसाय हुन सक्छ

तेल उत्पादक देशको कार्टेल समूह 'ओपेक' इरान युद्धको पछिल्लो सिकार बनेको छ। संयुक्त अरब इमिरेट्स (युएई) सदस्य बनेको ६० वर्षपछि गत मंगलबार अचानक समूहबाट बाहिरिएपछि गठबन्धन कमजोर बन्ने प्रक्षेपण भइरहेको छ। मुख्यतः साउदी अरबको नेतृत्वदायी भूमिकामा गठित यो समूहले दशकौंदेखि विश्व तेलबजारमा आउने उतारचढावलाई शान्त पार्ने प्रयास गर्छ।

युएईको ओपेकबाट भएको बहिर्गमनले अन्तर्राष्ट्रिय तेल बजारमा मूल्य-युद्ध सुरु हुन सक्छ। त्यसो भएमा आगामी वर्ष तेल बजारमा ठुलो अस्थिरता आउन सक्छ। ओपेकबाट बाहिरिएपछि सो समूहले सदस्यलाई तोक्ने उत्पादन कोटाबाट मुक्त हुने र जति चाह्यो त्यति कच्चा तेल निकाल्ने युएईको मनसाय हुन सक्छ। तर, तत्काल त्यो सम्भव देखिँदैन। अहिले इरानले स्ट्रेट अफ होर्मुजमा नाकाबन्दी लगाएको र युएईको सबै तेल सोही मार्गबाट बाहिरिनुपर्ने बाध्यता छ। त्यसबाहेक भविष्यमा साउदी अरबले आफ्नो विशाल तेल भण्डारलाई युएईविरुद्ध प्रयोग गर्न सक्छ। युद्ध अन्त्य भएपछि भने यी दुई खाडी हेवीवेटबिच युद्धपछि तेलको मूल्ययुद्ध सुरु हुन सक्छ। त्यस्तो मूल्य युद्धले विश्वव्यापी ऊर्जा बजारलाई प्रभावित गर्नेछ र त्यसले अप्रत्याशित आर्थिक परिणाम ल्याउनेछ।



● जिलियन एम्ब्रोस
एम्ब्रोस ऊर्जा पत्रकार हुन्

'साउदी अरबले पूरै शक्ति लगाएर बदला लिनेछ,' लन्डनको बेयस बिजनेस स्कुलका प्रोफेसर माइकल ताम्बाकिसले भने, 'यो निर्णय मुख्यतः साउदीप्रति लक्षित भएकाले पनि रियादले कुनै न कुनै पाठ सिकाउनुपर्ने दबाब महसुस गर्नेछ। भोलिका दिनमा हर्मुज खुलेपछि यी दुई शक्तिबिचको प्रतिस्पर्धाले तेलको मूल्य घट्ने निश्चित छ। घटेको दाममा पुरानै राजस्व कायम राख्न तेल निर्यातको मात्रा अधिकतम गर्नुपर्ने दबाब हुन्छ।'

यस दौडमा साउदी अरबले आफ्नो कच्चा तेल र इन्धनमा छुट दिएर एसियाली खरिददारहरूलाई आफ्नो तेलमाथि निर्भर बनाउने रणनीति लिने अपेक्षा गरिएको छ। युएईको मुख्य बजार पनि यही भेग हो। हुन त युरोपमा प्रशोधित तेल बजारमा युएई अगाडि देखिन्छ। तथापि, साउदी अरबले त्यस भेगमा पनि युएईविरुद्ध 'प्रतिवाद गर्न र बजार हिस्सा कब्जा गर्ने प्रयास गर्न सक्ने' तामवाकिसले बताए।

साउदी अरब विश्वको सबैभन्दा ठुलो तेल निर्यातकर्ता मुलुक हो। युएईमा उसको सबैभन्दा शक्तिशाली प्रतिद्वन्द्वी हो। ओपेकको तेस्रो ठुलो उत्पादक रहेको युएईले समूहको निर्देशनमा सन् २०२४ मा प्रतिदिन ३० लाख ब्यारेलभन्दा कम मात्रै तेल उत्पादन गरेको थियो। अब हर्मुज खुलेर तेल प्रवाह सुचारु भएपछि यसले प्रतिदिन ४५ लाखदेखि ६० लाख ब्यारेलसम्म उत्पादन बढाउन सक्ने अनुमान छ।



इरान द्वन्द्व समाधान हुँदा दुई ठुला तेल उत्पादक देश साउदी अरब र युएईबिच तेलको 'मूल्य युद्ध' सुरु हुन सक्छ, जसका कारण लामो समय विश्वबजारमा तेलको मूल्य सस्तो हुने सम्भावना रहन्छ

साउदी अरब र युएईको तेल उत्पादन लागत विश्वकै सबैभन्दा कममध्ये मानिन्छ। उनीहरूमाथि कार्बन उत्सर्जन कटौती गर्न विश्वले आगामी दशकमा पेट्रोलियम पदार्थमाथि प्रतिबन्ध लगाउने तयारी गरिरहँदा पर्याप्त राजस्व जम्मा गरिसक्नुपर्ने वित्तीय अनिवार्यता छ। अक्सफोर्ड विश्वविद्यालयका आर्थिक नीतिका प्राध्यापक डायटर हेल्मले युएई र साउदी अरबबिच आसन्न मूल्ययुद्ध सन् १९८० को दशक र सन् २०१४ मा तेल बजारमा भारी गिरावट आएको घटनाजस्तो हुन सक्ने बताए। त्यति वेला भारी मूल्य गिरावटले खाडी देशमा लाखौंले रोजगारी गुमाएका थिए भने केही देशमा राजनीतिक अस्थिरता निम्तिएको थियो। 'इरान युद्ध समाप्त भएपछि तेलको मूल्य तीव्र गतिमा घट्ने सम्भावना छ,' हेल्मले भने, 'अहिले मूल्य उच्च छ। यस वेला बढी उत्पादन हुन्छ, जसले फेरि पछि मूल्य घटाउँछ। त्यसमाथि अहिले तेल बजारमा जान नसकेकाले खाडी तेलले ठुलो परिमाणमा तेल र ग्यास भण्डारण गरिरहेका छन्। यसले गर्दा भोलि स्थिति सहज भएपछि बजारमा एक्कासि तेलको बाढी आउनेछ र मूल्यमा ठुलो गिरावट आउनेछ।

इरान युद्धले तेलको मूल्यमा भएको वृद्धिले अमेरिकालाई सबैभन्दा ठुलो फाइदा भइरहेको छ। द्वन्द्वले खाडीको तेल बजारमा आउन रोकिँदा अमेरिका, ब्राजिल र गुयानाजस्ता देशका तेलले विश्वव्यापी बजारमा आफ्नो हिस्सा बढाउने अवसर पाइरहेका छन्। युद्ध जति लम्बियो, यी देशलाई फाइदा हुनेछ। तेलको मूल्यवृद्धिका कारण विश्वका कैयौं देशले जीवाश्म इन्धनमाथिको आफ्नो निर्भरता घटाउने योजनालाई तीव्र पारिरहेका छन्। यसले तेलको मूल्य गिरावटलाई थप तीव्र बनाउन सक्छ। (उत्पादन धेरै हुने तर वैकल्पिक ऊर्जामाथिको जोडले माग कम हुँदा मूल्य थप घट्न पुग्छ।)

यी कारणले युद्धपछिको बजार खाडी राज्यका लागि त्यति सहज हुनेछैन। युद्धले अर्थतन्त्रमा पुऱ्याएको क्षतिको भर्पाई गर्न बजार हिस्सा पुनः हासिल गर्न तिनले सकेसम्म धेरै कच्चा तेल निकाल्नुपर्ने हुन्छ। त्यसैले, लामो अवधिमा तेलको मूल्य कम हुने सम्भावना छ।

यो परिदृश्य ओपेकको घोषित एजेन्डाविपरीत छ। सन् १९६० को दशकदेखि ओपेकको शक्ति तेल बजारको उतारचढावलाई स्थिर बनाउन संयुक्त प्रतिक्रिया जनाउन सक्ने क्षमतामा निर्भर रहँदै आएको छ। जब तेल आपूर्ति घट्दा साउदी अरब र यसका सहयोगी देशले बढ्दो मूल्यलाई शान्त पार्न उत्पादन बढाउँथे। त्यस्तै कच्चा तेलको अत्यधिक आपूर्तिले मूल्य घट्न थालेपछि ओपेकले भारी मूल्य गिरावट रोक्न आफ्नो उत्पादन घटाउने सहमति गर्थे। तर, केही समययता विश्वव्यापी बजारमा देखिएको उथलपुथलले साउदी अरबको पकडलाई चुनौती दिएको थियो र गठबन्धनभित्र असहमतिका संकेत देखिन थालेको थियो।

सन् २०२० मा कोभिड-१९ महामारीबिच विश्वव्यापी अर्थतन्त्रमा आएको अभूतपूर्व सुस्ताका बिच ओपेकले आफ्नो सबैभन्दा ठुलो उत्पादन कटौती कार्यान्वयन गऱ्यो। प्रतिदिन ९.७ मिलियन ब्यारेल तेलको बिक्री कटौती गर्ने समूहको निर्णय विश्वव्यापी तेलको मागमा १० प्रतिशत कटौती थियो। तर, उता अर्को ठुलो उत्पादक मुलुक रुसले उत्पादन घटाउन अस्वीकार गरेपछि साउदी अरब छोटो समयका लागि मस्कोसँग मूल्ययुद्ध सुरु गर्न बाध्य भयो। परिणामस्वरूप तेलको मूल्य २० वर्षकै न्यूनतम बिन्दुमा झऱ्यो र उत्पादक मुलुकमा महामारीको आर्थिक पीडा देखियो। त्यसपछि मात्र रुस र ओपेकबिच सहमति भएको थियो।

रियादले आफ्नो बजार प्रभुत्व पुनर्स्थापित गर्न बजार मूल्य बेवास्ता गरेको यो पहिलोपटक थिएन। सन् २०१४ मा अमेरिकामा सेल ओयल भनिने तेलको अत्यधिक उत्पादन हुँदा तेलबजारमै हाबी हुने खतरा बढ्दै गएको थियो। त्यतिवेला पनि साउदीमन्त्री ओपेक सदस्यले तोकिएको उत्पादन कोटाको उल्लंघन गरेकोप्रति रुष्ट बन्दै राज्यले आफ्नै उत्पादन बढाएर प्रतिक्रिया दिएको थियो। र, त्यसले इतिहासको सबैभन्दा गहिरो र लामो तेल मूल्यको गिरावट निम्त्याएको थियो। ओपेक कार्टेलका साना सदस्य त बजारमै टिक्न नसक्ने अवस्थामा पुगेका थिए। अहिले केही सदस्यले त्यही एक दशकअघिको अवस्था पुनरावृत्ति हुने डरमा छन्।

'एउटा शक्तिशाली खाडी सदस्य गुमाउनुले ओपेकको विश्वसनीयतालाई कमजोर बनाउँछ। यदि समूहमा बाँकी रहेको सदस्यले सामूहिक अनुशासनमार्फत युएईको मात्राको क्षतिपूर्ति गर्न असमर्थ भयो भने मूल्य व्यवस्थापन लागू गर्न गाह्रो हुन सक्छ,' एचएसबिसी इन्भेस्टमेन्टका वरिष्ठ विश्लेषक किम फस्टियरले भने।

- द गार्जियनबाट

इतिहासमा आज

मे ३



सन् १९७९ : बेलायतको पहिलो महिला सरकार प्रमुखका रूपमा मार्गरेट थ्याचर प्रधानमन्त्रीमा चुनिइन्। उनको ११ वर्षे कार्यकालमा सुरु भएको नवउदारवादी सुधारप्रति ब्रिटिस समाज पक्ष र विपक्षमा ध्रुवीकृत भएको थियो।

सन् १९०६ : बेलायतको नियन्त्रणमा रहेको इजिप्टले टर्कीको नियन्त्रणमा रहेको सिनाई प्रायद्वीपमाथि कब्जा जमायो।

सन् १९१३ : भारतको पहिलो कथानक चलचित्र राजा हरिशचन्द्र प्रदर्शनमा आएसँगै विश्वको सबैभन्दा ठुलो फिल्म उद्योगको जग बस्यो।

सन् १९१९ : अफगानिस्तानका तत्कालीन राजा (अमिर) अमानुल्लाह खानले बेलायतविरुद्ध युद्ध घोषणा गरेसँगै तेस्रो अंग्रेज-अफगान युद्ध सुरु भयो।

सन् १९२६ : बेलायतको ट्रेड युनियन कंग्रेसले देशको इतिहासमा पहिलो आमहडताल घोषणा गऱ्यो। कोइलाखानी मजदुरको नेतृत्वमा भएको हडताल मध्यरात हुनुभन्दा एक मिनेटअघिबाट सुरु भएर नौ दिनसम्म चलेको थियो।

सन् १९३७ : अमेरिकी उपन्यासकार मार्गरेट मिचेलले उनको अत्यन्त लोकप्रिय उपन्यास 'गन विद द विन्ड'का लागि पुलिट्जर पुरस्कार जितिन्। दुई वर्षपछि सो उपन्यासको कथामा फिल्म पनि बन्यो, जसले धेरै ओस्कार अवार्ड जित्न सफल भएको थियो।

सन् १९३९ : सुवासचन्द्र बोसको नेतृत्वमा 'अल इन्डिया फरवार्ड ब्लक' नामक वामपन्थी पार्टी स्थापना भयो।

सन् १९४५ : दोस्रो विश्वयुद्धका क्रममा युद्धबन्दी बोकेको जर्मन जहाज 'क्याप अरकोना'माथि मित्रसेनाको हवाई आक्रमण हुँदा पाँच हजार ८०० मारिएका थिए, जुन जहाजजन्य दुर्घटनामा सबैभन्दा धेरैको हताहतीमध्ये एक हो।

सन् १९४७ : दोस्रो विश्वयुद्धपछि बनाइएको जापानी संविधान आजकै दिनबाट लागू।

फेरि सुरु हुन सक्छ इरान युद्ध : तेहरान

तेहरान/ इरानको सेनाले देशमा अमेरिका-इजरायलविरुद्ध तेहरानको युद्ध फेरि सुरु हुने सम्भावना रहेको बताएको छ। इरान र अमेरिकाबिच पाकिस्तानमा हुने भनिएको दोस्रो चरणको वार्ता टरेको अवस्थामा तेहरानको भनाइ सार्वजनिक भएको हो। 'अमेरिकीहरूबाट हुने कुनै पनि नयाँ साहसिक कार्य वा मूर्खताका लागि तेहरान पूर्ण रूपमा तयार छ,' इरानी सेनाले भनेको छ। इरानको सैन्य मुख्यालयले एक विज्ञप्ति जारी गर्दै भनेको छ कि इरान र अमेरिकाबिच युद्ध पुनः सुरु हुने सम्भावना 'अमेरिका कुनै पनि सम्झौता वा सन्धिप्रति प्रतिबद्ध नभएको प्रमाणले देखाउँछ।'

अलजजिराका तेहरान संवाददाता रिसुल सर्दार अटासका अनुसार तेहरानमा यही प्रक्रिया रहेको छ। इरानीहरू विश्वास गर्छन् कि उनीहरूले युद्धअघि वार्ता, इस्लामाबादमा भएको वार्ता र त्यसपछि युद्धविरामको समयमा पर्याप्त लचिलोपन देखाएका छन्। इरानीहरूले अमेरिकाबाट उस्तै दृष्टिकोण देखेका छैनन्, किनकि प्रत्येकपटक इरानले आफ्नो माग कम गरेको छ, जबकि अमेरिकीहरू बढी आक्रामक भएका छन्।

यसअघि इरानले पेस गरेको पछिल्लो शान्ति वार्ताको प्रस्तावलाई अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले अस्वीकार गरेको विवरण सार्वजनिक भएका थिए। इरानको पछिल्लो शान्ति प्रस्तावप्रति असन्तुष्टि व्यक्त गर्दै उनले भनेका छन् 'म सहमत हुन सक्दिनँ।' तर, प्रस्ताव के थियो भन्नेबारे केही उल्लेख छैन।

इजरायली हमलामा १३ जनाको मृत्यु

दक्षिणी लेबननमा इजरायली हवाई आक्रमणमा चार महिला र एक बालकसहित कम्तीमा १३ जनाको मृत्यु भएको छ। तीन भिन्नाभिन्नै स्थानमा भएका हमलामा उनीहरूको मृत्यु भएको हो। इजरायल रक्षा बल (आइडिएफ) ले खाली गर्ने आदेश जारी गरेको नाबाटिह जिल्लाको हबुसमा मारिएका आठजनामध्ये दुई महिला र एक बच्चा पनि छन्। सिडोन जिल्लाको जरारिहमा अन्य दुई महिलासहित चारजनाको मृत्यु भएको छ भने टायर जिल्लाको ऐन बालमा एकजनाको मृत्यु भएको छ। तीनवटा आक्रमणमा कुल ३२ जना घाइते भएका छन्। तीन हप्ताको युद्धविराम विस्तारका बाबजुद पनि इजरायल र हिज्बुल्लाहबिच द्वन्द्व जारी छ। शनिबार इरान समर्थित समूह हिज्बुल्लाहले लेबाननमा इजरायली सैनिक र सैन्य सवारीसाधनलाई लक्षित गरेको बताएको छ।

इजरायली सेनाले बिहीबार दक्षिणी लेबननमा भएको युद्धमा आफ्ना एक सैनिकको मृत्यु भएको बताएको छ। योसँगै मार्चको सुरुवातदेखि हालसम्म १७ इजरायली सेनाको मृत्यु भएको छ।

ट्रम्प, अन्याय र नयाँ अमेरिकी शैली

पछिल्लो समय हामीले अमेरिकामा धेरै समयदेखि नदेखेका विषय अन्तर्राष्ट्रिय उदाहरणमा देख्न पाएका छौं, त्यो हो जवाफदेहिता। एन्ड्रयु माउन्टबेटन-विन्डसर (पूर्वराजकुमार एन्ड्रयु) बेलायतको थेम्स भ्याली प्रहरीले 'सार्वजनिक पदमा रहँदा दुर्व्यवहार' गरेको आशंकामा पक्राउ परे। अदालतले दोषी ठहर गरेमा आजीवन कारावासको सजायका भागीदार उनले जेलमा नै आफ्नो ६६औं जन्मदिन मनाउन बाध्य भए। केही साताअघि सार्वजनिक भएका अमेरिकी एपस्टाइन यौन दुर्व्यवहार प्रकरणमा मुछिएपछि उनी चाँडै अदालतको कठघरमा उभिने प्रायः निश्चित छ। सार्वजनिक भएका फाइलमा एपस्टाइनका निकटका साथी पूर्वराजकुमारसँग जोडिएका र बाल यौन तस्करलाई पठाएको गोप्य इमेल समावेश छन्। माउन्टबेटन-विन्डसरलाई एपस्टाइनको यौन दुर्व्यवहारको 'सर्कल'मा संलग्न भएको आरोप छ। पक्राउ पर्नुअघि माउन्टबेटन-विन्डसरको शाही उपाधि खोसिएको थियो र उनलाई परम्परागत शाही निवासबाट निष्कासनसमेत गरिएको थियो। न्याय उचित रूपमा सम्पन्न होस् भनेर अधिकारीहरूसँग मिलेर काम गर्ने प्रतिबद्धता शाही परिवारले जनाएको छ। यो भयो बेलायतको उदाहरण।

दक्षिण कोरियामा पनि न्यायिक फैसला उचित रूपमा सुनाइएको थियो, किनकि पूर्वराष्ट्रपति युन सुक येओललाई डिसेम्बर २०२४ मा उनको विद्रोहको प्रयासका लागि दोषी करार गर्दै त्यहाँको एक अदालतले आजीवन कारावासको सजाय सुनाएको थियो। उनले त्यहाँ प्रजातन्त्रलाई उल्ट्याउन र आफ्ना राजनीतिक शत्रुविरुद्ध मार्सल ल घोषणा गर्न खोजेको अदालतको ठहर छ। यदि त्यहाँका नागरिक सरकारको रक्षा गर्न नउठेका भए उक्त कदम तानाशाहीमा रूपान्तरण हुन सक्थ्यो। यसका बाबजुद युनलाई उनको उमेर (६५) को अवस्था र त्यो भयानक दिनमा घातक बल प्रयोग नगरेकाले मृत्युदण्डबाट भने मुस्किलले जोगिए।

उल्लेखनीय कुरा के छ भने युनलाई छिटो पक्राउ गरियो, मुद्दा चलाइयो र अन्ततः अदालतले दोषी ठहर गऱ्यो। यस फैसलाले कतिपय दक्षिण कोरियालीमा खुसी ल्याएको छ भने स्वाभाविक रूपमा पूर्वराष्ट्रपतिका समर्थक रुष्ट छन्। फैसलाअघि एउटा समूहको विरोध र फैसलाको स्वागतमा अर्को समूहको खुसियाली यसका उदाहरण हुन्। उनको अपराधका लागि मुद्दा चलाइयो। उनले आफ्नो उचित प्रक्रिया पूरा गरे, तर उनले गरेका अपराधका लागि उनलाई मुद्दा चलाइनेछ भन्नेबारे कहिल्यै प्रश्न उठेन। अब उनले आफ्नो सजाय भोग्नुपर्नेछ।

हामीले देखेको कुरा अमेरिकामासँग तुलना गर्नुहोस्। हाम्रा वर्तमान राष्ट्रपतिलाई जनवरी ६, २०२१ मा सरकार उल्ट्याउने प्रयासका लागि कहिल्यै मुद्दा चलाइएन, जसका कारण धेरैको मृत्यु भयो र सम्पूर्ण देशलाई अस्तव्यस्त बनायो। बरु त्यसपछि उनी सत्तामा फर्किए र आफ्नो प्रयासलाई सहयोग गर्ने अपराधीलाई माफी दिए, जसले हाम्रो न्याय प्रणालीको खिल्ली उडायो।

डोनाल्ड ट्रम्पले अन्य तरिकाले पनि क्षमा प्रणालीलाई तहसनहस पारेका छन्। क्रूर तानाशाह निकोलस मदुरोलाई पक्राउ गर्ने ट्रम्पको तर्क थियो कि भेनेजुएलाका शक्तिशाली व्यक्ति अमेरिकामा फेन्टानिल मृत्युका लागि धेरै हदसम्म जिम्मेवार थिए (यद्यपि यो विवादित छ)। तर, ट्रम्पलाई होन्डुरसका पूर्वराष्ट्रपति जुआन ओर्लान्डो हर्नान्डेजलाई माफी दिन कुनै समस्या थिएन, जहाँ एनपिआरले हर्नान्डेजबारे एक रिपोर्ट गरेको छ, जसमा 'अमेरिकामा ४०० टनभन्दा बढी कोकेन तस्करी गर्न मद्दत गरेकोमा अमेरिकामा दोषी ठहऱ्याइएको थियो।' त्यस अवस्थामा ट्रम्पका साथी र व्यक्तिगत सल्लाहकार रोजर स्टोनले हर्नान्डेजको क्षमाका लागि कडा रूपमा पैरवी गरेका थिए। लागुऔषध ओसारपसार र तस्करको आरोप लगाई एउटा देशका नागरिकलाई उनको अवासमै पुगेर थुतेर अमेरिका ल्याइयो भने तस्करको गम्भीर आरोप लागेका र यसमा प्रमाण भेटिएका अर्का देशका पूर्वराष्ट्रपतिलाई किन माफी दिइयो ?

ट्रम्पको शंकास्पद माफीको सूची लामो छ, यसमा बायनेन्सका संस्थापक चाङपेङ 'सिजेड' झाओजस्ता व्यक्ति समावेश छन्, जसलाई सम्पत्ति शुद्धीकरणको आरोपमा दोषी ठहऱ्याइएको थियो र छोटो समयका लागि जेल सजाय सुनाइएको थियो, साथै ५० मिलियन जरिवाना तिर्न आदेश दिइएको थियो। उनीमाथि व्यापार प्रतिबन्धसमेत लगाइएको थियो। यो शंकास्पद छ कि झाओको कम्पनीले ट्रम्प परिवारको क्रिप्टोकरेन्सी उद्यमसँग सम्बन्धित दुई अर्ब डलर सम्झौता गरेको थियो। ट्रम्पले ३.५ मिलियन 'दान' प्राप्त गरेपछि प्युर्टो रिकोकी पूर्वगभर्नर वान्डा भाज्क्वेज र बैंकर जुलियो हेरेरा भेलुटिनीलाई पनि माफी दिएका थिए।



● रस रोजेनफेल्ड
रोजेनफेल्ड राजनीतिक लेखक हुन्।

> लागुऔषध ओसारपसार र तस्करको आरोप लगाई एउटा देशका नागरिकलाई उनको अवासमै पुगेर थुतेर अमेरिका ल्याइयो भने तस्करको प्रमाण भेटिएका अर्का देशका पूर्वराष्ट्रपतिलाई किन माफी दिइयो ?

ट्रम्पको संसारमा हामी दुई अमेरिका देखिरहेका छौं, एफबिआईका पूर्वनिर्देशक जेम्स कोमी, न्युयोर्कका महान्यायाधिवक्ता लेटिसिया जेम्स वा पत्रकार डन लेमन -उनीहरूले ट्रम्पले लगाएका आरोपका लागि अनुसन्धानको सामना गरेका छन्) र अन्य व्यक्ति, जसले गम्भीर अपराध गर्छन् र राष्ट्रपतिको पक्षमा भएका कारण त्यसबाट उन्मुक्ति पाउँछन्। हामी सबैले निकोल गुड र एलेक्स प्रेटीको हत्या देखेका छौं। त्यहाँ कुनै जवाफदेहिता मात्र थिएन, संघीय सरकारले न्यायिक कारबाही हुनबाट रोक्न सक्रिय रूपमा प्रयास गऱ्यो। आफ्ना एजेन्टलाई मास्क लगाउन र न्यायिक वारेन्टविना घरमा घुस्न अनुमति दिने प्रशासनका लागि अचम्मको कुरा होइन।

तर, न्याय प्रणालीको हाम्रो मजाकको उदाहरण एपस्टाइनको केसजस्तै अस्पष्ट छ। जेफ्री एपस्टाइनले आफैंले २००८ मा सम्झौताको एक अंशमा छुट मात्र पाएनन्, उनीसँग सम्बन्धित सबै शक्तिशाली व्यक्तिले पनि कुनै न कुनै हिसाबले अनैतिक लाभ उठाएका छन्। कंग्रेसलाई उनको बयानका आधारमा महान्यायाधिवक्ता पाम बोन्डी यी शक्तिशाली व्यक्तिविरुद्ध अनुसन्धान गर्न पूर्ण रूपमा इच्छुक छैनन्, जसमा राष्ट्रपति मात्र होइन (२००३ मा एपस्टाइनसँग ट्रम्पको शंकास्पद थियो), बरु उनका वाणिज्यमन्त्री हावर्ड लुटनिक, डिओजिई पर्यवेक्षक र विश्वको सबैभन्दा धनी व्यक्ति एलन मस्क, ट्रम्पका साथी र सल्लाहकार स्टिव ब्यानननलगायत छन्।

अन्य देशले न्यायको खोजी गरिरहेका वेला हामी भने शक्तिशाली व्यक्तिलाई सार्वजनिक गरेर मुद्दा चलाउनुको सट्टा उनीहरूकै पछाडि लागेका छौं, ट्रम्प, अन्याय र नयाँ अमेरिकी तरिका।

- न्युजविकबाट

अर्थ पत्रिका
नयाँ पत्रिका
आइतबार २० वैशाख ०८३

अब प्राधिकरणले बिमा कम्पनीको सम्पत्ति अडिट गर्ने

मिलेमतोमा कम्पनीको सम्पत्ति दुरुपयोग भएपछि नियमनमा कडाइ

मिलन विश्वकर्मा/नयाँ पत्रिका



नियामक निकाय नेपाल बिमा प्राधिकरणले अब बिमा कम्पनीहरूको जग्गा, व्यावसायिक भवनजस्ता स्थिर सम्पत्तिको उपयोगिता परीक्षण (अडिट) गर्ने भएको छ। प्राधिकरणले 'बिमकको स्थिर सम्पत्तिसम्बन्धी निर्देशन, २०८२' जारी गर्दै कम्पनीको सम्पत्तिको उपयोगिता अडिट गर्ने नीति ल्याएको हो।

बिमा कम्पनीको स्थिर सम्पत्तिको दुरुपयोग बढ्दै गएको गुनासो आएपछि प्राधिकरणले त्यसलाई कडाइ गर्न लागेको हो। बिमा कम्पनीहरूले व्यावसायिक भवन बनाएर तथा जग्गासमेत भाडामा दिने गरेको भेटिएको छ। तर, कम्पनीका सीमित व्यक्तिले मिलेमतोमा आफूनजिकका संस्था तथा व्यक्तिलाई बजार मूल्यभन्दा निकै सस्तो दरमा भाडामा दिने गरेको गुनासो आएको प्राधिकरणले जनाएको छ। त्यसबापत अतिरिक्त लाभसमेत लिने गरेको गुनासो प्राधिकरणमा आउने गरेको एक उच्च अधिकारीले बताए। त्यसलाई नियन्त्रण गर्न सम्पत्ति अडिटको अवधारणा ल्याइएको स्रोतको भनाइ छ। 'बिमकको स्वामित्वमा रहेका स्थिर सम्पत्तिहरू तोकिएको प्रयोजनमा प्रयोग भए-नभएको यकिन गर्न प्राधिकरणले समय-समयमा उपयोगिता परीक्षण गर्न वा गराउन सक्नेछ। व्यावसायिक प्रयोजनमा दिइएका सम्पत्तिको भाडादर बजार मूल्यबमोजिम भए-नभएको सोही परीक्षणमा हेरिनेछ,' निर्देशनमा भनिएको छ।

■ सम्पत्ति डिजिटल अभिलेखीकरण गर्नुपर्ने

बिमा कम्पनीहरूले अब आफ्नो स्थिर सम्पत्तिको डिजिटल अभिलेखीकरणसमेत गर्नुपर्ने भएको छ। प्राधिकरणले तोकेको डिजिटल ड्यासबोर्डमा विस्तृत विवरणसहित सम्पत्ति अभिलेखीकरण गर्नुपर्ने व्यवस्था निर्देशिकामा गरिएको छ। 'बिमकले खरिद गरेका वा स्वामित्वमा रहेका सबै स्थिर सम्पत्तिहरूको विवरण, पछिल्लो फोटो र जिआइएस लोकेसन नक्सासहितको विवरण प्राधिकरणले तोकेको डिजिटल ड्यासबोर्डमा प्रविष्ट गर्नुपर्नेछ,' निर्देशिकामा भनिएको छ।

■ सम्पत्ति बिक्रीमा विदेशी स्वामित्वका कम्पनीलाई कडाइ

प्राधिकरणले विदेशी स्वामित्वका कम्पनीलाई सम्पत्ति बिक्री गरेर रकम फिर्ता लैजाने विषयमा भने कडाइ गरेको छ। १० लाखभन्दा बढी मूल्यको सम्पत्ति बिक्री गरेर आफ्नो मुलुक फिर्ता लैजाँदा प्राधिकरणबाट पनि अतिरिक्त रूपमा स्वीकृति लिनुपर्ने व्यवस्था गरिएको छ। 'विदेशी बिमा कम्पनीले नेपालमा रहेको अचल सम्पत्ति वा १० लाख रुपैयाँ वा सोभन्दा बढीको चल सम्पत्ति बेचबिखन वा धितोबन्धक गरिदिँदा वा विदेशी मुलुकमा फिर्ता लैजाँदा प्रचलित कानुनबमोजिम स्वीकृति लिनुपर्ने निकायका अतिरिक्त प्राधिकरणको स्वीकृति लिनुपर्नेछ,' निर्देशिकामा भनिएको छ।

स्वदेशी बिमा कम्पनीलाई भने यस विषयमा खुला छोडिएको छ। स्वदेशी कम्पनीले सम्पत्ति बिक्री गरेको जानकारी प्राधिकरणमा दिए पुग्नेछ। त्यसमा प्राधिकरणको स्वीकृति अनिवार्य हुनुपर्नेछैन। 'स्वदेशी बिमकले लेखा परीक्षण भएको पछिल्लो वित्तीय विवरणबमोजिमको नेटवर्थको दश प्रतिशतभन्दा बढी मूल्यको स्थिर सम्पत्ति एकै आर्थिक वर्षमा बिक्री गरेको खण्डमा सोको जानकारी प्राधिकरणलाई दिनुपर्नेछ,' निर्देशिकामा भनिएको छ। पहिला यसका लागि प्राधिकरणको स्वीकृति अनिवार्य थियो। तर, अहिले त्यस्तो स्वीकृति लिनुपर्ने व्यवस्था हटाइएको छ।

■ कार्यालय वातावरणमैत्री बनाउनुपर्ने

यसैगरी, अब बिमा कम्पनीहरूले आफ्नो कार्यालय प्रयोजनका लागि खरिद तथा निर्माण गर्ने भवनलाई वातावरणमैत्री बनाउनुपर्ने भएको छ। 'बिमकले आफ्नो कार्यालय प्रयोजनका लागि घर खरिद वा निर्माण गर्दा ऊर्जा दक्षता र वातावरणीय दिगोपना सुनिश्चित हुने गरी ग्रिन बिल्डिङका मापदण्डलाई प्राथमिकता दिनुपर्नेछ,' निर्देशिकामा भनिएको छ।

■ लघु र कृषि, पशुपक्षी तथा जडीबुटीका लागि छुट्टाछुट्टै अभिकर्ता

अब 'लघुबिमा' र 'कृषि, पशुपक्षी तथा जडीबुटी बिमा' गराउनका लागि छुट्टाछुट्टै अभिकर्ता हुने व्यवस्था गरिएको छ। प्राधिकरणले बिमा अभिकर्तासम्बन्धी निर्देशिका २०८३ जारी गर्दै यस्तो व्यवस्था गरेको हो। लघुतर्फ लघु जीवन बिमा अभिकर्ता र लघु निर्जीवन बिमा अभिकर्ताको व्यवस्था गरिएको छ। अब गैरसरकारी संस्था, स्वावलम्बन समूह, लघुवित्त वित्तीय संस्था, सहकारी संस्थाले पनि लघुबिमा अभिकर्ता भएर काम गर्न सक्नेछन्। उनीहरूले लघुबिमाको मात्रै बिमा गराउन सक्नेछन्। यस्तै, कृषि, पशुपक्षी तथा जडीबुटीसम्बन्धी बिमा गराउन पनि छुट्टै अभिकर्ता हुने व्यवस्था गरिएको छ।

■ अब तीन वर्गका सर्भेयर

प्राधिकरणले प्राविधिक विशेषज्ञता र कार्य अनुभवका सर्भेयरलाई तीन वर्गमा वर्गीकरण गर्ने नीति ल्याएको छ। प्राधिकरणले बिमा सर्भेयरसम्बन्धी निर्देशन, २०८३ जारी गर्दै यस्तो व्यवस्था गरेको हो। पहिला चार वर्गका सर्भेयर हुने व्यवस्था थियो। न्यूनतम २५ करोड रुपैयाँबराबरको क्षति मूल्यांकन र तीन सयवटा सर्भे प्रतिवेदन बुझाएका सर्भेयरलाई 'क' वर्गमा वर्गीकरण गरिनेछ। न्यूनतम १० करोड रुपैयाँबराबरको क्षति मूल्यांकन र एक सयवटा सर्भे प्रतिवेदन बुझाएकोलाई 'ख' वर्गमा वर्गीकरण गरिने नीति ल्याइएको छ। अन्यलाई भने 'ग' वर्गमा राखिनेछ।

वस्तु तथा आयातको मूल्यनजिक रेमिट्यान्स आप्रवाह

जिडिपीको तुलनामा वस्तु तथा आयात ३४.५२ प्रतिशत हुँदा रेमिट्यान्स ३३.०२ प्रतिशत, कुल आयातलाई रेमिट्यान्सले धान्दा अर्थतन्त्रको बाह्य क्षेत्र बलियो

कृष्ण रिजाल/नयाँ पत्रिका



नेपालमा रेमिट्यान्स आप्रवाह वस्तु तथा सेवा आयातको मूल्य नजिक पुगेको छ। कुल खपतको तुलनामा निर्यात बढाउन नसके पनि रेमिट्यान्स आप्रवाहले आयात मूल्यलाई भरथेग गरेको देखिन्छ।

राष्ट्रिय तथ्यांक कार्यालयका अनुसार चालू आर्थिक वर्ष ०८२/८३ मा नेपालको कुल गार्हस्थ्य उत्पादन (जिडिपी)को आकार ६४ खर्ब ४६ अर्ब ७८ करोड ८० लाख रुपैयाँबराबर पुग्ने अनुमान गरिएको छ। जिडिपीको तुलनामा वस्तु तथा सेवाको आयात ३४.५२ प्रतिशतबराबर र रेमिट्यान्स ३३.०२ प्रतिशतबराबर पुग्ने अनुमान गरिएको छ। अर्थात्, कुल वस्तु तथा आयातको मूल्य र रेमिट्यान्स आयको मूल्य झन्डै-झन्डै बराबर पुग्न थालेको हो।

खपत र निर्यात कम हुँदा पनि रेमिट्यान्स उच्च हुँदा अर्थतन्त्रको बाह्य क्षेत्रसमेत बलियो देखिएको हो। यद्यपि, यो दीर्घ भने नहुने जानकार बताउँछन्। उच्च रेमिट्यान्स आप्रवाहले राष्ट्रिय खर्चयोग्य आयमा समेत भरथेग गरेको कार्यालयको तथ्यांक छ।

पछिल्लो समय रेमिट्यान्स आय उच्च दरमा बढिरहेको देखिएको कार्यालयका प्रवक्ता दुण्डीराज लामिछाने बताउँछन्। यसले समग्र अर्थतन्त्रलाई भरथेग गरेको उनको भनाइ छ। 'रेमिट्यान्स बढेको छ, झन्डै झन्डै आयात मूल्यबराबर नै पुग्न थालेको छ,' उनले भने, 'रेमिट्यान्स व्यक्ति वा संस्थाको खातामा आउने हो, सरकारलाई आउने होइन, तर त्यसले अर्थतन्त्रलाई योगदान गरेको छ, खपत र आयातमा यसले भरथेग गरेको छ।' रेमिट्यान्सकै कारण राष्ट्रिय खर्चयोग्य आयसमेत उच्च दरमा बढेको उनको भनाइ छ।

वैदेशिक रोजगारीमा जाने २८.६ प्रतिशतले वृद्धि

पछिल्लो एक दशक अवधिमा वैदेशिक रोजगारीमा जान श्रम स्वीकृति लिने नेपाली कामदारको संख्या वार्षिक औसत २८.६ प्रतिशतले वृद्धि भएको छ। आर्थिक वर्ष ०८१/८२ मा वैदेशिक रोजगारीमा जान पाँच लाख ६ हजारले नयाँ श्रम स्वीकृति र पुनः श्रम स्वीकृति तीन लाख ३३ हजार गरी जम्मा आठ लाख ३९ हजार नेपाली कामदारले श्रम स्वीकृति लिएका छन्। चालू आर्थिक वर्षको चैत १२ सम्ममा नयाँ श्रम स्वीकृति दुई लाख ८३ हजार र पुनः श्रम स्वीकृति दुई लाख ७४ हजार गरी पाँच लाख ५७ हजार नेपाली कामदारले श्रम स्वीकृति लिएका छन्। रोजगारीका लागि बिदेसिनेको संख्या उच्च हुँदा उनीहरूले पठाउने विप्रेषणसमेत बढिरहेको छ।

पाँच वर्षमा ६३ प्रतिशतले बढ्यो रेमिट्यान्स

पछिल्ला वर्षहरूमा कुल गार्हस्थ्य उत्पादन (जिडिपी)को तुलनामा रेमिट्यान्स आय उच्च दरमा बढेको देखिएको छ। पाँच वर्षयता जिडिपीको तुलनामा रेमिट्यान्स आय ६३.१५ प्रतिशतले बढेको कार्यालयको तथ्यांक छ। आर्थिक वर्ष ०७८/७९ मा जिडिपीको तुलनामा रेमिट्यान्स आय २०.२४ प्रतिशत रहेको थियो। चालू आवमा भने जिडिपीको तुलनामा रेमिट्यान्स ३३.०२ प्रतिशत पुग्ने अनुमान गरिएको छ। यसबिचमा जिडिपीसँगको तुलनामा रेमिट्यान्स आय १२.७८ विन्दु प्रतिशतले बढेको देखिन्छ।

चालू आवको आठ महिनामा विप्रेषण आप्रवाह १४ खर्ब ४९ अर्ब ६५ करोड रुपैयाँबराबर पुगेको छ। अघिल्लो वर्षको सोही अवधिको तुलनमा यो ३७.७ प्रतिशतले बढी हो। अमेरिकी डलरमा विप्रेषण आप्रवाह ३१.० प्रतिशतले वृद्धि भई १० अर्ब १५ करोडबराबर पुगेको छ। अघिल्लो वर्ष यस्तो आप्रवाह ७.१ प्रतिशतले बढेको थियो।

आर्थिक वर्ष	जिडिपीको तुलनामा रेमिट्यान्स आप्रवाह (प्रतिशतमा)	जिडिपीको तुलनामा वस्तु तथा सेवा आयात (प्रतिशतमा)
०७७/७८	२०.४२	४२.६४
०७८/७९	२०.२४	४२.२७
०७९/८०	२२.८२	३४.६८
०८०/८१	२५.०९	३२.६२
०८१/८२	२७.८०	३३.७२
०८२/८३	३३.०२	३४.५२



जिडिपीको तुलनामा आयात घट्दो

जिडिपीको तुलनामा आयातको आकार भने घट्दै गएको देखिन्छ। आर्थिक वर्ष ०७८/७९ मा जिडिपीको तुलनामा वस्तु तथा सेवा आयात ४२.२७ प्रतिशत रहेको थियो। चालू आवमा भने जिडिपीको तुलनामा वस्तु तथा सेवा आयात ३४.५२ प्रतिशत पुग्ने अनुमान गरिएको छ। यसबिचमा जिडिपीसँगको तुलनामा वस्तु तथा सेवा आयात ७.७५ विन्दु प्रतिशतले घटेको देखिन्छ।

चालू आवको आठ महिनामा कुल वस्तु आयात १२ खर्ब ८९ अर्ब २५ करोड रुपैयाँबराबर पुगेको छ। यो अघिल्लो वर्षको सोही अवधिको तुलनामा १२.५ प्रतिशतले बढी हो। वस्तु आयात गरिने मुलुकका आधारमा भारत, चीन र अन्य मुलुकबाट भएको आयात क्रमशः ५.१ प्रतिशत, २१.२ प्रतिशत र २६.० प्रतिशतले वृद्धि भएको राष्ट्र बैंकको तथ्यांक छ।

वैदेशिक रोजगारीमाथिको निर्भरता बढ्दो

अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले हालै सार्वजनिक गरेको नेपालको वर्तमान आर्थिक स्थितिपत्रमा वैदेशिक रोजगारीमाथिको निर्भरता बढ्दो अवस्थामा रहेको उल्लेख गरेका छन्। उनले रेमिट्यान्सले अर्थतन्त्रमा अल्पकालीन राहत दिए पनि दीर्घकालमा भने जोखिम निम्त्याउने विश्लेषण गरेका छन्। 'मुलुकभित्र मर्यादित रोजगारीका अवसर सिर्जना नहुँदा वैदेशिक रोजगारीमा निर्भरता बढेको छ, रोजगारीका लागि बिदेसिनेको संख्या उच्च हुँदा उनीहरूले पठाउने विप्रेषणले बाह्य क्षेत्र सन्तुलन, गरिबी निवारण, आन्तरिक माग तथा सामाजिक क्षेत्रमा अल्पकालीन राहत दिए पनि यसले देशभित्र दक्ष तथा अर्धदक्ष जनशक्तिको अभाव र समष्टिगत मागमा कमी ल्याउनुका साथै दीर्घकालमा मानव पुँजीको ह्रास हुने जोखिम बढेको छ,' स्थितिपत्रमा उल्लेख छ, 'स्वदेशमा रोजगारीका पर्याप्त अवसर सिर्जना गरी बाध्यात्मक रूपमा वैदेशिक रोजगारीमा जानुपर्ने अवस्थाको अन्त्य गर्नुपर्नेछ।'

रेमिट्यान्सले अर्थतन्त्रलाई भरथेग गरेको छ

● **ढुण्डीराज लामिछाने**, प्रवक्ता, राष्ट्रिय तथ्यांक कार्यालय



रेमिट्यान्स बढेको छ, झन्डै-झन्डै आयात मूल्यबराबर नै पुग्न थालेको छ। रेमिट्यान्स व्यक्ति वा संस्थाको खातामा आउने हो, सरकारलाई आउने होइन, तर त्यसले अर्थतन्त्रलाई योगदान गरेको छ, खपत र आयातमा यसले भरथेग गरेको छ। रेमिट्यान्सकै कारण राष्ट्रिय खर्चयोग्य आयसमेत उच्च दरमा बढेको छ। यसले समग्र अर्थतन्त्रलाई भरथेग गरेको छ।

संक्षेप

'सुनमा विलासिता कर गलत'



काठमाडौं/ प्रमुख प्रतिपक्ष दल नेपाली कांग्रेसको संसदीय दलका नेता भीष्मराज आङ्देम्बेले सुन र हिरामा विलासिताको कर लगाउन नहुने बताएका छन्। शनिबार काठमाडौंमा सम्पन्न नेपाल सुनचाँदी व्यवसायी रत्न तथा आभूषण महासंघको १२औँ वार्षिक साधारणसभामा उनले सुन र हिरामा विलासिताको कर लगाउनु गलत भएको बताए।

उनले प्रतिपक्षबाटै संसद्मा विलासिताको कर हटाउन पहल गर्ने पनि बताए। 'नेपाली कांग्रेस पहिलेदेखि नै सुन तथा हिरामा लगाइएको विलासिताको करको विपक्षमा छ। तर, यो विलासिता होइन। यो नेपालको संस्कृति र पहिचानसँग जोडिएको छ। तसर्थ, यसमा विलासिताको कर लगाउनुहुँदैन,' उनले भने, 'अहिले हामी प्रतिपक्षमा छौं। प्रतिपक्षबाटै यसको खारेजीका लागि आवाज उठाउँछौ।' यस्तै, महासंघका अध्यक्ष किसान सुनारले सुनचाँदी व्यवसायीलाई राज्यले संरक्षण गर्नुपर्ने बताए। 'यसै पनि अहिले सुनचाँदीको मूल्य उच्च छ। त्यसमाथि विलासिताको कर छ,' उनले भने, 'यसले व्यवसाय प्रभावित भइरहेको छ। तसर्थ, करको विषयमा सरकारले पुनर्विचार गर्न आवश्यक छ।'

बिहीबारदेखि काठमाडौंमा साउथ एसिया ट्रेड फेयर हुँदै

काठमाडौं/ दक्षिण एसिया क्षेत्रका उद्योग, व्यापार तथा सेवासम्बन्धी अवसरलाई एकै थलोमा ल्याउने उद्देश्यसहित २४ वैशाखदेखि 'साउथ एसिया ट्रेड फेयर २०२६' हुँदै छ। मेलामा भारत, बंगलादेश, नेपाल, भुटान, पाकिस्तान, अफगानिस्तान, करिब एक सय ५० भन्दा बढी प्रदर्शक सहभागी हुने र झन्डै एक लाख स्थानीय दर्शक तथा पाँच हजार अन्तर्राष्ट्रिय तथा व्यावसायिक प्रतिनिधिको उपस्थितिको अपेक्षा गरिएको मेला संयोजक सुमन महर्जनले बताए। देशभित्र लामो समयदेखि सुस्त रहेको व्यापारिक वातावरण र लगानीगत अनिश्चितताबिच यो मेला निजी क्षेत्रका लागि पुनः सक्रिय हुने प्लाटफर्म बन्ने अपेक्षा गरिएको छ। इन्टोडक्सन ट्रेड सोज नेपालको आयोजनामा हुने मेलामा बंगलादेशको उद्योग मन्त्रालय तथा एक्सपोर्ट प्रोमोसन ब्युरोको सहकार्य रहेको छ। कार्यक्रमलाई इन्डोर्स वाईका रूपमा भुटान सरकारको उद्योग, वाणिज्य तथा रोजगारी मन्त्रालयले समर्थन गरेको छ। सहयोगी संस्थाहरूमा नेपाल चेम्बर अफ कमर्स, नेपाल घरेलु तथा साना उद्योग महासंघ, ललितपुर चेम्बर अफ कमर्स एन्ड इन्डस्ट्री, भक्तपुर चेम्बर अफ कमर्स एन्ड इन्डस्ट्री, चेम्बर अफ इन्डस्ट्रिज मोरङ, ललितपुर चेम्बर अफ कमर्स, नेपाल-चाइना एक्जक्युटिभ काउन्सिललगायत छन्।

अनौपचारिक श्रमिकलाई सामाजिक सुरक्षा कोषमा जोड्दै भीमफेदी

मकवानपुर/ देशमै पहिलोपटक अनौपचारिक क्षेत्रका श्रमिकलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराएको मकवानपुरको भीमफेदी गाउँपालिकाले अभियानलाई निरन्तरता दिएको छ। भीमफेदीमा हालसम्म तीन सय ११ जना अनौपचारिक क्षेत्रका श्रमिक योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रममा जोडिएका छन्।

गाउँपालिकाका अध्यक्ष हिदम लामाका अनुसार ०८० साउन ३० देखि सुरु गरिएको कार्यक्रमलाई निरन्तर विस्तार गरिएको हो। गाउँपालिकाले श्रमिकको न्यूनतम पारिश्रमिकको ११ प्रतिशत र स्थानीय तहबाट ९.३५ प्रतिशत योगदान थप गरी कुल २०.३५ प्रतिशत अर्थात् मासिक दुई हजार चार सय ७९ रुपैयाँ कोषमा जम्मा भएको लामाले जानकारी दिए। सामाजिक सुरक्षा कार्यक्रमका लागि गाउँपालिकाले चालू आर्थिक वर्षमा ३५ लाख रुपैयाँ बजेट विनियोजन गरेको छ। सोही बजेटबाट ४७ जना महिला स्वास्थ्य स्वयंसेविका र ७९ जना अनौपचारिक श्रमिक आबद्ध गराइएको छ।

डिजिटल विभाजन न्यूनीकरण प्राथमिकतामा : सञ्चारमन्त्री

काठमाडौं/ सञ्चार तथा सूचना प्रविधिमन्त्री डा. विक्रम तिमिल्सिनाले सूचना प्रविधिको पूर्वाधार विकास, जनशक्ति वृद्धि तथा साक्षरता अभिवृद्धि गर्दै देशमा डिजिटल विभाजन (डिजिटल डिभाइड) न्यूनीकरण गर्ने प्रतिबद्धता व्यक्त गरेका छन्। नवौं राष्ट्रिय सूचना तथा सञ्चार प्रविधि दिवस, २०८३ का अवसरमा शनिबार आयोजित कार्यक्रममा उनले यस्तो प्रतिबद्धता गरेका हुन्।



'सूचना प्रविधिको विस्तार : दिगो विकासको आधार' भन्ने मूल नारासहित मनाइँदै गरेको दिवसका अवसरमा शुभकामना दिँदै उनले सरकारले सुरक्षित, विश्वसनीय, समावेशी तथा दिगो डिजिटल इकोसिस्टम निर्माणलाई प्रमुख प्राथमिकतामा राखेको बताए। 'देशभर उच्च गतिको ब्रोडब्यान्ड इन्टरनेट विस्तार, सरकारी डेटा सेन्टर तथा डिजास्टर रिकभरी प्रणालीको सुदृढीकरण, डिजिटल साक्षरता अभिवृद्धि तथा दक्ष जनशक्ति उत्पादनमार्फत डिजिटल विभाजन न्यूनीकरण गर्ने प्रतिबद्धता गर्दछु,' उनले भने।

मन्त्री तिमिल्सिनाले सूचना प्रविधि क्षेत्रलाई रोजगारी सिर्जना, युवा प्रतिभा प्रवर्द्धन, स्टार्टअप विकास तथा राष्ट्रिय अर्थतन्त्रको नयाँ वृद्धि इन्जिनका रूपमा स्थापित गर्ने लक्ष्य सरकारको रहेको समेत बताए।

■ उद्योग वाणिज्य महासंघ निर्वाचन

७३ पदमा १३७ उम्मेदवार भिड्दै

वर्तमान अध्यक्ष ढकाल र भावी अध्यक्ष श्रेष्ठ समर्थित दुई प्यानल प्रतिस्पर्धामा

नयाँ पत्रिका



नेपाल उद्योग वाणिज्य महासंघको निर्वाचनमा ७३ पदका लागि एक सय ३७ उम्मेदवार उत्रिएका छन्। २१ र २२ वैशाखमा हुने महासंघको ६०औँ वार्षिक साधारणसभा तथा अधिवेशनका लागि महासंघ निर्वाचन समितिले शनिबार अन्तिम नामावली प्रकाशन गरेको हो।

महासंघ विधानअनुसार हालका वरिष्ठ उपाध्यक्ष रहेका अञ्जन श्रेष्ठ स्वतः अध्यक्ष बन्नेछन्। बाँकी चार उपाध्यक्षसहित ७३ पदका लागि निर्वाचन हुनेछ। साधारणसभाबाट निर्वाचित कार्यसमितिले वरिष्ठ उपाध्यक्ष र कोषाध्यक्ष चयन गर्नेछ। महासंघका अनुसार २१ वैशाखमा ललितपुरको ग्वार्कोस्थित होटेल रोयल टुलिपमा साधारणसभा उद्घाट हुने तथा २२ वैशाखमा कमलादीस्थित नेपाल प्रज्ञा-प्रतिष्ठानमा निर्वाचन हुनेछ। साधारणसभाले जिल्ला नगरतर्फ दुई उपाध्यक्ष, वस्तुगततर्फ एक र एसोसिएटतर्फ एक गरी चार उपाध्यक्ष चयन गर्नेछ। त्यस्तै, जिल्लानगरतर्फबाट सदस्यमा ३१ जना, वस्तुगततर्फ १७ जना र एसोसिएटतर्फ १९ जना सदस्य निर्वाचित हुनेछन्। निर्वाचनमा छुट्टाछुट्टै प्यानल बनाएर दुई समूह प्रतिस्पर्धामा उत्रिएका छन्।

वरिष्ठ उपाध्यक्षका आकांक्षीद्वय हेमराज ढकाल र सुरकृष्ण वैद्य प्यानलसहित चुनावमा होमिएका छन्। ढकाल प्यानललाई वर्तमान अध्यक्ष चन्द्रप्रसाद ढकाल र वैद्य प्यानललाई आगामी अध्यक्ष अञ्जन श्रेष्ठको समर्थन रहेको देखिन्छ। उनीहरू दुवैले खुला रूपमा आ-आफ्ना प्यानललाई भोट माग्दै आएका छन्। यद्यपि, सहमतिको प्रयास गर्नेसमेत बताउँदै आएका छन्। ढकालको प्यानलमा एसोसिएट उपाध्यक्षमा ज्योत्सना श्रेष्ठ, वस्तुगत उपाध्यक्षमा नरेशलाल श्रेष्ठ, महिला उपाध्यक्षमा कमला श्रेष्ठ र जिल्ला नगर उपाध्यक्षहरूमा उमेश डालमिया र कल्पना गैरे रहेका छन्। वैद्य प्यानलमा वस्तुगत उपाध्यक्षमा शिवप्रसाद घिमिरे, एसोसिएट उपाध्यक्षमा प्रबलजंग पाण्डे र जिल्ला नगर उपाध्यक्षमा दिलसुन्दर श्रेष्ठ र कृष्णप्रसाद शर्मा रहेका छन्।

समितिले सार्वजनिक गरेको अन्तिम मतदाता नामावलीअनुसार कुल दुई हजार एक सय ५३ मतदाता रहेका छन्। जसमध्ये जिल्ला नगरतर्फ एक सय २९, वस्तुगततर्फ एक सय २४, द्विवराष्ट्रियतर्फ आठ र एसोसिएटतर्फ एक हजार आठ सय ९२ मतदाता रहेका छन्। निर्वाचनमा होमिएका उपाध्यक्षका उम्मेदवारले ३ लाख रुपैयाँ र कार्यसमिति सदस्यका उम्मेदवारले १ लाख रुपैयाँ मनोनयन शुल्क बुझाउनुपर्छ। त्यस्तै, निर्वाचनमा सहभागी प्रतिनिधिले ४ हजार रुपैयाँ बुझाउनुपर्ने तोकिएको छ।

इको पहिरोले तातोपानी नाका बन्द

नेपाली व्यापारीले ल्याएको १२ कन्टेनर स्याउ कुहिने अवस्थामा

सिन्धुपाल्चोकमा **रामकृष्ण थापा**



सधैं बल्झिरहने इको पहिरोले यसपटक पनि तातोपानी नाका ठप्प बनाएको छ। इको पहिरोमा सडक भासिएर भोटेकोशी नदीमा मिसिएकाले सवारीसाधन आउजाउ ठप्प भएको हो।

पाँच दिनदेखि नाकामा मालवाहक कन्टेनरको आवतजावत बन्द छ। सडक डिभिजन कार्यालय चरिकोटले ठेक्का सम्झौता गरेर धमाधम सडकमुनि पिल्लर उठाइरहेको थियो। तर, परराष्ट्र मन्त्रालयबाट इको पहिरोको नियन्त्रण र सडक निर्माण चिनियाँ कम्पनीले गर्ने पत्र पठाएपछि निर्माणकार्य रोकिएको हो। यद्यपि, हालसम्म चिनियाँ कम्पनी निर्माणस्थलमा आइपुगेको छैन।

यो साता परेको पानीले इको क्षेत्र भासिएको र माथिबाट लेदो आएर सडक पुरेको छ। ठुला मेसिन प्रयोग नगरी सडक नियमित गर्न सम्भव नभएको व्यवसायी शारदा पराजुली बताउँछन्। सडक निर्माण ठप्प भएपछि विभिन्न आयोजनाका लागि ल्याइएको उपकरण र रेडिमेड सामग्री खासामै अड्किएको छ। 'चीनबाट स्याउ ल्याएको १५ दिन भयो। तत्काल सडक नखुलेमा १२ कन्टेनर स्याउ कुहिएर नोक्सान हुने भएकाले चिन्ता लागेको छ,' पराजुलीले भने। इको पहिरो नियन्त्रण चिनियाँ कम्पनीले गर्ने भएकाले नैतिकता र कूटनीतिक रूपमा पनि काम नगरेको सडक डिभिजन कार्यालय चरिकोटका प्रमुख नारायणदत्त भण्डारीले स्पष्ट पारे। 'हामीले काम गरिरहेका थियौं। माथिल्लो निकायले रोक भनेपछि मान्नैपऱ्यो,' भण्डारीले भने।

यता सिन्धुपाल्चोक क्षेत्र नं १ का सांसद भरतप्रसाद पराजुलीले सडकको सम्पूर्ण निर्माण चीन सरकारले गर्ने जानकारी दिए। यसरी पहिरोका कारण नाकाबन्द भएकाले व्यापारी निराश भएका छन्।

वैदेशिक रोजगारीमा जाने श्रमिकसँग नगद कारोबार बन्देज

काठमाडौं/ वैदेशिक रोजगारीमा जाने श्रमिकसँग लिने सेवा शुल्कबापतको रकम म्यानपावर कम्पनीले अनिवार्य रूपमा बैंकिङ च्यानलमार्फत नै बुझ्नुपर्ने भएको छ। श्रमिकबाट नगदमा ठुलो रकम बुझ्ने र औसतमा १० हजार रुपैयाँ मात्रै बैंकिङ च्यानलबाट बुझ्ने विकृति झाँगिँदै गएको र ठगी पर्ने श्रमिकलाई क्षतिपूर्ति दिलाउन मुस्किल भएको भन्दै वैदेशिक रोजगार विभागले म्यानपावरलाई बैंकिङ च्यानलमार्फत मात्रै सेवा शुल्क बुझ्न परिपत्र गरेको हो।

श्रमिकलाई पनि सेवा शुल्कबापत बुझाउनुपर्ने रकम नगदमा नदिन विभागले अनुरोध गरेको छ। म्यानपावरलाई बुझाएको रकम बैंकिङ च्यानलमा देखिए ठगी गरेको उजुरी प्रमाणित हुँदा क्षतिपूर्ति दिलाउन सजिलो हुने विभागले जनाएको छ। 'नगद कारोबार गर्दा ठगी भएको खण्डमा प्रमाण पुऱ्याउन कठिन हुने भएकाले कुनै पनि इजाजतपत्रवाला संस्था, सो संस्थाका सञ्चालक, संस्थासँग आबद्ध कर्मचारी-प्रतिनिधि वा अन्य कुनै पनि व्यक्तिलाई वैदेशिक रोजगारमा जानका लागि या वैदेशिक रोजगारीसँग सम्बन्धित कुनै पनि आर्थिक कार्य नगदमा नगर्नु-नगराउनुहुन अनुरोध छ,' विभागले भनेको छ। म्यानपावरले पनि बैंकिङ च्यानलबाहेक नगदमा कारोबार गरेको भेटिए कारबाही गर्ने पनि विभागको चेतावनी छ।

हाल खाडी मुलुक जानका लागि प्रतिकामदार १० हजार रुपैयाँ सेवा शुल्क लिन पाउने प्रावधान छ। तर, म्यानपावर व्यवसायीले डेढ लाखदेखि चार लाख रुपैयाँसम्म लिएर श्रमिकलाई दुःख दिइरहेको गुनासो विभागमा पुग्ने गरेको छ।

विकट र दुर्गम क्षेत्रमा भिस्याट प्रविधिमार्फत टेलिकमको सेवा



नयाँ पत्रिका

नेपाल टेलिकमले देशका विभिन्न विकट तथा दुर्गम क्षेत्रमा पनि सेवा प्रदान गर्दै आएको छ। टेलिकमले स्याटेलाइट प्रविधिमा आधारित जिएसएम मोबाइल तथा भिस्याट टेलिसेन्टर उपकरण जडान गरी टुजी प्रविधिमा आधारित जिएसएम मोबाइल, टेलिफोन र डेटा सेवा प्रदान गर्दै आएको हो। टेलिकमका अनुसार चालू आर्थिक वर्षमा डोल्पा जिल्लाको उपल्लो डोल्पास्थित कान्छो गाउँ कुगाउँ तथा निजाल, च्छो-रोल्पा पदमार्ग रहेको दोलखाको ना-गाउँ र गोसाइँकुण्ड पदमार्ग रहेको रसुवाको चन्दनबारी गरी चार स्थानमा स्याटेलाइट प्रविधिमा आधारित जिएसएम मोबाइल सेवा विस्तार गरिएको छ।

हाल टेलिकमले विभिन्न ३८ स्थानमा यो प्रविधिबाट मोबाइल सेवा प्रवाह गरिरहेको छ। यो प्रविधिका सबैभन्दा बढी अर्थात् १४ साइट डोल्पामा छन्। डोल्पाको छार्का-ताङसोङ, छार्का, धो, घुन्सापास, कलाङ, मुकोट, निजाल, फोक्सुन्डो, साल्दाङ, सिम्बाडाँडा, सिमेन्कोमास, तिन्जे, भिजेर र कुगाउँमा यी साइट छन्। यस्तै, हुम्लाको गोठी, राया, रोडीकोट, श्रीनगर र श्रीमष्ट तथा मुगुको मुगुगाउँ, पुलु, रारा (मुर्मा), सोरुकोट र भी गरी पाँच-पाँच स्थानमा साइट रहेको बताइएको छ।

यसैगरी, मनाङको भीमथाङ, फुर नार, दोलखाको बेदिङ र ना-गाउँ (च्छो-रोल्पा), ताप्लेजुङको घुन्सा र ओलाङचुङगोला, सोलुखुम्बुको गोरक्छेप र मोन्जु, रसुवाको गोसाइँकुण्ड र चन्दनबारी तथा दार्चुलाको टिंकर, बाजुराको बिच्छा र जुम्लाको गुठीचौरमा पनि साइट रहेको टेलिकमले जनाएको छ। सहरी र सुगम क्षेत्रमा मात्र नभई अत्यन्त विकट तथा जनसंख्याको कोणबाट निकै कम मानिस रहने दुर्गम बस्तीमा सेवा उपलब्ध गराउन भिस्याट प्रविधिको प्रयोग गरिएको जनाइएको छ। 'यस्ता दुर्गम बस्तीहरूमा सेवा उपलब्ध गराउन कम्पनीले हेलिकोप्टरबाट उपकरण र सामान ओसारेरसमेत दूरसञ्चार सेवा उपलब्ध गराउँदै आएको छ। आगामी दिनमा यी साइटलाई अन्य प्रविधिमार्फत स्तरोन्नति गर्ने कार्य गरिनेछ,' टेलिकमले विज्ञप्तिमा भनेको छ।

यो काम नेपाल टेलिकमद्वारा कार्यान्वयन भइरहेको ब्याकबोन ट्रान्समिसन परियोजनाअन्तर्गत भइरहेको हो। त्यसैगरी, ब्याकबोन प्रसारण निर्देशनालयअन्तर्गत सञ्चालित अप्टिकल फाइबर नेटवर्कको विस्तारमार्फत पूर्व-पश्चिम तथा उत्तर-दक्षिण करिडोरसँगै प्रमुख सहरी, अर्धसहरी तथा ग्रामीण क्षेत्रहरूमा उच्च क्षमतायुक्त, सुरक्षित तथा भरपर्दो डेटा ट्रान्समिसन सेवा सुनिश्चित गर्न आवश्यक कार्यसमेत भइरहेको टेलिकमले जनाएको छ।

निर्देशनालयअन्तर्गत ब्याकबोन सुदृढीकरण कार्यक्रमका विविध गतिविधि चरणबद्ध रूपमा कार्यान्वयन भइरहेको बताइएको छन्। यसअनुसार विभिन्न स्थानमा अप्टिकल फाइबर केबल (ओएफसी) सर्भे, एडिएसएस ओएफसी विस्तारलगायतका कार्य भएको टेलिकमले उल्लेख गरेको छ। सडकमा अन्डरग्राउन्ड ओएफसी विस्तार, विकट ग्रामीण क्षेत्र तथा विभिन्न सडकहरूमा अप्टिकल फाइबर ट्रान्समिसन नेटवर्क विस्तारको काम पनि भइरहेको छ।

उपकरण तथा नेटवर्क सुदृढीकरणतर्फ उच्च क्षमतायुक्त राउटर तथा डिडब्लुडिएम उपकरण जडान तथा स्थानान्तरणमार्फत नेटवर्क क्षमतामा उल्लेखनीय अभिवृद्धि गरिएको पनि बताइएको छ।

कमला बगरमा तरबुजा खेतीबाट आय–आर्जन गर्दै विपन्न दलित परिवार

सिराहाको बेतहा, निर्दना, चतरी, बनिनियाँ, भोक्राहा, सारश्वर, बसबिट्टा, बडेर्वा, मानपुर तथा धनुषातर्फ किरतपुर, ढोलबजा, हरिने, लक्कर, हथमुन्डा गाउँका करिब एक हजार निम्न किसान तथा गरिब दलित परिवारले गर्छन् बगरखेती

लहानमा **मणिलाल विश्वकर्मा**



सिराहा र धनुषा जोड्ने कमला नदीको बगरको तरबुजा खेती स्थानीय गरिब दलितका लागि आय-आर्जनको भरपर्दो माध्यम बनेको छ। वैशाखको पहिलो सातादेखि खान योग्य भएपछि तरबुजा बिक्री गरेर गरिब दलित परिवारले तीन-चार महिनाको घरखर्च चलाउँदै र कर्जा तिर्दै आएका छन्।

'गाउँका छरछिमेकले बगरमा तरबुजा फलाएर आम्दानी गरेको देखेर पहिलोपटक खेती गरेको हुँ,' कमला किनारसँगै टाँसिएको पूर्वी धनुषाको सबैला नगरपालिका- ४, पटेर्वाका करिब ५१ वर्षीय नन्दा मुखिया भन्छन्, 'बगरको करिब पाँच कट्ठामा रोपेको तरबुजा वैशाखको दोस्रो सातासम्म ४० हजार रुपैयाँको बिक्री गरिसकेँ।' अब करिब ५० हजार रुपैयाँसम्मको बिक्री गर्न बाँकी रहेको उनले बताए। पटेर्वा गाउँछेउको कमलाको बगरमा स्थानीय करिब ६० घरधुरी दलित गरिबले तरबुजा, लौका, काँक्रा खेती गरिरहेको उनले सुनाए।

उनकै छिमेकी ५३ वर्षीय सुखचैन मुखियाले पछिल्लो सात वर्षदेखि बगरमा तरबुजा फलाएर बेच्दै आएको बताए। पछिल्लो वर्ष सबैभन्दा बढी करिब दुई लाख रुपैयाँको तरबुजा बिक्री गरेको सुनाउँदै उनले भने, 'यो वर्ष करिब एक बिघा खेती गरेको छु। तर, फुल्ने वेलामा पूर्वीतरबाट हावा बहेकाले त्यति राम्रो सप्रिएन।' तरबुजा खेतीमा बिउ, सिँचाइ, मलसहित प्रतिबिघा करिब ५० हजार लगानी गर्नुपर्ने जानकारी दिँदै उनले थपे, 'गरिबसँग त्यति रकम नहुने भएकाले ऋण लिएर खेती गर्छौं।'

गाउँमा बस्ने थातथलोसमेत गाउँ ब्लकको पाँच धुर जग्गाबाहेक केही नरहेकी स्थानीय ४० वर्षीया गुलियादेवी सदाय भन्छिन्, 'बालुवा मात्र रहेको बगरमा मिहिनेत गरेर खेती गर्दा दुई-चार महिनाका लागि भए पनि जीविका चलाउन सहज हुन्छ।' पहिलोपटक पाँच कट्ठा बगरमा तरबुजा फलाएकी उनले त्यही बिक्री गरेर श्रीमान्, सासू, ससुरा, ६ बहिनी छोरीसहित १० जनाको परिवारलाई केही महिनाका लागि खर्च धान्न सहज हुने बताइन्।

स्थानीय तहको छैन पहल, व्यापारी मालामाल

कात्तिक शुक्ल पूर्णिमादेखि करिब दुई सातासम्म तरबुजाको बिउ उमारेर रोपेपछि बगरमै टहरा हालेर कुर्नुपर्ने, वेला-वेलामा मलखाद, सिँचाइ गर्नुपर्ने भए पनि स्थानीय सरकारले बगरखेती प्रवर्द्धनका लागि कुनै पहल नगरेको स्थानीयको गुनासो छ। 'पालिका क्षेत्रमा लाखौँ रुपैयाँ खर्चिएर सडक नाला बनाउने स्थानीय सरकार गरिब दलितले गर्ने बगरखेतीका लागि न बजेट छुट्याउँछ, न त पहल नै गर्छ,' उनीहरू भन्छन्।

करिब आठ महिनासम्म दुःख गरेर फलाएको तरबुजा किन्न बगरमै व्यापारी आउने भए पनि लागत मूल्यसमेत नउठ्ने गरी सस्तोमा किन्न खोज्ने उनीहरूको गुनासो छ। 'कम्तीमा ४० रुपैयाँ प्रतिकिलोमा नबेच्ने हो भने लागत मूल्यसमेत उठाउन सकिँदैन,' सदायले भनिन्, 'तर, व्यापारीहरू सस्तोमा किनेर सिराहा, लहान, गोलबजार, जनकपुर, ढल्केबरसम्म लगेर महँगोमा बेचेर मालामाल भइरहेका छन्।'

सिराहाको बेतहा, निर्दना, चतरी, बनिनियाँ, भोक्राहा, सारश्वर, बसबिट्टा, बडेर्वा, मानपुर तथा धनुषातर्फ किरतपुर, ढोलबजा, हरिने, लक्कर, हथमुन्डा गाउँका करिब एक हजार निम्न किसान तथा गरिब दलित घरपरिवारले बगरखेती गरिरहेको कल्याणपुर नगरपालिका-४, परसाहीका दलित अगुवा सुलिन्दर सदायले बताए।

'सबैभन्दा नजिकको भनिएको स्थानीय सरकारले आफ्नो पालिका क्षेत्रका गरिब र निम्न अवस्थाका नागरिकको आर्थिक हैसियत उकास्न बगर खेती प्रवर्द्धन कार्यक्रमका लागि नीति तथा कार्यक्रम र बजेटसहित तालिम, बिउबिजन, अनुदानको मलखाद उपलब्ध गराउनुपर्छ,' उनले भने। त्यसबाहेक बगरको झाडीमा लुकेर बस्ने बँदेल, नीलगाईले राति खेतीमा क्षति पुऱ्याइरहेकाले नियन्त्रणका लागि स्थानीय सरकारले सम्बन्धित निकायसँग पहल र समन्वय गरिदिनुपर्ने उनको माग छ।

कर्पोरेट

अभिकर्ताका लागि नेसनल लाइफको क्रुज सफारी कार्यक्रम



काठमाडौं/ नेसनल लाइफ इन्स्योरेन्स कम्पनीले मनोरञ्जनात्मक नारायणी क्रुज सफारी कार्यक्रम सम्पन्न गरेको छ। कम्पनीले आन्तरिक पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यसहित आफ्ना अभिकर्तालाई दुई रात तीन दिनको कार्यक्रम चितवनको सौराहमा सम्पन्न गरेको हो।

'संस्कृति, सौहार्द र सयरको संगम' नारासहित गत फागुन र चैत महिनामा सञ्चालन गरेको मासिक योजनाअन्तर्गत लक्ष्य पूरा गर्न सफल अभिकर्तालाई मनोरञ्जन दिने गरी कार्यक्रम सम्पन्न गरिएको जनाइएको छ। कार्यक्रममा कम्पनीका एजेन्सी विभाग प्रमुख तथा विभिन्न शाखाका शाखा प्रमुखसहित देशैभरिबाट उत्कृष्ट व्यवसाय गरी योजनामा छनोट हुन सफल तीन सय ५४ जना वरिष्ठ अभिकर्ताको सहभागिता थियो। कार्यक्रममा इन्द्रेणी ग्रुपका सञ्चालक एवं चर्चित कलाकारले लोकदोहोरी तथा नृत्य प्रस्तुत गरेका थिए।

सहभागी अभिकर्ताले क्रुजमा यात्रा गर्ने अवसर प्रदान गरेकोमा कम्पनीप्रति आभार व्यक्त गरेका थिए। यसप्रकारका कार्यक्रमबाट मनोरञ्जनका साथै आफ्नो वृत्ति विकासमा समेत योगदान पुऱ्याउने विश्वास उनीहरूको थियो।

एनआइसी एसियाद्वारा विद्यालयलाई खानेपानी ट्यांकी र पम्प प्रदान



काठमाडौं/ एनआइसी एसिया बैंकले कैलालीस्थित श्री सरस्वती माध्यमिक विद्यालयलाई फिल्टरसहितको खानेपानी ट्यांकी र पम्प उपलब्ध गराएको छ। बैंकले गोदावरी- ५ स्थित उक्त विद्यालयका विद्यार्थीलाई स्वच्छ खानेपानी उपलब्ध गराउने उद्देश्यसहित सो सहयोग गरेको हो। संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत यो सहयोग गरिएको बैंकले जनाएको छ।

एक कार्यक्रमबिच बैंकका सर्कल हेड धनगढीका दीपक विष्टले विद्यालयका प्रधानाध्यापक योगेन्द्रराज ओझालाई सहयोग हस्तान्तरण गरे। यो सहयोगले विद्यार्थीको स्वास्थ्य र शैक्षिक वातावरणमा समेत सहयोग पुग्ने बैंकले विश्वास लिएको जनाएको छ।

नेपाल बैंक र राष्ट्रिय बिमा कम्पनीबिच कर्जा कारोबार सम्झौता



काठमाडौं/ नेपाल बैंक लिमिटेड र राष्ट्रिय बिमा कम्पनी लिमिटेडबिच कर्जा कारोबार गर्ने-गराउनेबारे सम्झौता भएको छ। सम्झौतापत्रमा बैंकका तर्फबाट रिटेल कर्जा प्रमुख अर्जुनबहादुर कँडेल र राष्ट्रिय बिमा कम्पनीका तर्फबाट मुख्य व्यवस्थापक डा. सृजना पन्तले हस्ताक्षर गरेकी छिन्।

सम्झौताअनुसार बिमा कम्पनीमा कार्यरत स्थायी कर्मचारीले नेपाल बैंकको काठमाडौं शाखाबाट १५ लाख रुपैयाँसम्म विनाधितो कर्जा पाउनेछन्। यसबाट बिमा कम्पनीका कर्मचारीले एकै थलोबाट वित्तीय आवश्यक्ता पूर्ति गर्न सक्ने, समय बचत हुने तथा दुवै पक्षबिच संस्थागत सहकार्य थप सुदृढ हुने अपेक्षा गरिएको छ। देशभरमा यस बैंकका दुई सय ३१ शाखा, दुई सय ४६ एटिएमका साथै ६१ एक्सटेन्सन काउन्टर सञ्चालनमा छन्।

बैंकले हाल ग्राहक सेवामा व्यापक सुधार गरी आधुनिक बैंकिङ प्रविधिमार्फत बैंकिङ सेवा दिइरहेको जनाइएको छ। बैंकले छिटो-छरितो र गुणस्तरीय ग्राहक सेवामा जोड दिई युवा जनशक्तिमार्फत नेपालभर बैंकिङ सेवा प्रदान गरिरहेको छ।

कर्मचारी आमालाई स्तनपान गराउन नबिल नर्सिङ रुमको सुरुवात

काठमाडौं/ नबिल बैंक लिमिटेडले तीनधारास्थित केन्द्रीय कार्यालयमा नबिल नर्सिङ रुमको सुरुवात गरेको छ। उक्त नर्सिङ रुमको उद्घाटन बैंकका अध्यक्ष निर्वाण चौधरी तथा प्रमुख कार्यकारी अधिकृत मनोजकुमार ज्ञवालीलगायतले गरेका हुन्।

कार्यक्रममा बैंक सञ्चालक समिति सदस्य सरिता भट्ट अधिकारी, अनन्त पौड्याल, प्रबिन टिबडेवाला र अनिलकेशरी शाहलगायत नायब प्रमुख कार्यकारी अधिकृतद्वय आदर्श बजगाईं र भूपेन्द्र पाण्डेका साथै अन्य उच्चपदस्थ कर्मचारीको समेत उपस्थिति थियो। बैंकले बैंकमा कार्यरत कर्मचारी आमालाई स्तनपान गराउन सहज बनाउने उद्देश्यले नर्सिङ रुमको स्थापना गरेको जनाएको छ। नर्सिङ रुमले कर्मचारीलाई कार्यालय समयमा मर्यादित, आरामदायी र सुरक्षित रूपमा स्तनपान गराउने वातावरण बनाउने बैंकले विश्वास लिएको छ।

'यस कक्षको थालनीमार्फत हामीले हाम्रो कर्मचारीप्रतिको जिम्मेवारी पूरा गरेका हौं। यसले कर्मचारी आमाहरूलाई कार्यालयभित्र आफ्नो बच्चासँग सुरक्षित छु भन्ने महसुस गराउनेछ,' सञ्चालक समिति सदस्य भट्टले बताइन्। यस्तै, बैंक अध्यक्ष चौधरीले नर्सिङ रुम बैंकको तर्फबाट एउटा राम्रो सुरुवात भएको बताए। 'लैंगिक समानता, कर्मचारीको हित नबिल बैंकका प्रमुख मान्यताभित्र पर्छन् र आज सुरु भएको यो कक्षले



हाम्रा ती मूल्य-मान्यतालाई प्रतिबिम्बित गर्छ,' अध्यक्ष चौधरीले भने।

'हेर्दा सानो देखिए पनि यस कदमले हाम्रा कर्मचारीलाई सकारात्मक असर पार्नेछ र यो कक्ष हाललाई केन्द्रीय कार्यालयमा मात्र भए पनि आउने दिनमा अरू शाखामा पनि विस्तार गर्दै लगिनेछ,' उनले थपे। यसप्रकारका प्रयासमार्फत नबिल बैंकले आफ्ना कर्मचारीको ख्याल राख्नुका साथै सहयोग गर्ने वातावरणलाई बढाबा दिइरहेको सिइओ ज्ञवालीको भनाइ छ। बैंकले देशभर दुई सय ६८ शाखा सञ्जालसहित तीन सय १८ एटिएमबाट सेवा प्रदान गर्दै आएको छ।

२८ मोडेल र पाँच वर्षको वारेन्टीसहित सिजीका चेस्ट फ्रिज बजारमा उपलब्ध

काठमाडौं/ इलेक्ट्रोनिक्स तथा होम एप्लायन्स ब्रान्ड सिजीले नेपाली बजारमा आफ्नो चेस्ट फ्रिजरको बृहत् रेन्ज उपलब्ध गराउँदै आएको जनाएको छ। कम्पनीका एक सय १० देखि एक हजार लिटरसम्मको विशाल क्षमताका चेस्ट फ्रिजर बजारमा उपलब्ध छन्, जसमा २८ वटा उत्कृष्ट मोडेल र कम्प्रेसरमा पाँच वर्षको विशेष वारेन्टी रहेको बताइएको छ।

कम्पनीका अनुसार बढ्दो गर्मी र तापक्रममा खाद्य सामग्रीको सुरक्षा र ताजगी कायम राख्नु एउटा ठुलो चुनौती छ। यसैलाई



लक्षित गर्दै सिजीले 'सुपर फास्ट फ्रिजिङ' प्रविधिसहितका फ्रिजरहरू बजारमा ल्याएको हो। यी फ्रिजरले दुध, मासु, तरकारीलगायत वस्तुको ताजगी लामो समयसम्म जोगाइराख्न सहयोग पुऱ्याउने बताइएको छ। कम्पनीका अनुसार यसको फ्रिजरहरूमा प्रयोग गरिएको मजबुत कम्प्रेसर प्रणालीले अस्थिर भोल्टेज र प्रतिकूल मौसममा पनि निरन्तर काम गर्ने क्षमता राख्छ। साथै, विशेष इन्सुलेसन प्रविधिका कारण बिजुली आपूर्ति बन्द हुँदा पनि भित्री चिस्यान लामो समयसम्म कायम रहने बताइएको छ।

सिजीले साना व्यवसायीदेखि ठुला उद्योगसम्मलाई लक्षित गर्दै विभिन्न क्षमताका मोडेलहरू उपलब्ध गराएको जनाएको छ। थोक खरिद तथा भण्डारण सहज हुने भएकाले यसले उपभोक्तालाई आर्थिक बचतमा समेत सहयोग पुग्ने विश्वास लिइएको छ।

केटिएम हस्पिटालिटीले आइपिओ ल्याउने, धितोपत्र बोर्डमा दियो आवेदन

काठमाडौं/ केटिएम हस्पिटालिटी लिमिटेडले सर्वसाधारणका लागि प्राथमिक सेयर निष्कासन (आइपिओ) ल्याउने भएको छ। कम्पनीले आइपिओ जारी गर्न अनुमति माग्दै नेपाल धितोपत्र बोर्ड (सेबोन)मा निवेदन दिएको हो। यो चितवनको सौराहास्थित पाँचतारे लक्जरी रिसोर्ट 'रोयल टुलिप चितवन'को सञ्चालक पनि हो।

कम्पनीले एक सय रुपैयाँ अंकित दरमा १५ करोड ५० लाख रुपैयाँबराबरको कुल १५ लाख ५० हजार कित्ता आइपिओ जारी गर्नेछ। कम्पनीको सेयर निष्कासन तथा बिक्री प्रबन्धकमा आरबिबी मर्चेन्ट बैंकिङ रहेको छ। आइपिओ निष्कासनका लागि गरिएको रेटिङमा केयर रेटिङ नेपालले कम्पनीलाई 'डबल बी माइनस' रेटिङ प्रदान गरेको छ। यस रेटिङले कम्पनीको वित्तीय दायित्व पूरा गर्ने क्षमतामा मध्यमस्तरको जोखिम रहेको संकेत गर्छ। कम्पनीले चितवनको सौराहामा कुल एक अर्ब ७० करोड पाँच लाख रुपैयाँको लागतमा रिसोर्ट निर्माण सम्पन्न हुने प्रक्षेपण गरिएको छ।

केटिएम हस्पिटालिटी सुरुमा प्राइभेट लिमिटेडका रूपमा स्थापना भएको थियो। ०८१ असार २५ गते यसलाई पब्लिक लिमिटेड कम्पनीमा रूपान्तरण गरिएको हो। कम्पनीले आफ्नो परियोजनाको पुँजीगत संरचनालाई थप मजबुत बनाउन, बैंकको ऋणभार कम गर्न र सर्वसाधारणलाई समेत लगानीमा सहभागी गराउन आइपिओ जारी गर्न लागेको जनाएको छ। चितवनको राप्ती नदी र कुमरोज सामुदायिक वनको आडमा ४.१२ एकड क्षेत्रफलमा फैलिएको यस रिसोर्टमा ६५ वटा आधुनिक कोठा छन्। रिसोर्टमा रेस्टुरेन्ट, जिम, हेल्थ क्लब, स्विमिङ पुल र हेलिप्याडजस्ता सुविधा छन्।

सल्यानमा २५ करोड लागतमा खानेपानी आयोजना सुरु

सल्यान/ सल्यानको शारदा नगरपालिकाका बासिन्दालाई स्वच्छ खानेपानी पुऱ्याउने उद्देश्यसहित खैरावाङ सामुदायिक खानेपानी आयोजनाको शिलान्यास गरिएको छ। २५ करोड ४३ लाखको लागतमा शारदा नगरपालिकाका एक हजार एक सय ९९ घरधुरीलाई लक्षित गरी बिहीबार मेयर प्रकाश भण्डारीले आयोजनाको शिलान्यास गरेका हुन्। शारदा नगरपालिकाको वडा नं १, ११ र १२ का पाँच हजार चार सय जनसंख्यालाई लक्षित गरी नगरपालिकाको गौरवको आयोजनाअन्तर्गत आयोजनाको सुरुवात गरिएको मेयर भण्डारीले बताए।



०८४ भदौ ७ गतेसम्म आयोजना सक्ने गरी सम्झौता भई कार्य थालनी भएको निर्माण कम्पनी एएम कन्स्ट्रक्सनका परवीर डाँगीले जानकारी दिए। १८ महिनाभित्र योजना सम्पन्न गर्ने योजनाका साथ लागिपरेको उनको भनाइ छ। मूल्यवृद्धि तथा बालुवा-गिट्टीको अभाव नभए निर्धारित समयमै काम सम्पन्न हुने उनले प्रस्ट पारे। आयोजना सम्पन्न भएपछि स्थानीयले लामो समयदेखिको खानेपानी अभावबाट मुक्ति पाउने खैरावाङ सामुदायिक खानेपानी आयोजनाका अध्यक्ष प्रेमबहादुर वलीले बताए।

हार्दिक श्रद्धाञ्जली



जन्म
बि.स. २०५३/०१/१७

स्वर्गारोहण
बि.स. २०८३/०१/०५

स्व. दिनेश सुवेदी

अनलाइन सेक्युरिटिज लिमिटेडका कर्तव्यनिष्ठ कर्मचारी
दिनेश सुवेदीको
मिति २०८३/०१/०९ मा भएको असामयिक निधनप्रति गाहिरो दुःख व्यक्त गर्दछौं। उहाँको १३औं दिनको पुण्य तिथिमा शोकसन्तप्त परिवारजनमा गाहिरो समवेदना प्रकट गर्दछौं। यस दुःखको घडीमा भगवान पशुपतिनाथले धैर्य धारण गर्न सक्ने क्षमता प्रदान गरुन्।

अनलाइन सेक्युरिटिज परिवार
Online Securities Limited
Licenced by Securities Board of Nepal
Broker No. 49

का.नि.द.नं.१२८/०६३/६४, म.से.हु.नि.द.न. १७/०६९/०७०

नयाँ पत्रिका

स्टार्ककको कीर्तिमान बराबरी गर्न सन्दीपलाई आठ विकेट आवश्यक

श्रीलोचन राजोपाध्याय/नयाँ पत्रिका

नेपालका लेग स्पिनर सन्दीप लामिछाने शुक्रबार आइसिसी विश्वकप क्रिकेट लिग २ मा सय विकेट लिने पहिलो बलर बनेका छन्। सन्दीपले विश्वकप लिग २ मा समग्रमा ४७ इनिङ्समा सय विकेट पूरा गरेका हुन्। पहिलो सिजनमा उनले ३१ मध्ये ३० इनिङ्समा ७२ तथा चालू सिजनमा उनले १८ मध्ये १७ इनिङ्समा ३० विकेट हात पारेका छन्। अहिले एकदिवसीय खेलमा सन्दीप अर्को रेकर्डनजिक छन्।

एकदिवसीय इतिहासमा सबैभन्दा कम खेलमा १५० विकेट लिने विश्व कीर्तिमान अस्ट्रेलियन फास्ट बलर मिचेल स्टार्कको नाममा रहेको छ। उनले ७७ एकदिवसीय खेलमा १५० विकेट लिएका थिए। स्टार्कलाई सन्दीपले पछ्याइरहेका छन्। उनको नाममा रहेको विश्व कीर्तिमान बराबरी गर्न सन्दीपलाई आठ विकेट आवश्यक छ। सन्दीपले अहिलेसम्म ६९ एकदिवसीय खेलमा ६७ इनिङ्समा बलिङ गरी १४२ विकेट लिएका छन्। स्टार्कले भन्दा कम खेलमा सन्दीपले १५० विकेट संख्या बराबरी गर्दा पनि एकदिवसीय खेलमा यो उपलब्धि हात पार्ने विश्वकै पहिलो बलर हुनेछन्।

एकदिवसीय खेलमा स्टार्कपछि कम खेलमा १५० विकेट लिने बलर पाकिस्तानका सक्लिन मुस्ताक हुन्। उनले ७८ खेलमा १५० विकेट लिएका थिए। यसैगरी, अफगानिस्तानका रसिद खानले ८० तथा भारतका मोहमद सामीले ८० खेलमै १५० विकेट लिएका थिए। विश्व क्रिकेटका नाम चलेका फास्ट बलर न्युजिल्यान्डका ट्रेन्ट बोल्टले ८२ तथा अस्ट्रेलियाका ब्रेट लीले ८४ खेलमा १५० विकेट हात पारेका छन्।



कम खेलमा १५० विकेट लिने बलर

खेलाडी	राष्ट्र	खेल
मिचेल स्टार्क	अस्ट्रेलिया	७७
सक्लिन मुस्ताक	पाकिस्तान	७८
रसिद खान	अफगानिस्तान	८०
मोहमद सामी	भारत	८०
ट्रेन्ट बोल्ट	न्युजिल्यान्ड	८१
ब्रेट ली	अस्ट्रेलिया	८२
अजन्था मेन्डिस	श्रीलंका	८४
म्याट हेनरी	न्युजिल्यान्ड	८५
कुलदीप यादव	भारत	८८
एलान डोनाल्ड	द.अफ्रिका	८९

सन्दीपसमक्ष घरेलु मैदानमै यो कीर्तिमान बनाउने अवसर जुरेको छ। विश्वकप लिग २ अन्तर्गत मंगलबार नेपालले ओमानसँग प्रतिस्पर्धा गर्नेछ। अहिले चलिरहेको सिरिजमा नेपालको अन्तिम खेल नै ओमानसँग हो। यसको केही दिनपछि नै नेपालले अर्को विश्वकप क्रिकेट लिग २ खेल खेल्नेछन्। जहाँ नेपालले चार खेल खेल्नेछन्। यी चार खेलमा सन्दीपले स्टार्क कीर्तिमान तोड्ने अवसर पाउने छन्।

सन्दीपले अहिले युएई र ओमानसम्मलित विश्वकप लिग २ मा सात विकेट लिइसकेका छन्। ओमानसँगको खेलमा उनी आफ्नो विकेट संख्या थप्न सक्छन्। उनले शुक्रबार युएईलाई डकवर्थ लेविस नियम अनुसार ६ रनले पराजित गरेको खेलमा ३ विकेट लिएका थिए। यसअघि ओमान र युएईविरुद्ध उनले समान दुई विकेट हात पारेका थिए।

१०० विकेटमा सन्दीपकै विश्व कीर्तिमान

एकदिवसीय खेलको इतिहासमा सन्दीपले कम खेलमा सय विकेट लिने विश्व कीर्तिमान आफ्नो नाममा राखेका छन्। उनले यो उपलब्धि केवल ४२ खेलमा हात पारेका थिए। २१ अप्रिल २०२३ को सिजनमा उनले कीर्तिपुर मैदानमै ओमानविरुद्ध विकेट लिँदै एकदिवसीय फर्म्याटमा कम खेलमा सय विकेटको रेकर्ड बनाएका थिए। उनले अफगानिस्तानका विश्व प्रसिद्ध लेग स्पिनर रसिद खानको रेकर्ड भंग गरेका थिए। रसिदले ४४ खेलमा सय विकेटको रेकर्ड बनाएका थिए। रसिदले २५ मार्च २०१८ मा वेस्ट इन्डिजविरुद्धको खेलमा रेकर्ड बनाएका थिए।

> अस्ट्रेलियन फास्ट बलर मिचेल स्टार्कले एकदिवसीय फर्म्याटमा ७७ खेलमा १५० विकेट लिँदै विश्व कीर्तिमान राखेका छन्। नेपालका सन्दीप लामिछानेले ६९ खेलमा १४२ विकेट लिइसकेका छन्।

सन्दीपले रसिदको रेकर्ड पाँच वर्षपछि तोड्न सफल भए। ओमानका विलाल खानले ४९ खेलमा सय विकेट पूरा गरे। ५० विकेटको विश्व कीर्तिमान भने श्रीलंकाली बलर अजन्था मेन्डिसको नाममा छ। उनले १९ खेलमा ५० विकेट हात पारेका थिए। यो विधामा नेपालका सन्दीप दोस्रो स्थानमा छन्। सन्दीपले २२ एकदिवसीय खेलमा ५० विकेट हात पारेका थिए। सन् २६ मार्च २०२२ मा उनले पपुवा न्युगिनीविरुद्ध विकेट लिँदै एकदिवसीय खेलमा ५० विकेटको संख्या पार गरेका थिए। संयोग कस्तो छ भने सन्दीपले धौरजसो क्रिकेटमा बनाएका रकेर्ड कीर्तिपुर मैदानमै रह्यो।

तीनपटक ६ विकेटको प्रदर्शन

नेपालका लागि एकदिवसीय खेलमा स्ट्राइक बलरका रूपमा रहेका सन्दीपले दुईपटक ६ विकेट लिएका छन्। एकदिवसीय खेलमा यस्तो उपलब्धि दुलर्भ नै मानिन्छ। सन् २०२० मा उनले अमेरिकाविरुद्ध १६ रन खर्चेर ६ विकेट हात पारेका थिए। यसैगरी, २०२१ मा उनले पपुवा न्युगिनीविरुद्ध केवल ११ रन खर्चेर ६ विकेट लिन सफल भए। यसैगरी, उनले अमेरिकासँगको एक खेलमा २४ रन दिएर ६ विकेट लिएका थिए। उनले आफ्नो करिअरमा दुई पटक पाँच विकेट लिएका छन्। सन् २०२३ मा उनले ओमानसँगको खेलमा १३ रन दिएर पाँच विकेट लिन सफल भए। सन् २०२३ मै उनले आयरल्यान्डसँगको प्रतिस्पर्धामा ७९ रन दिएर पाँच विकेट हात पारेका थिए।

४.४१ को इकोनोमीमा बलिङ

अगस्ट १, २०१८ मा नेपालले नेदरल्यान्ड्सविरुद्ध एकदिवसीय डेब्यु गरेको थियो। त्यसयता सन्दीप नेपाली टोलीका नियमित खेलाडी हुन्। उनले अहिलेसम्म यस फर्म्याटमा तीन हजार सात सय ७० बल फ्याँक्दा दुई हजार सात सय ७६ रन खर्चेका छन्। उनको इकोनोमी रनरेट ४.४१ रहेको छ। यसैगरी, बलिङमा सन्दीपको स्ट्राइक रेट २६.५ रहेको छ। उनको बलिङ औसत १९.५४ छ। सन्दीपले करिअरमा तीनपटक पाँच विकेटमाथि र आठपटक चार विकेटको प्रदर्शन गरेका छन्।

■ दसौँ प्रधानमन्त्री कप महिला र पुरुष भलिबल

पुलिस सर्वाधिक चौथोपटक च्याम्पियन



> प्रधानमन्त्री कपको महिलातर्फको उपाधि रक्षा गर्ने क्रममा नेपाल पुलिसले न्यु डायमन्डलाई ३-१ ले निराश बनायो

नयाँ पत्रिका

विभागिय टोली नेपाल पुलिस क्लबले शनिबार दशौँ प्रधानमन्त्री कप लिगको महिलातर्फको उपाधि जितेको छ। समग्रमा नेपाल पुलिसले प्रधानमन्त्री कप चौथोपटक हात पारेको हो। लिग चरणमा अपराजित रहेको न्यु डायमन्ड युथ स्पोर्ट्स क्लबलाई ३-१ ले हराउँदै पुलिसले उपाधि रक्षा गरेको हो। पुलिस सर्वाधिक चारपटक ट्रफी चुम्ने टोली बनेको छ। जितसँगै पुलिस लगातार तेस्रोपटक काभा क्लब च्याम्पियन्सिपका छनोट भयो। उपाधिसँगै १० लाख रुपैयाँ र उपविजेता न्यु डायमन्डले पाँच लाख हात पारेका छन्। महिलातर्फ ६ टोलीले भाग लिएका थिए।

राष्ट्रिय खेलकुद परिषद्को कभर्डहलमा भएको महिलातर्फको उपाधि भिडन्तमा अपराजित रहेको न्यु डायमन्डले पुलिसलाई दबाबमा राख्ने अनुमान थियो। तर, प्रधानमन्त्री कपको फाइनल खेलको अनुभवी पुलिसले मानसिक रूपमा खेल्दै न्यु डायमन्डमाथि उल्टै दबाब राख्यो। सुरुवातदेखि पछि परेको न्यु डायमन्डले अन्तिमसम्म अंकका लागि संघर्ष गरेको थियो। पुलिसले पहिलो सेटमा न्यु डायमन्डलाई २५-२१ ले हरायो।

पहिलो सेटको तुलनामा दोस्रो सेटमा न्यु डायमन्डले पुलिसलाई अंक दिएन। सुरुदेखिको अग्रता रक्षा गर्दै न्यु डायमन्डले दोस्रो सेट २५-१७ ले जित्यो। जितसँगै न्यु डायमन्डले सेट १-१ को बराबरी गर्दै पुलिसलाई चुनौती दियो। न्यु डायमन्डले लगातार आठ अंक जोड्दै सेटमाथि कब्जा जमाएको थियो। तेस्रो सेटमा न्यु डायमन्ड र पुलिसबिच कडा प्रतिस्पर्धा भयो। एक समय दुवै टोलीका खेलाडी अंक गुमाउन चाहेका थिएनन्। उनीहरू बराबरीमा प्रतिस्पर्धा गरिरहेका थिए। तर, पुलिसले न्यु डायमन्डको सामान्य गल्तीमा दुई महत्त्वपूर्ण अंक जोड्दै तेस्रो सेट २५-२३ ले जित्दै २-१ को अग्रता लियो।

चौथो सेटमा चुक्यो न्यु डायमन्ड

न्यु डायमन्डलाई उपाधिको आशा कायम राख्न चौथो सेट अनिवार्य रूपमा जित्नुपर्ने थियो। यो सेट गुमाउँदा न्यु डायमन्डको च्याम्पियन हुने आशा समाप्त हुने थियो। यसका कारण न्यु डायमन्डलाई चौथो सेट गर या मरको स्थितिमा थियो। तर, पुलिसले न्यु डायमन्डलाई चौथो सेटमा खुलेर प्रतिस्पर्धा गर्न दिएन। यद्यपि, पुलिसमाथि न्यु डायमन्डले दबाब नबनाएको भने होइन। तर, अन्तिम क्षणमा न्यु डायमन्डको गल्तीमा पुलिसले २५-१९ ले जित्दै ट्रफी उचाल्यो। न्यु डायमन्डसँग लिग चरणमा भोगेको हारको बदला लियो। आजै पुरुषतर्फ टिपटप हेल्प नेपाल स्पोर्टस् क्लब र रुकुम पश्चिम भलिबल क्लबबिच उपाधिका लागि प्रतिस्पर्धा हुनेछ।

रुकुम पश्चिम पहिलोपटक च्याम्पियन

प्रतियोगिताको पुरुषतर्फ भने रुकुम पश्चिम भलिबल क्लब पहिलोपटक विजेता बनेको छ। पश्चिम रुकुमले उत्कृष्ट फर्ममा खेलिरहेको हेल्प नेपाललाई फाइनलमा एकपक्षीय रूपमा ३-० को सोझो सेटमा हराउँदै उपाधि हात पारेको हो। पुरुषतर्फको प्रधानमन्त्री कपमाथि हेल्प नेपालले सर्वाधिक पाँचपटक जितेको छ। त्रिभुवन आर्मी क्लब र नेपाल पुलिस क्लबले सामान दुईपटक उपाधि जितेका छन्। पुरुषतर्फको फाइनलमा रुकुम पश्चिमले हेल्प नेपाललाई २९-२७,२५-२१ र३२-३० ले हराएको थियो। यसअघि लिग चरणमा हेल्प नेपालले रुकुम पश्चिमलाई ३-० को सेटमा निराश बनाएको थियो।

चित्लाङसँग एपिएफ स्तब्ध

मकवानपुर/ चित्लाङ एफसीले आठौँ बागमती गोल्डकप फुटबल प्रतियोगिताको क्वार्टरपाइनल स्थान पक्का गरेको छ। चित्लाङले शनिबार बागमती- ४ स्थित सहिद स्मृति रंगशालामा भएको खेलमा नेपाल एपिएफलाई २-१ ले हराउँदै अन्तिम चार स्थान पक्का गरेको हो। चित्लाङका लागि विदेशी खेलाडी सोलोमन किडले खेलको ११औँ मिनेटमा पेनाल्टीमा गोल गरेका थिए। खेलको ६०औँ मिनेटमा एरोन थापाले चित्लाङलाई दोस्रो गोलको अग्रता दिखाए। यसअघि खेलको ४७औँ मिनेटमा एपिएफका बुद्धिमान राईले १-१ को बराबरी गोल फर्काए। एपिएफका लागि प्रदीप लामाले अन्तिम मिनेटमा पेनाल्टीमा गोल गर्न सकेनन। एरोनको गोल नै चित्लाङलाई सेमिफाइनलमा पुऱ्यायो। चित्लाङले अब मच्छिन्द्र फुटबल क्लबसँग क्वार्टरफाइनल प्रवेशका लागि मंगलबार खेल्नेछ। मच्छिन्द्रले समूह 'बी'बाट सिधै बाई पाएको हो। मच्छिन्द्र बागमती गोल्डकपको छैटौँ संस्करणको विजेता र सातौँ संस्करणको उपविजेता टोलीसमेत हो।



प्रतियोगितामा आइतबार साबिक विजेता चर्च ब्वाइजले सर्लाहीको बागमती युथको सामना गर्नेछ। २६ वैशाखसम्म चल्ने गोल्डकपको विजेताले १० लाख र उपविजेताले पाँच लाख रुपैयाँ पाउनेछन्। प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीले एक लाख रुपैयाँ हात पार्नेछ। विधागत उत्कृष्टले समान २५ हजार रुपैयाँ प्राप्त गर्नेछन्।

■ पोखरा महिला गोल्डकप

संकटालाई हराउँदै आर्मी फाइनलमा

कास्की/ त्रिभुवन आर्मी क्लबले महिला गोल्डकप फुटबल प्रतियोगिताको फाइनल स्थान पक्का गरेको छ। आरएस पोखरा फुटबल क्लबको आयोजनामा चलिरहेको गोल्डकपअन्तर्गत शनिबार संकटा क्लबलाई ४-२ गोलअन्तरले हराउँदै आर्मी अन्तिम दुईमा पुगेको हो। अब आर्मीले उपाधिका लागि नेपाल पुलिसको सामना गर्नेछ। नेपाल पुलिसले पोखरा फुटबल क्लबलाई ८-० गोलले हराउँदै अन्तिम दुई स्थान पक्का गरेको थियो। प्रतियोगिताको फाइनल आइतबार हुनेछ।

पोखरा रंगशालास्थित फुटबल मैदानमा पहिलो हाफमा १-० को अग्रता लिएको आर्मीले दोस्रो हाफमा थप तीन गोल गऱ्यो। आर्मीको जितमा चन्द्रा भण्डारीले दुई गोल गरेकी थिइन्। आर्मीका लागि दिपा शाही र हिमा चौधरीले समान एक गोल गरे। संकटाका दुई विदेशी खेलाडी क्विनबेल ए अमनाराह र लिसिया एल जे मोकाम्बिकले गोल फर्काएका थिए। प्रतिस्पर्धात्मक बनेको खेलको पहिलो हाफको इन्जुरी समयमा आर्मीकी दिपाले १-० को अग्रता



दिलाइन्। तुलसा बोहोराको पासमा उनले सहज गोल गरिन्। दोस्रो हाफको सुरुवातमै आर्मीले अग्रता दोब्बर पाऱ्यो। खेलको ४७औँ मिनेटमा संकटाकी गोलरक्षक सुशीला चौधरीले डिफेन्स लाइनबाट आएको बललाई लडसट खेल्न खोज्दा आर्मीकी चन्द्राले गोल गरिन्। उनले ५५औँ मिनेटमा व्यक्तिगत दोस्रो गोल गर्दै आर्मीलाई ३-० को बलियो स्थितिमा राखिन्। खेलको ७०औँ मिनेटमा क्विनवेलले उत्कृष्ट गोल गर्दै संकटालाई ३-१ को गोलअन्तरमा पुऱ्याइन्। खेलको ७२ औँ मिनेटमा संकटाले फ्रिकिकमा गोल गर्दै खेल ३-२ को स्थितिमा पुऱ्याएको थियो।

विजेताले पाँच लाख पाउने

लिसिया मोकाम्बिकले प्रहार गरेको फ्रिकिक आर्मीकी गोलरक्षक कोपिला खड्काले समात्ने प्रयास गरेकी थिइन्। तर, उनले बल नियन्त्रणमा लिन सकिनन्। खेलमा आठ मिनेटको अन्तिम इजुरी समय थप भयो।

आर्मीकी हिमा चौधरीले गोल गर्दै टोलीलाई फाइनलमा पुऱ्याइन्। प्रतियोगिताको विजेताले पाँच लाख रुपैयाँ प्राप्त गर्नेछ। उपविजेताले तीन लाख रुपैयाँ प्राप्त गर्ने आयोजक आर एस पोखरा फुटबल क्लबले जनाएको छ। उत्कृष्ट खेलाडीले ३० हजार, उत्कृष्ट गोलरक्षक र सर्वाधिक गोलकर्तालेसमान १५ हजार रूपैयाँ पाउने छन्। अनुशासित टोलीले २५ हजार रुपैयाँ जित्नेछ। गण्डकी प्रदेशकै इतिहासमा पहिलोपटक पोखरामा महिला गोल्डकपको आयोजना गरिएको आयोजकको हो। प्रतियोगितामा कुल चार टिमको सहभागिता रहेको थियो।

खेल संक्षेप

प्रदीप र सिभाली च्याम्पियन

काठमाडौं/ प्रदीप खड्का र सिभाली गुरुङ १२औँ सिटिजन्स बैंक खुला टेनिस प्रतियोगितामा शनिबार च्याम्पियन बनेका छन्। पुरुष एकलमा प्रदीप र महिलामा सिभाली पहिलो भएका हुन्। दुवैले पहिलो सेटमा पछि परेको स्थितिलाई उल्ट्याउँदै उपाधि जित्न सफल भएका हुन्। राष्ट्रिय खेलकुद परिषद्को कोर्टमा भएको पुरुष फाइनलमा प्रदीपले प्रणव मानन्धरलाई २-६, ६-३ र ६-४ को सेटमा पराजित गरे।

महिला एकलको उपाधि भिडन्तमा सिभालीले स्वस्तिका विष्टलाई ३-६, ६-३ र ६-१ को सेटमा हराइन्। पुरुष डबल्समा प्रणव खनाल र आयुषमान हजुर घलेको जोडी पहिलो भए। ३५ वर्षमाथि पुरुष एकलमा सन्तोष खत्री र ३५ वर्षमाथि पुरुष डबल्समा जितेन्द्र परियार र छेवाङ लामाको जोडी शीर्ष स्थानमा रहे। ४५ वर्षमाथि पुरुष एकलमा देव क्षेत्रीले उपाधि हात पारे। यसैगरी, ५५ वर्षमाथि पुरुष एकलमा विमलकुमार गुरुङ पहिलो भए। ५५ वर्षमाथि पुरुष डबल्समा चन्द्र शाही र सोभितमान श्रेष्ठको जोडीले उपाधि हात पारे। ६५ वर्षमाथि पुरुष एकलमा कमल थापा च्याम्पियन बनेका छन्। विभिन्न १२ स्पर्धामा १ सय ५४ खेलाडीले प्रतिस्पर्धा गरेका थिए।

संयोग र नविता पहिलो स्थानमा

काठमाडौं/ संयोग कपाली र नविता श्रेष्ठ दोस्रो पुष्पराज स्मृति राष्ट्रिय खुला टेबलटेनिस प्रतियोगिताको एकल स्पर्धामा च्याम्पियन बनेका छन्। संयोग पुरुष तथा नविता महिलामा च्याम्पियन बनेका हुन्। प्रतियोगिताको शनिबार भएको पुरुष फाइनलमा संयोगले एभिएमका रुविन महर्जनलाई ३-२ को सेटमा हराए। महिला एकलमा नौपटककी राष्ट्रिय च्याम्पियन नविताले एभिएमकी इभाना थापालाई ३-२ ले हराइन्। भेट्रान ४० वर्षमाथि पुरुष एकलमा काठमाडौं महानगरपालिका वडा २५ का महेश श्रेष्ठ पहिलो भए। ५० वर्षमाथि पुरुष एकलमा एभिएमका जय महर्जनले फाइनलमा नक्सालका रक्त मानन्धरलाई हराए।

तेक्वान्दोमा खड्कालाई स्वर्ण

काठमाडौं/ नवौं मलेसिया ओपन अन्तर्राष्ट्रिय तेक्वान्दो च्याम्पियनसिपमा नेपालका गणेशबहादुर खड्काले स्वर्ण जितेका छन्। मलेसियाको क्वालालम्पुरमा शनिबार भएको च्याम्पियनसिपमा फाइनलमा खड्काले स्वर्ण जितेको टोली प्रमुख दिवाकर केसीले जानकारी दिएका छन्। गणेशले गत साता जापानमा भएको वाता ओपन तेक्वान्दो च्याम्पियनसिपमा पनि स्वर्ण पदक जितेका थिए। उनले एक साताको अन्तरमा पहिलोपटक दुई अन्तर्राष्ट्रिय तेक्वान्दो प्रतियोगिताको स्वर्ण जितेको प्रशिक्षक केसीले जनाए। मलेसिया ओपनमा नेपालले थप तीन कांस्य पदक पनि जितेका छन्। सन्दीप न्यौपाने, मोहमद उमर खान र सरोज भुजेलले पनि आ-आफ्ना समूहमा कांस्य जितेका हुन्।

बाल व्यवसायी र मनास्लु क्वार्टरफाइनलमा

काठमाडौं/ बाल व्यवसायी केन्द्र मावि र साबिक विजेता मनास्लु चौथो वडाध्यक्ष कप अन्तर्विद्यालय छात्र फुटबल प्रतियोगितामा शनिबार क्वार्टरफाइनलमा प्रवेश गरेका छन्। बाल व्यवसायीले अञ्जलीलाई ३-० ले पराजित गऱ्यो। बाल व्यवसायीका विपिन कार्की, अर्जुन खडायत र आशिष धारले समान एक गोल गरे। मनास्लुले न्युटन चिल्ड्रेन एकेडेमीलाई ७-१ को फराकिलो गोलअन्तरले हरायो। मनास्लुका विमल तामाङ र संगम तामाङले समान दुई गोल गरे। काठमाडौं महानगरपालिका वडा ७ को आयोजनामा भइरहेको प्रतियोगितामा हेरिटेजले हिलारी 'ए'लाई ४-० गोलले पाखा लगायो। हेरिटेजका लक्की तामाङले दुई गोल गरेका थिए। खेलमा बाल व्यवसायीका आशिष धार, मनास्लुका विमल तामाङ र हेरिटेजका लक्की तामाङ 'म्यान अफ दी म्याच' घोषित भए।

१९औँ आइपिएलमा धेरै क्याच मिस

एजेन्सी

१९औँ इन्डियन प्रिमियर लिग (आइपिएल)मा नयाँ तथ्यांक सार्वजनिक भएको छ। भारतीय मिडियाहरूले सार्वजनिक गरेको तथ्यांकअनुसार चालू आइपिएलमा १०० मध्ये २० प्रतिशत क्याच प्रत्येक खेलमा मिस भइरहेका छन्। यसपटकको आइपिएलमा नौ खेलाडीले शतकीय इनिङ्स खेलेका छन्। जसमध्ये पाँच खेलाडी भाग्यमानी ठहरिएका छन्। उनीहरूले आफ्नो शतकीय इनिङ्स खेलेको स्पर्धामा एकपटक जीवनदान पाएका थिए। यसको अर्थ ती ब्याट्सम्यानका क्याच मिस भएका थिए। यसमा लोकेश राहुल, विराट कोहली, वैभव सूर्यवंशी, प्रभसिमरन तथा अभिषेक शर्मा रहे। जीवनदान पाएको खेलमा उनीहरूले शतकीय इनिङ्स खेलेका थिए।

अहिलेसम्म आइपिएलमा ४४ खेल सकिएका छन्। ती प्रत्येक खेलमा एक क्याच मिस भइहेको भारतीय मिडियाको भनाइ छ। सन् २०१८ को तुलनामा योपटकको आइपिएलमा ८०.२५ प्रतिसत खेलाडीहरूले विपक्षी ब्याट्सम्यानका क्याच लिएका छन्। सन् २०१८ मा समग्र आइपिएलमा ७५.८९ प्रतिसत खेलाडीले क्याच लिएका थिए। उनीहरूले खेलमा २५ प्रतिशत क्याच लिन सकेनन्।

अर्को रमाइलो पक्ष के छ भने एक ब्याट्सम्यानले जीवनदान पाएको खेलमा उसले थप ४० रन बनाएको देखिन्छन्। तर, उनी आबद्ध टोली ७८ प्रतिशत खेलमा पराजित भएको छ। चालू आइपिएलको सुरुवाती १८ मध्ये १४ इनिङ्समा क्याच नलिएको टोलीले जित हात पारेको थियो। यो पालि आइपिएलमा सहभागी खेलाडीहरूले फिल्डिङस्तरीय गर्न सकेका छैनन्।

गत सिजनभन्दा यसपटक कमजोर फिल्डिङ भएको देखिन्छ। जीवन दान पाउँदा ती ब्याट्सम्यानले कम्तीमा १७ रन थप्ने गरेका छन्। दिल्ली क्यापिटल्सले पाँचमध्ये तीन खेलमा पराजित हुँदा फिल्डिङकै समस्या देखिएको थियो। जुन खेलमा दिल्लीका खेलाडीले क्याच मिस गरेका थिए। सो खेल दिल्लीले गुमाएको थियो। दिल्लीसँगको खेलमा जीवनदान पाएका सञ्जु सामसन (११५) र अभिषेक शर्मा (१३५) रन जोडेका थिए। जुन खेल दिल्लीले हारेको थियो।

जीवनदानमा कोहलीको उत्कृष्ट प्रदर्शन

आइपिएलअन्तर्गत गुजरात टाइटन्स र रोयल्स च्यालेन्जर्स बेंग्लोरबिचको खेलमा यस्तै भयो। बेंग्लोरका विराट कोहली शून्य रनमा रहँदा गुजरातका वासिङटन सुन्दरले सहज क्याच मिस गरेका थिए। एक जीवनदानको मौका उठाउँदै कोहलीले ४४ बलमा ८१ रनको आक्रामक इनिङ्स खेले। यस खेलमा बेंग्लोरले एकपक्षीय जित निकाल्यो। खेलमा कोहली नै म्यान अफ दी म्याच भए।

यसैगरी, पन्जाब किंग्सका शशांक सिंहले लोकेश राहुलको क्याच लिन सकेनन्। यस खेलमा राहुलले आइपिएलमा अहिलेसम्मकै उत्कृष्ट इनिङ्सका रूपमा १५२ रन बनाए। उनले यो केवल ६७ बलमा प्राप्त गरेका थिए। पन्जाब र दिल्लीबिचको खेलमा क्याचकै कारण खेलस्वरूप नै परिवर्तन भएको थियो। दिल्लीले पन्जाबलाई जितका लागि २६५ रनको विशाल लक्ष्य दिएको थियो। सो खेलमा पन्जाबका प्रभासिमरन सिंह र श्रयश ऐयरले समान एक क्याच मिसको फाइदा लिए। प्रभासिमरन ६ रन तथा

> चालू आइपिएलमा लोकेश राहुल, विराट कोहली, वैभव सूर्यवंशी, प्रभसिमरन तथा अभिषेक शर्माले जीवनदान पाएको खेलमा शतकीय इनिङ्स खेलेका थिए

श्रयश २८ रनमा खेलिरहँदा दिल्लीका खेलाडीले क्याच छुट्याएका थिए। खेलमा उनीहरूले आक्रामक रूपमा ब्याटिङ गर्दै आइपिएलको इतिहासमा २६५ रनको ठुलो योगफल पन्जाबले पछ्याएको थियो।

एकै दिन १६ क्याच मिस

२५ अप्रिलको दिनलाई आइपिएलकै खराब रुपमा लिएको छ। यस दिनमा एक नभएर १६ क्याच मिस भएका थिए। समग्रमा ९८६ रन बनेको थियो। गत शनिबार दुई खेल हुँदा यस्तो खराब रेकर्ड बनेको थियो। आइपिएलको इतिहासमा एकै दिन धेरै क्याच मिस र सर्वाधिक रन यसै दिन बनेको थियो। पन्जाबले दिल्लीविरुद्ध २६५ रन जोडेको थियो। सनराइजर्स हैदराबादले राजस्थान रोयल्सविरुद्ध २२९ रन पछ्याएको थियो।



नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com